# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **भानु पुस्तकालयले नेपाली भाषा–साहित्यमा पुऱ्याएको योगदान** रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि यो शोधपत्र प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

आदिकवि भानुभक्तको जन्मस्थलमा स्थापना भएको भानु पुस्तकालय पश्चिम नेपालको गण्डकी अञ्चल तनहुँ जिल्लाको भानु गाउँ विकास समितिको चुँदी रम्घामा रहेको छ । नेपालको मानचित्रमा मध्यभागमा पर्ने रमणीय जिल्ला तनहुँको उत्तर पूर्वमा चुँदी रम्घा रहेको छ । विस्तृत र उर्वर फाँटका कारण प्राचीनकालदेखि नै चुँदी रम्घा सभ्यता र संस्कृतिको केन्द्रविन्दुको रूपमा रहेको पाइन्छ । शिक्षा र ज्ञानको दृष्टिकोणबाट अग्रस्थानमा रहेको चुँदी तनहुँको मात्र नभई त्यस वरिपरि रहेका जिल्लाहरू गोरखा, लमजुङ्ग, स्याङ्जा, पाल्पा र कास्कीको पनि शैक्षिक केन्द्रविन्दु हो । चुँदीमा भानु संस्कृत विद्यापीठ, भानु माध्यमिक विद्यालय रहेका छन् भने भानुभक्तको नामसँग जोडिएर तनहुँमा विभिन्न शैक्षिक संस्थाहरू पनि स्थापना भएका छन् ।

नेपालमा प्रजातन्त्रको आगमन भएपछिको खुला र स्वच्छ वातावरणमा भानुभक्त आचार्यको स्मरणमा तनहुँको चुँदी रम्घामा स्थानीय व्यक्तिहरूको प्रयासमा भानु पुस्तकालयको स्थापना वि.सं. २००८ मा भएको हो । भानुभक्तका कृतिहरूको संरक्षण गर्ने, अप्राप्य कृतिहरूको खोज तथा अनुसन्धान गर्ने , ग्रामीण जनतालाई विभिन्न पत्रपत्रिका तथा पुस्तकबाट ज्ञान प्रदान गर्ने, साथै विभिन्न भाषाका पुस्तक र हस्तलिखित दुष्प्राप्य ग्रन्थहरूको सङ्कलन गर्ने र आदिकवि भानुभक्तको प्रतिमा स्थापना गर्नेजस्ता मुख्य

उद्देश्यहरू लिएर यो पुस्तकालयको स्थापना गरिएको थियो । चुँदी रम्घा  जन्मभूमि भई देशका महत्त्वपूर्ण स्थानमा क्रियाशील शिक्षाप्रेमी तथा मूर्धन्य विद्वानहरूको विशेष चासो र स्थानीय जनताको सहभागितामा आदिकवि भानुभक्तको जन्मस्थलमा यसको स्थापना भएको थियो ।  चुँदी रम्घामा स्थापना भएको भानु पुस्तकालयलाई सहयोग पुऱ्याउन वि.सं.२००८ मा नै काठमाडौंमा भानु पुस्तकालय सहयोग गठन गरिएको थियो भने केही समयपछिमात्र चुँदी रम्घामा नै भानु पुस्तकालय सञ्चालक समिति गठन गरिएको थियो ।

भानु जन्मस्थलमा स्थापना भएको यस पुस्तकालयले नेपाली साहित्यका विभिन्न विधाका र अन्य भाषाका पुस्तकहरू  सङ्कलन गरी पाठकसामु पुऱ्याएको छ । साहित्यिक पत्रिका **चुँदी रम्घा**को प्रकाशन गरी नेपाली साहित्यको विकास तथा विस्तारमा योगदान पुऱ्याएको छ भने स्थानीय तथा राष्ट्रिय स्तरका सर्जकहरूलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरेको छ । भानु पुस्तकालय समितिका साथै अन्य रम्घालीहरूको सक्रियतामा चुँदी रम्घामा नाटकहरू प्रदर्शन गर्ने परम्परा विकास भएको पाइन्छ । त्यसै गरी चुँदी रम्घामा भानु प्रतिमा स्थापना भयो भने भानु सङ्ग्रहालयको पनि स्थापना हुन पुग्यो । पुस्तकालय समिति समेतको सक्रियतामा भानु जन्मस्थलको विकासका लागि भानु जन्मस्थल विकास समिति गठन गरी संस्थागत गर्ने र भानुभक्तको स्मरणमा भानु जयन्ती नियमित रूपमा मनाउने गरेको पाइन्छ । प्रस्तुत शोधपत्र भानु पुस्तकालयका साहित्यिक गतिविधिहरूले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

## १.४ समस्याकथन

नेपाली भाषा र साहित्यको विकास र उत्थानका लागि स्थापना भएका विभिन्न पुस्तकालयहरूमध्ये भानु पुस्तकालय पनि एक हो । यसले पुस्तकालय र वाचनालय सञ्चालन गरी  स्थानीय जनताको चेतना अभिवृद्धिका निम्ति कार्य गरेको देखिन्छ भने सहायक संस्थाहरू निर्माण गरी चुँदी रम्घामा नाटक मञ्चनको परम्परा र भानु स्मारक निर्माण, भानु जयन्ती मनाउने परम्परा पनि विकसित गर्दै लगेको देखिन्छ  साथै आदिकवि भानुभक्तलाई केन्द्र बनाई नेपाली भाषा, साहित्य र संस्कृतिको संवर्द्धनका निम्ति यसले योगदान पुऱ्याएको देखिन्छ । भानु पुस्तकालयका यी सबै पक्षको वस्तुगत अभिलेख तयार

गरी यसले नेपाली भाषा तथा साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कनका निम्ति प्रस्तुत शोधपत्रमा निम्न शोध समस्या निर्धारण गरिएको छ :

क) नेपालमा पुस्तकालयको इतिहास कस्तो पाइन्छ ?

ख) भानु पुस्तकालयको स्थापना, विकास प्रक्रिया र कार्यक्षेत्र कस्तो छ ?

ग) भानु पुस्तकालयका सहयोगी संस्था र तिनका प्रमुख कार्य के के हुन् ?

घ) भानु पुस्तकालयले नेपाली भाषा-साहित्यमा पुऱ्याएको योगदान कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा समस्याकथनसँग सम्बन्धित उद्देश्यहरू यस प्रकार छन् :

क) नेपालको पुस्तकालयको इतिहास स्पष्ट्याउने,

ख) भानु पुस्तकालयको स्थापना, विकास प्रक्रिया र कार्यक्षेत्र स्पष्ट्याउने,

ग) भानु पुस्तकालयका सहयोगी संस्था पहिचान गरी तिनका कार्य स्पष्ट्याउने,

घ) भानु पुस्तकालयले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको विवेचना गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

भानु पुस्तकालयले वि.सं. २००८ मा स्थापना भएदेखि नै नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ र यसको योगदानका बारेमा पनि सोही समयदेखि नै छिटफुट रूपमा चर्चा हुँदै आएका छन् । यिनै चर्चाहरू भानु पुस्तकालय सम्बन्धी पूर्वकार्य भएका हुँदा तिनीहरूको विवरण कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

भानु पुस्तकालय स्थापना भए लगत्तै यसका उद्देश्यहरू स्पष्ट पार्नका निम्ति परिचय पुस्तिका प्रकाशित गरिएको जानकारी व्रतराज आचार्यले दिएका छन् । यसमा पुस्तकालय स्थापनाको पृष्ठभूमिसहित उद्देश्यहरू स्पष्ट्याइएको भए पनि पुस्तकालयको योगदानको भने उल्लेख गरिएको जानकारी पाइँदैन ।

भानु पुस्तकालयले २०१५ मा सरकारबाट स्वीकृति प्राप्त गरेको देखिन्छ । शिक्षा डिभिजन इस्पेक्टर अफिसबाट प्राप्त उक्त पत्रमा ‘त्यस पुस्तकालयलाई स्वीकृति दिएको छु’ मात्र नभनी ‘सरकारी आर्थिक सहायताको हकमा यही आर्थिक वर्ष २०१५/०१६ को बजेटमा समावेश गरी शिक्षा विभागमा पठाउनेछु’ भनी उल्लेख गरिएको पाइएबाट पुस्तकालयप्रति

सरकारको सहायता रहेको देखिए पनि उक्त पत्रबाट पुस्तकालयको योगदान भने स्पष्ट हुँदैन ।

भानु पुस्तकालयको सहायक समितिका रूपमा काठमाडौंमा स्थापना भएको ‘भानु पुस्तकालय सहायक समिति’ ले २०२३ मा **भानुभक्तका लघुकृतिहरू** नामक कृति प्रकाशित गरेको छ । उक्त कृतिको भूमिकामा ‘चुँदी रम्घामा स्थापित भानु पुस्तकालयको एक सदर शिविर भानु पुस्तकालय सहायक समिति काठमाडौंमा खडा गरी केही वर्षदेखि काम गर्दै आएका छौं’ भनी उल्लेख गरिए पनि भानु पुस्तकालयका बारेमा भने अरू केही भनिएको पाइँदैन ।

भानु पुस्तकालय सहायक समितिबाट परिवर्तित भई बनेको भानु सेवा समितिले २०३१ बाट **भानु दर्शन** स्मारिका प्रकाशन गर्न थालेको छ र यसको पहिलो अङ्क (२०३१, आषाढ २९) प्रकाशकीय अन्तर्गत २००८ असार २९ गते खुल्ला र स्वच्छ वातावरणमा आदिकवि भानुभक्तको जन्मस्थलमा भानु पुस्तकालय स्थापना भएको प्रसङ्ग दिँदै पुस्तकालय स्थापना हुँदा निर्धारण गरिएका उद्देश्यहरू समेत दिई, रम्घामा आदिकविको प्रतिमा स्थापना भइसकेको, भानु पुस्तकालयमा भानुभक्तका चिठीपत्र, उनले लेखेको अमरकोश, भानुभक्तीय रामायणको एक लेखोट प्राप्त भएको र रम्घाको शैक्षिक उन्नति पैलेभन्दा निकै सन्तोषजनक रहेको टिप्पणी पनि गरिएको भानु दर्शनको दोस्रो अङ्क (२०३१ विजया दशमी) मा व्रतराज आचार्यले भानु सेवा समितिको परिचय दिने क्रममा भानुभक्तको जन्म स्थान चुँदी रम्घामा अतिथिशाला र भानु सङ्ग्रहालय तथा पुस्तकालय (भवन) को निर्माण कार्य भइरहेको थप जानकारी दिएका छन् । यसै गरी भानु दर्शनको पूर्णाङ्क ५ (२०३३ माघ) मा व्रतराज आचार्यले भानु पुस्तकालयको संक्षिप्त परिचय प्रकाशित गरेका छन् । उक्त परिचयमा भानु पुस्तकालयमा एक हजारजति पुस्तकहरू र पत्रपत्रिकाहरू सङ्कलित भइसकेको जानकारी दिई पुस्तकालय स्थापनाका उद्देश्य र पुस्तकालयको स्वीकृति-पत्रसमेत दिइएको छ । साथै उक्त लेखमा भानु पुस्तकालय वि.सं. २०१६ बाट भानु संस्कृत मा.वि.को कोठामा सरेको, वि.सं. २०२१ तिर भानु पुस्तकालय सहायक समितिले पुस्तकालयमा पुस्तकहरू थप गरेको, पुस्तकालयमा दराज र मेचहरू थपेको, वि.सं. २०३३ को भानु जयन्तीका अवसरमा पुस्तकालयलाई चुँदी बेंसीमा निर्मित भानु स्मृति भवनमा सारिएको तथा भानु पुस्तकालयअन्तर्गत भानु स्मृति सङ्ग्रहलयस्थापना गरिएको, अनि पुस्तकालयको सञ्चालक समिति पुनर्गठन भएको जस्ता सूचनामूलक जानकारीहरू दिएका

छन् । भानु पुस्तकालयको यो परिचय ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छ र यस शोधपत्रका निमित्त निकै सहायक पनि छ । भानु दर्शनको यसै अङ्कमा महासचिव हरिहर भट्टराईको प्रतिवेदनमा पनि भानु पुस्तकालयको स्थापना र विकास प्रक्रियाको चर्चा गरी भानु सेवा समितिले भानु स्मृति भवनमा भानुभक्तले प्रयोग गरेका सामग्रीहरूको सङ्ग्रह प्रारम्भ गरेको जानकारी दिइएको छ ।

भानु पुस्तकालयले वि.सं.२०३८ बाट वार्षिक मुखपत्रका रूपमा **चुँदी रम्घा** पत्रिका प्रकाशित गर्न थालेको छ । यसको पहिलो अङ्क उपलब्ध हुन सकेको छैन भने दोस्रो अङ्क (२०३९) मा पनि पुस्तकालयको इतिहास र योगदानका बारेमा केही भनिएको छैन । चुँदी रम्घाको तेस्रो अङ्क (२०४०) मा भानु पुस्तकालयले वि.सं. २०१५ मा प्राप्त गरेको स्वीकृति पत्रको विवरण प्रकाशित गरिएको छ र व्रतराज आचार्यको लेखमा भानुभक्तको बधूशिक्षाको लेखोटप्रति भानु पुस्तकालयमा प्राप्त भएको विवरण पनि दिइएको छ । यसैगरी ज्ञानहरि पण्डित ‘सरस्वती’सँगको अन्तर्वार्तामा भानु पुस्तकालयको स्थापना र यसका गतिविधिहरूको उल्लेख गर्ने क्रममा भानु पुस्तकालयको स्थापनाका क्रममा पण्डितले दिएको योगदान र उनले वि.सं.२००८ मा पुस्तकालयलाई गरेको रु १००।- को सहयोग तथा भानु स्मारक निर्माण बारेमा सूचनाहरू दिइएको छ । भानुभक्तलाई केन्द्रमा राखेर पुस्तकालयका गतिविधिहरू सञ्चालन भएका र हुने कुरा अन्तर्वार्तामा उल्लेख भए पनि भानु पुस्तकालयले नेपाली साहित्यमा दिएको योगदान उक्त अन्तर्वार्ताबाट स्पष्ट हुँदैन । चुँदी रम्घाको यस अङ्कमा भानु पुस्तकालयको आ.व. २०३८/०३९ को आय व्यय विवरण प्रकाशित गरिएको छ । उक्त विवरणबाट त्यस बखत पुस्तकालय के कति सक्रिय थियो भन्ने स्पष्ट हुन्छ । साथै यस अङ्कमा २०३९।११।२० मा रम्घाको डाँडोमा रहेको भानु प्रतिमा तोडफोड हुँदा पुस्तकालयले खोज तलास गरी प्रतिमा पुनःनिर्माणमा देखाएको सक्रियताको विवरण पनि दिएको छ । उक्त विवरणबाट भानु पुस्तकालय सामान्य पुस्तकालय मात्र नभई चुँदी रम्घाको समग्र विकासका निम्ति खुलेको पुस्तकालय हो भन्ने स्पष्ट हुन्छ भने त्यस बखत पुस्तकालयमा पुस्तक सङ्ख्या २०० पुगेबाट यस अवधिमा पुस्तकालय निकै सक्रिय रहेको पनि देखिन्छ । चुँदी रम्घाका यसपछिका अङ्कमा पुस्तकालय सम्बन्धी अन्य विवरण नपाइए पनि पुस्तकालयको वार्षिक आम्दानी र खर्चको विवरण भने नियमित रूपमा भेटिन्छ ।

डिल्लीराम मिश्रले **नेपाल अधिराज्यमा तनहुँ** (२०४५) नामक अनुसन्धानात्मक कृतिमा भानु पुस्तकालयको सामान्य अवलोकन गरेका छन् । यसमा पुस्तकालयको परिचय वा नेपाली साहित्यमा पुस्तकालयले पुऱ्याएको योगदानका विषयमा भने चर्चा गरिएको छैन ।

गोविन्दप्रसाद अधिकारीको **नेपाली साहित्यमा तनहुँ जिल्लाको योगदान** २०३८ शीर्षकको स्नातकोत्तर शोधपत्रमा पनि भानु पुस्तकालय र यसको मुखपत्र चुँदी रम्घाका साथै भानु सेवा समिति काठमाडौंबाट प्रकाशित भानु दर्शनको बारेमा सामान्य चर्चा मात्र गरेका छन् । भानु पुस्तकालयको योगदानका सम्बन्धमा  यो शोधपत्र मौन देखिन्छ ।

शिवराज आचार्यले **प्रायश्चित्तव्यवस्था** (२०४९) शीर्षकको कृतिमा आफूले गरेका कार्यहरू उल्लेख गर्ने क्रममा भानु पुस्तकालयको गतिविधि शीर्षकअन्तर्गत पुस्तकालयको सामान्य चर्चा मात्र गरेका छन् ।

भानु सेवा समिति २०५९ मा भानु प्रतिष्ठानमा परिणत भएपछि यसले  **भानु दर्शन** पत्रिका पुनः प्रकाशन गर्न थालेको छ र यसको पूर्णाङ्क ७ (२०६२) मा भानु पुस्तकालयदेखि भानु प्रतिष्ठानसम्म आइपुग्दा यसले गरेका गतिविधि र कार्यहरूका साथै नेपाली भाषा र साहित्यमा आदिकवि भानुभक्तको उचित स्थान देखाउँदै उनको जन्म जयन्तीका कुराहरू, पुस्तकालय समितिका रूपान्तरणका प्रसङ्गहरू र समितिले गरेका कार्यहरूका बारेमा व्रतराज आचार्यले विस्तृत रूपमा चर्चा गरेका छन् । **भानु पुस्तकालयदेखि भानु प्रतिष्ठानसम्म** शीर्षकको उनको लेखबाट भानु पुस्तकालयको ऐतिहासिक विकासक्रम स्पष्ट हुने भए पनि उक्त लेखबाट भानु पुस्तकालयको साहित्यिक योगदान भने स्पष्ट हुँदैन । यसै अङ्कमा रामचन्द्र शर्मा पौडेलले पनि **अधिका कुरा** शीर्षकमा भानु पुस्तकालयको स्थापना र यसले गरेका सामाजिक कार्यहरूको विस्तृत विवरण दिएका छन् । यसमा पनि भानु पुस्तकालयको साहित्यिक योगदानको भने चर्चा गरिएको छैन । यसै अङ्कमा दैवज्ञराज न्यौपानेको **मेरा केही अनुभूति** र श्रीभद्र शर्माको **श्रद्धाञ्जली** शीर्षकका लेख पनि प्रकाशित छन् । यी दुई लेखमा पनि भानु पुस्तकालय र यसका सहयोगी संस्थाहरूका गतिविधिको सामान्य उल्लेख पाइन्छ ।

माथि प्रस्तुत गरिएका सन्दर्भहरूले भानु पुस्तकालय र यसका सहयोगी संस्थाहरूका बारेमा सामान्य चर्चा अवश्य गरेका छन् तर भानु पुस्तकालयले नेपाली भाषा साहित्यको उत्थानमा दिएको योगदानलाई भने स्पष्ट्याउन भने सकेका छैनन् । यही अभाव परिपूर्ति

गर्न प्रस्तुत शोधपत्रमा भानु पुस्तकालयको साहित्यिक योगदानको विस्तृत अध्ययन र मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा स्थापना भएका कारण भानु पुस्तकालय राष्ट्रिय स्तरको पुस्तकालयका रूपमा चिनिएको छ । आदिकविका कृतिहरूको संरक्षण र स्थानीय जनतालाई शैक्षिक चेतना विस्तार यसको प्रमुख उद्देश्य देखिन्छ भने चुँदी रम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति भानु प्रतिमा स्थापना, सङ्ग्रहालय स्थापना, भानु जयन्ती मनाउने परम्पराको विकाससँगै नियमित साहित्य सम्मेलन र पत्रिका प्रकाशन आदिका माध्यमले नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिनु यसको अर्को उद्देश्य देखिन्छ । यसैले भानु पुस्तकालयले नेपाली सहित्यमा दिएको योगदानको अध्ययनबाट नेपालमा पुस्तकालयको इतिहास जान्न चाहनेहरूका निम्ति मात्र नभई भानु पुस्तकालयले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदान जान्न चाहने जिज्ञासुलाई महत्त्वपूर्ण सामग्री हुने भएकाले प्रस्तुत शोधकार्य आफैँमा औचित्यपूर्ण छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षक **भानु पुस्तकालयले नेपाली भाषा–साहित्यमा पुऱ्याएको योगदान** भए पनि यस शोधपत्रमा नेपालमा पुस्तकालयको स्थापना र विकास प्रक्रियाका साथै भानु पुस्तकालयको स्थापना र विकास प्रक्रिया अनि यसका सहयोगी संस्थाहरूको समेत सामान्य परिचय दिई नेपाली भाषा साहित्यका क्षेत्रमा भानु पुस्तकालयले पुऱ्याएको योगदानलाई स्पष्ट्याउन पुस्तकालयद्वारा आयोजना गरिएका साहित्यिक गोष्ठीहरू र पुस्तकालयद्वारा प्रकाशित पत्रिकाको पनि विवेचना गरिएको छ ।

## १.९ सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन गर्दा अंशत पुस्तकालयीय पद्धतिको अनुसरण गरिएको छ तर यसको मूल आधार क्षेत्रीय अध्ययन भएकाले सामग्री सङ्कलनका क्रममा स्थलगत भ्रमण, छलफल तथा अन्तर्क्रिया, अन्तर्वार्ता, अवलोकन आदि विधि आवश्यकताअनुसार अवलम्बन गरिएको छ ।

सङ्कलित सामग्रीहरूको विश्लेषणका क्रममा भने ऐतिहासिक विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ र प्रकाशित सामग्रीहरूको विश्लेषणमा विधा सिद्धान्त अन्तर्गत रही विश्लेषणात्मक विधि पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | नेपालमा पुस्तकालयको इतिहास |
| तेस्रो परिच्छेद | : | भानु पुस्तकालय स्थापना र विकास प्रक्रिया |
| चौथो परिच्छेद | : | भानु पुस्तकालयका सहगोगी संस्था |
| पाँचौं परिच्छेद | : | भानु पुस्तकालयले नेपाली भाषा-साहित्यमा पुऱ्याएको योगदान |
| छैठौं परिच्छेद | : | निष्कर्ष |

# दोस्रो परिच्छेद

# नेपालमा पुस्तकालयको इतिहास

## २.१ पुस्तकालयको अर्थ र अभिप्राय

सामान्यतः पुस्तकालय भन्नाले धेरै पुस्तकहरू राखिएको वा सञ्चित गरिएको घर वा ठाउँ भन्ने बुझिन्छ । यसलाई अङ्ग्रेजीमा Library भनिन्छ । संस्कृत भाषाका दुई शब्द 'पुस्तक' र 'आलय' मिलेर पुस्तकालय शब्द बनेको हो । 'पुस्तक' शब्दको अर्थ नेपालीमा किताब र 'आलय' शब्दको अर्थ निवासस्थान वा घर हुन्छ । नेपाली बृहत् शब्दकोश २०४० मा पुस्तकलाई पढ्ने, पढाउने उद्देश्यले तर्क, विचार, भावना, कल्पना ज्ञानविज्ञान आदिका कुरा लेखिएको वा छापिएको ग्रन्थ[१] भनी चिनाइएको छ । पुस्तकमा ज्ञानको सङ्कलन हुने भएकाले यसलाई ज्ञानसङ्ग्रह पनि भन्ने गरिन्छ । पुस्तक मानव चेतना फैलाउने सञ्चार र ज्ञानको भण्डार पनि हो । यस्तो ज्ञानका भण्डार वा सङ्ग्रहहरूलाई सङ्ग्रह गरिराख्ने काम पुस्तकालयले गर्दछ । त्यसैले पुस्तकालयलाई ज्ञानसागरको रूपमा पनि लिइन्छ ।

पुस्तकालय ज्ञानको स्रोत वा मुहान हो । केही समय अघिसम्म पुस्तकालयहरू सूचना र ज्ञानका स्रोतमात्र थिए तर आजको पुस्तकालय पुस्तकको भण्डारमात्र नभई ज्ञानका अनेकौं स्रोतको भण्डार पनि बन्न पुगेको छ ।[२] समय परिवर्तनसँगै मानिसका आवश्यकतामा परिवर्तन हुँदै गएका छन् । पुस्तकालय अनौपचारिक शिक्षा र समसामयिक सचेतना फैलाउने एक माध्यम पनि बन्न पुगेको छ । त्यसैले पुस्तकालयलाई यसको प्रकृति र स्वरूपका आधारमा व्यक्तिगत, घरेलु, राष्ट्रिय, सार्वजनिक, अनुसन्धान, विद्यालयीय, विभागीय, विशिष्ट आदि अनेकौं प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।[३]

पुस्तकहरू सङ्कलन र संरक्षणका साथै पढ्ने, पढाउने र छलफल गर्ने वातावरणको निर्माणमा पुस्तकालयको भूमिका महत्त्वपूर्ण देखिन्छ । आजभोलि पुस्तकालयलाई प्राचीन समयभन्दा फरक तरिकाले परिभाषित गरेर हेर्न थालिएको छ । सङ्कलन कार्य र सेवामा

---

१ बालकृष्ण पोखरेल (सम्पा), **नेपाली बृहत् शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ८४३ ।

२ इन्द्रप्रसाद अधिकारी, **पुस्तकालय तथा स्रोत केन्द्र**, (व्यवस्थापन एवं सञ्चालन), २०६५, पृ. १९ ।

३ कविता पन्थी, **किरण पुस्तकालयको भाषिक योगदान**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०६०, पृ. २० ।

आएको समयानुकूल परिवर्तनलाई ध्यानमा राखी विषयक्षेत्र र कार्यअनुसार डकुमेन्टेसन केन्द्र, सूचना स्रोत केन्द्र आदिजस्ता आधुनिक नाम पुस्तकालयलाई दिन थालिएको छ ।[४]

## २.२ विश्वका केही प्राचीन पुस्तकालय

पुस्तकालयको इतिहास पुस्तकको इतिहासभन्दा पनि पुरानो पाइन्छ । कापी र कलमको आविष्कार हुनुभन्दा अगाडि मानिसहरूले ढुङ्गा, माटाका पाता, कछुवाका खबटा, रूखका बोक्रा, पात, जनावरको छाला आदिमा कोरेर वा लेखेर आफ्ना विचारहरू व्यक्त गर्दथे[५] । इ.पू. ५५०० देखि सुमेरियनहरूले मेसोपोटामियामा गिला माटाका खबटाहरूमा आफ्ना विचारहरूलाई चित्रात्मक लिपिमा लेखेर घाममा सुकाएर राख्ने गरेका छन् । तिनै खवटाहरूको सङ्ग्रह नै आजका पुस्तकालयहरूका प्राचीन रूप हुन् ।[६] बेबिलोनका राजा हम्बुराबीले इ.पू. १७५० तिर राजधानी निप्पुरमा स्थापना गरेको सङ्ग्रहालयमा ३०००० (तीस हजार) थान माटाका खबटाहरूको सङ्ग्रह पाइन्छ भने असिरियाका राजा असुरवानीपालले राजधानी निनेभ (अहिलेको इराकको मोसुल सहर) मा स्थापना गरेको पुस्तकालयमा पनि करिब ३०००० (तीस हजार) थान खबटे पुस्तकहरू रहेको कुरा इतिहासकारहरूले बताउँछन् ।[७] पाश्चात्य सभ्यताको आदिभूमि ग्रिसमा पनि इ.पू. ४०० मा एथेन्सका शासकले पुस्तकालय स्थापना गरेको बुझिन्छ । यसैगरी इजिप्टका राजा टोलमी (Ptolemy-I) ले इ.पू. ३०० मा अलेक्जान्ड्रियामा पपाइरस (नीलनदीको छेउछाउमा पाइने एक प्रकारको जलघाँस) स्कोलको विशाल सङ्ग्रह गरी पुस्तकालय स्थापना गरेको जानकारी पाइन्छ र ग्रिसको लिसियममा पनि अरिस्टोटलले ठूलो पुस्तकालय स्थापना गरेको पाइन्छ ।[८] टर्कीले परगामम भन्ने ठाउँमा पनि १९७ ई.पू. तिर जनावरको छालाको प्रयोग गरी तिनै सामग्री सङ्ग्रह गरी पुस्तकालय स्थापना गरिएको पाइन्छ ।[९]

---

४ इन्द्रप्रसाद अधिकारी, पूर्ववत् ।

५ कविता पन्थी, पूर्ववत् पृ. ७ ।

६ ऐजन, पृ. २० ।

७ इन्द्रप्रसाद अधिकारी, पूर्ववत् ।

८ ऐजन् पृ. २१ ।

९ ऐजन् ।

प्राचीन समयमा भारतको सिन्धु घाँटीमा केही लेख्य सामग्री फेला परेका छन् तर ज्ञानको मूल स्रोत वेद भने धेरै पछिसम्म मुखपरम्परामा पठन पाठन हुँदै आएको छ र यसका शाखाहरूको विकास पनि मौखिक परम्परामा नै अघि बढेको छ । फलतः प्राचीन भारतमा पुस्तकालयको विकास कसरी भयो भन्ने कुरा त्यति स्पष्ट देखिँदैन । लेखन पद्धतिको विकास भएपछि भने भारतीयहरूले भोजपत्र र ताडपत्रमा लेखेर पुस्तक निर्माण गर्न थालेका छन् । फलतः नालन्दा विक्रमशीला र तक्षशीला जस्ता दक्षिण एसियाका प्राचीन शिक्षा केन्द्रहरूमा ठूला-ठूला पुस्तकालयहरू विकसित भएका छन् ।[१०]

सन् १०५ मा चीनमा कागजको आविष्कार भएपछि कागजमा लेख्ने प्रचलन संसारभर विस्तारै फैलन थाल्यो । त्यसपछि कागजमा हातले लेखेर ठेली बनाई पुस्तकको रूप दिन थालियो । यस्ता पाण्डुलिपिहरू मध्यकालमा युरोप र एसियाका मठ, गुम्बा, विहारहरू आदि धार्मिक स्थलहरूमा भण्डारण गरिन्थ्यो । सन् ११०० पछि युरोपका कतिपय ठाउँमा विश्वविद्यालयको स्थापनासँगै पुस्तकालयको पनि स्थापना गर्न थालिएको पाइन्छ । मध्यकालमै इटालीको लाउरेन्टाइन (Laurentine) मा स्थापित पुस्तकालय आज पनि नाम चलेका पुस्तकालयहरू मध्येमा एक मानिन्छ ।[११]

माथिको चर्चालाई आधारमानेर प्राचीन पुस्तकालयहरूको सूची यस प्रकार देखाउन सकिन्छ :

| क्र.सं. | स्थान | पुस्तकालयको स्वरूप | समय ( इश्वीपूर्व) |
|---|---|---|---|
| १. | सुमेरिया | माटाका खबटाहरूको सङ्ग्रह | ५५०० |
| २. | नित्पुर | राजा हम्बुराबीको खबटाहरूको सङ्ग्रह | १७५० |
| ३. | निनेभे | राजा असुरवानीपालको खबटाहरूको सङ्ग्रह | ६२७ |
| ४. | ग्रिसमा | अरिस्टोटलको लिसियम पुस्तकालय | ३३५ |
| ५. | इजिप्ट | राजा टोलमीको अलेक्जान्ड्रियम पुस्तकालय | ३०० |
| ६. | परगामम | इजिप्टको पुस्तकालय | १९७ |

---

१० चूडामणि बन्धु (सम्पादक), **नेपालमा पुस्तकालयको इतिहास**, काठमाडौँ: नेपाली बाल विश्वकोश, बाल साहित्य समाज, २०६०, पृ. २६२ ।

११ इन्द्रप्रसाद अधिकारी, पूर्ववत ।

| | | | |
|---|---|---|---|
| ७. | भारत | नालन्दा, विक्रमशीला र तक्षशीला | .... |
| ८. | चीन | हानवंशका राजा बु को पुस्तकालय | १४० |
| ९. | रोम | राजा अगस्टसको अक्टेभियन पुस्तकालय | ३७ |

## २.३ विश्वका केही आधुनिक पुस्तकालय

प्राचीनकालका माटाका खबटा पपाइरस, स्कोल्स, जनावरका छाला, कपडा हुँदै कागजमा छापिने अवस्थासम्म आइपुग्दा पुस्तकको स्वरूपले निकै चोला फेरिसकेको देखिन्छ । पुस्तकको यस्तो परिवर्तन हुने क्रम अझै रोकिएको छैन । आज सूचना प्रविधिको प्रयोगले पुस्तकको स्वरूपमा पनि निकै परिवर्तन आएको देख्न सकिन्छ । शिक्षाको विकासले गर्दा साक्षर व्यक्तिहरूको संख्या बढ्दै गएको छ र विश्वविद्यालयहरूमा पनि पुस्तकालयहरूको पुरानो परिपाटी र व्यवस्थाले मात्र ज्ञानवर्द्धक सामग्रीहरू सुव्यवस्थित र सुसँगठित हुन नसक्ने अवस्था देखा परेको छ ।[१२] फलतः पुस्तकालयको स्वरूप विविधतामय बन्दै गइ रहेको छ । कुनै पुस्तकालय शैक्षिक संस्थाको उद्देश्य पूर्तिमा सहायक बनेका छन् भने कुनै पुस्तकालय अनुसन्धान केन्द्रका रूपमा विकसित भएका छन् । यसै गरी कुनै पुस्तकालय सम्पूर्ण जनसमूहको चाहना तथा आवश्यकता अनुरूप सार्वजनिक पुस्तकालयका रूपमा विकसित भएका छन् । फलतः आधुनिक चेतना र ज्ञानको प्रकाशन, संवर्द्धन, संरक्षण र प्रसारमा पुस्तकालयहरूको योगदान व्यापक बन्दै गएको छ ।[१३]

पुर्नजागरणकालको प्रारम्भ पछि स्थापना भएका पुस्तकालयको चर्चा गर्दा निम्न लिखित पुस्तकालयहरूको नाम लिन सकिन्छ :

| | | |
|---|---|---|
| १. | बिब्लियोथेक नास्योनाल (फ्रान्स) | सन् १३६७ |
| २. | बोडलियन पुस्तकालय | सन् १५०० |
| ३. | मेनचेस्टर पुस्तकालय | सन् १६५३ |
| ४. | रोयल लाइब्रेरी अफ डेनमार्क | सन् १६५७ |
| ५. | जर्मन स्टेट लाइब्रेरी | सन् १६६१ |

---

१२ नारायणप्रसाद मिश्र/ शान्ति मिश्र **पुस्तकालय विज्ञानको रुपरेखा**, काठमाडौंः २०३८ पृ. ४ ।

१३ ऐजन्, पृ. ५ ।

| | | |
|---|---|---|
| ६. | रानी क्याथराइनको पुस्तकालय (रुस) | सन् १७०० |
| ७. | ब्रिटिस म्युजियम पुस्तकालय | सन् १७५९ |
| ८. | लाइब्रेरी अफ कंग्रेस, अमेरिका | सन् १८०० |
| ९. | राष्ट्रिय पुस्तकालय, अर्जेन्टिना | सन् १८१० |
| १०. | लेनिन स्टेट लाइब्रेरी, रूस | सन् १८६२ |
| ११. | राष्ट्रिय पुस्तकालय, भारत | सन् १९०३ |
| १२. | अम्ब्रोजियन पुस्तकालय, इटली | सन् १९०९ |
| १३. | राष्ट्रिय पुस्तकालय, नेपाल | सन् १९५७[१४] |

बीसौँ शताब्दीको अन्त्यतिर आइपुगेपछि संसारमा माइक्रोफिल्म तथा श्रव्यदृश्यका कतिपय माध्यमवाट सूचना सामाग्रीहरू उत्पादन हुन थालेका छन् । परम्परागत कागजको तुलनामा सीडी, डीभीडीमा धेरै गुणा बढी सूचना अट्न सक्ने भण्डारण र सम्प्रेषणमा सरलता र सहजता आउने भएकाले विद्युतीय माध्यमबाट कम्प्युटरमै पढ्न र छाप्न धेरै सजिलो भएको छ । पुस्तकका साथै पत्रपत्रिकाहरू पनि कम्प्युटरबाट इन्टरनेटमा पढन सकिने भएको छ । ज्ञान सामग्रीको छनोट, सङ्कलन, सँगठन र  सङ्क्रमणको आधुनिक प्रणाली अनुसार सयौं पुस्तकालयहरूको स्थापना र विकास भएको छ । पुस्तकालयको स्वरूपमा परेको सूचना प्रविधिको प्रत्यक्ष प्रभावले कागजरहित पुस्तकालय Paperless Society) र पर्खाल विनाको पुस्तकालय (Library Without Walls) जस्ता नयाँ अवधारणा आइसकेका छन् ।

## २.४ नेपालमा पुस्तकालय

नेपालमा पुस्तकालयको विकास कहिलेदेखि भयो भनेर किटान गर्न सकिँदैन तर पनि उपलब्ध सीमित सूचनाहरूका आधारमा पुस्तकालयको विकासलाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती चरण हुन्: एकीकरण पूर्व, एकीकरणदेखि २००७ पूर्व र २००७ देखि अहिलेसम्म ।

---

[१४] इन्द्रप्रसाद अधिकारी, पूर्ववत् पृ. २२ ।

### २.४.१ एकीकरणपूर्व

नेपालको इतिहासमा किराँतकाललाई प्रारम्भिक काल मानिन्छ तर त्यतिखेर पठन पाठनको व्यवस्था कस्तो थियो र पुस्तकालयको स्वरूप कस्तो थियो भन्ने कुनै सूचना भेटिँदैन । नेपालको इतिहासमा किराँतकालपछि लिच्छवीकालको प्रारम्भ भएको छ । इतिहासकारहरू लिच्छवीकाललाई नेपाली इतिहासको स्वर्णकाल पनि भन्दछन् । त्यस समयमा शिक्षा, संस्कृति, कला आदिको निकै विकास भएको बुझिन्छ । त्यस बखत पठन पाठनको माध्यम संस्कृत भाषा थियो र मुद्रित पुस्तकको अभावमा पनि शैक्षिक विकासले केही गति लिएको थियो । त्यस बखत ज्योतिष, तन्त्रमन्त्र, ईश्वर, शिकार, लडाई, औषधी, विधिविधान आदि केही कुराहरू भने शिलालेख, अभिलेख, ताम्रपत्र, कनकपत्र (स्वर्णपत्र) आदिमा लेखिएको थियो ।[१५] यी सबै सामग्रीहरू गुम्बा, विहार, मठ, मन्दिरहरूका साथै राजदरबारमा पनि सुरक्षित गरेर राखिएका थिए । लिच्छवीकालमा सार्वजनिक पुस्तकालय स्थापना भएको इतिहास पाइदैन तापनि विद्वानहरूका घरमा निजी पुस्तकालयहरू रहेको कुरा भने इतिहासबाट बुझ्न सकिन्छ । त्यस्ता पुस्तकालयहरूमा मडुवा नेपाली कागतमा हातले लेखेर पुस्तक तयार गरिन्थ्यो र त्यसलाई कपडाले बेरेर सङ्ग्रह गरिन्थ्यो । मल्लकालमा संस्कृतका साथै मैथिली, नेवारी र नेपाली भाषामा थुप्रै पुस्तकहरू लेखिएका थिए । यस्ता पुस्तक बाह्रौ, तेह्रौं शताब्दीतिर उपत्यकाका मल्ल राजाहरू, पश्चिम नेपालका खस राजाहरू र तराईका डोय राजाहरूका दरबारमा पनि पाइएका छन् । यसै गरी पन्ध्रौं सोह्रौं शताब्दीतिर स्थापना भएका बाइसे चौबीसे राज्यमा पनि राजा र गुरु पुरोहितहरूका सङ्ग्रहमा तथा सार्वजनिक गुम्बा, विहार, मठ, मन्दिरहरूमा लेखोट पुस्तक पाइएका छन् । यिनै सङ्ग्रहहरू नेपालका प्रारम्भिक पुस्तकालय  हुन् ।

### २.४.२ एकीकरणदेखि २००७ पूर्व

गोर्खाका राजा पृथ्वीनारायण शाहले आधुनिक नेपालको एकीकरण अभियान प्रारम्भ गरे पश्चात नेपालमा पुस्तकहरूको सङ्कलन गर्ने प्रक्रियाले व्यापकता पाएको छ । फलस्वरूप एकीकरण पूर्वका गोर्खा, नुवाकोट, भक्तपुर, ललितपुर, पाटन दरवार आदि स्थान र मठ, मन्दिर तथा विहारमा रहेका हस्तलिखित ग्रन्थहरू हनुमानढोकास्थित दरबारको पूजा कोठामा

---

१५ ऐजन् पृ. २६ ।

सङ्कलित हुन पुगेका छन् । यसरी संरक्षण गरिएका पुस्तकहरू हिनामिना नहोउन भन्ने उद्देश्यले वि.सं. १८६९ मा गीर्वाणयुद्धवीरविक्रम शाहले पुस्तकालय सम्बन्धी नीति नियमको लालमोहर जारी गरेका छन् । उक्त लालमोहरमा पुस्तकको संरक्षण गर्ने, विना हुकुम कसैलाई पुस्तक नदिने, पुस्तकको तहबिल पुस्तकाध्यक्षको जिम्मा राख्ने, विनासकारी कीरा, मुसा र पानीबाट पुस्तक बचाउने, अशुद्ध पुस्तकलाई शुद्ध गर्ने, पुस्तकको नित्यपूजा आजा गर्ने, साँझमा बत्ती बाल्ने आदि कुराको उल्लेख गरिएको छ ।[१६] यसै बेलादेखि पुस्तकालयले नेपालको इतिहासमा कानुनी मान्यता पाएको देखिन्छ र त्यही समयदेखि **पुस्तक चिताई तहबील** नामक अड्डा स्थापना भई त्यसको अध्यक्षमा केदारनाथ पण्डितले नियुक्ति पाएको देखिन्छ ।[१७]

नेपालका पहिला राणा प्रधानमन्त्री जङ्गबहादुर राणाका पालामा लेखापढी गर्ने कोठालाई **जैसीकोठा** भन्ने चलन पाइन्छ र राणाशासन प्रारम्भ भए लगतै वि.सं. १९०४ मा हनुमानढोकास्थित वसन्तपुर दरबारका सबै पुस्तकहरू जंगबहादुरले थापाथली दरबारको जैसी कोठामा सार्न लगाएको बुझिन्छ ।[१८] जङ्गबहादुरले पाण्डुलिपिहरू र महत्त्वपूर्ण पत्रहरू सुरक्षित राख्न **मुन्सीखाना** नामक अड्डा समेत स्थापना गरेको बुझिन्छ । जङ्गबहादुरले बेलायत भ्रमणमा जाँदा त्यहाँको शैक्षिक स्थितिको बारेमा राम्रैसँग बुझेका थिए र बेलायतबाट फर्कंदा एउटा छाप्ने मेसीन पनि लिएर आएका थिए । त्यसपछि नेपालमा पनि छापाखानाबाट पुस्तकहरू प्रकाशित गर्ने प्रचलन सुरु भएको छ ।

नेपालमा राणाकाल अन्धकार युगका रूपमा चिनिन्छ किनभने राणाहरूले विद्यालय खोल्ने, पुस्तकहरू प्रकाशित गर्ने, पुस्तकालय खोल्ने स्वतन्त्रता र चेतना जागरणका कुराहरू गर्ने कुरामा जनतालाई छुट दिएका थिएनन् तर सरकारी तबरमा भने राणा प्रधानमन्त्री वीर शमशेरका पालामा थापाथली दरबारमा भएका पुस्तकादि सामग्रीहरू दरवार स्कुलको बुँइगलमा र केही पछि वि.सं. १९५७ मा घण्टाघरमा निर्मित नयाँ भवनमा सारी **घण्टाघर**

---

१६ कृष्णमान मानन्धर, **पुस्तकालय विज्ञान एक परिचय**, काठमाडौंः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३८, पृ. ४ ।

१७ ऐजन् ।

१८ ऐजन् , पृ. ४-५ ।

**लाइब्रेरी** स्थापना गरेको पाइन्छ ।[१९] त्यस बखत कलकत्ताको एसियाटिक सोसाइटीको तत्ववधानमा महामहोपाध्याय हरप्रसाद शास्त्री पुस्तकालयको अवलोकनका लागि नेपाल आएपछि उनको सुझाब बमोजिम वि.सं. १९६२ मा घण्टाघर लाइब्रेरीको नाम बदलेर **वीर लाइब्रेरी सर्कारी पुस्तकखाना** भन्ने नाम राखिएको हो । पुस्तकालयको नाममा बनेको छापमा यी दुवै नाम अंकित छन् ।[२०] त्यसै बेला पुस्तकखानामा राखिएका सम्पूर्ण सामग्रीहरूको लागत तयार पारिएको थियो । उक्त लागतमा पुस्तकहरूको नाम, ग्रन्थ पत्र नाम र किसिम समेत खोली पुराना लगतसित रुजु गरी विभिन्न सूचीपत्र (क्याटलगहरू) बनेका छन् ।[२१] राणा प्रधान मन्त्री चन्द्रशमशेरले बाध्यतावश त्रिचन्द्र कलेजको स्थापना गरेका छन् र कलेजको आवश्यकता अनुरूप १९७२ मा **त्रिचन्द्र पुस्तकालय** पनि खुलेको छ तर त्यस बखत नेपालमा सार्वजनिक पुस्तकालय तथा वाचनालयसम्म स्थापना गर्ने अनुमति थिएन । फलतः वि.सं. १९७२ मा सिराहामा स्वामी दामोदर नन्दको प्रयासमा त्रिचन्द्र अङ्ग्रेजी मिडिल स्कुलको एउटा कोठामा खुलेको **त्रिचन्द्र पुस्तकालय** (१९७२) एक वर्षभन्दा बढी समय चल्न सकेन ।[२२]

राणा प्रधानमन्त्री भीमशमशेरको पालामा वि.सं. १९८३/८४ मा पाल्पाका केही उत्साही युवकहरू मिलेर तानसेनमा एउटा पुस्तकालय स्थापना गरेका थिए । उक्त पुस्तकालयलाई पुस्तक पढने दलान नामाकरण गरिएको थियो । त्यो पुस्तकालय एक वर्ष सञ्चालन भएपछि सरकारले तुरुन्त बन्द गर्ने आदेश दिएको थियो ।[२३] उनकै पालामा पुस्तकालय मार्फत समाज सुधार र जनचेतना बढाउने उद्देश्यले काठमाडौंका नवयुवकहरूले सार्वजनिक पुस्तकालय खोल्ने निर्णय गरी वि.सं. १९८७ मा आवेदन पत्र तयार गरेका थिए । त्यसमा लक्ष्मीप्रसाद देवकोटा लगायत ४५/४६ व्यक्तिको हस्ताक्षर पनि थियो तर त्यो आवेदन पत्र सिंहदरबारमा पुग्नुभन्दा पूर्व नै पोल परेकाले हस्ताक्षर गर्ने जोगवीर सिंह, हरिकृष्ण श्रेष्ठ, वैकुण्ठप्रसाद श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडा, धर्मराज

---

१९ इन्द्रप्रसाद अधिकारी, पूर्ववत् पृ. २४ ।

२० कृष्णमान मानन्धर, पूर्ववत् , पृ. ५ ।

२१ इन्द्रप्रसाद अधिकारी, पूर्ववत् पृ. २४ ।

२२ राजेश गौतम **राणाकालीन नेपालको एक झलक**, (प्रशासनिक, सामाजिक तथा शैक्षिक इतिहास) पृ. ७६ ।

२३ भवेश्वर पंगेनी, **पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सयदिन**, (२००७), २०४९, पृ. ८ ।

थपलिया, चित्तधर उपासक आदि व्यक्ति समातिएका थिए[२४] र पुस्तकालय खोल्ने प्रयास गरे बापत भैरवप्रसाद जोशी, लक्ष्मीनन्दन जोशी, ठाकुर नाथ, धर्मराज थपलिया, वसन्तमणि आचार्य दीक्षित आदिलाई १२ वर्षको जेल सजाय भएको थियो भने अरुलाई अबदेखि यस्तो काम गर्ने छैनौं भन्ने कागज गराई प्रति व्यक्ति रु १००/१०० जरिवाना गरी छाडिएको थियो । नेपालको इतिहासमा यो घटना पुस्तकालय/लाईब्रेरी पर्वको नामले प्रख्यात छ ।[२५] भीम शमशेरका पालामा सरकारी लाइब्रेरीमा भने केही सुधार गरिएको छ । वि.सं. १९८९ तिर सङ्कलित पुस्तकहरू संस्कृत फाँट र भोटे फाँट गरी दुई फाँटमा विभक्त गरिएको छ र फाँट विभाजन भएपछि नयाँ कर्मचारीहरू थप गरी आकारादिक्रमले सूचीपत्र बनाउने काम थालिएको छ ।[२६] राणाकालमा सार्वजनिक पुस्तकालय खोल्न नदिए पनि दरबार निकट केही व्यक्तिले भने निजी स्तरमा पुस्तकहरू सङ्ग्रह गर्ने गरेको पाइन्छ । यस्ता सङ्ग्रहहरू हुन्– हेमराज पाण्डे, केशरशमशेर आदिका पुस्तक सङ्ग्रह । यिनै सङ्ग्रहबाट प्रजातन्त्रोत्तरकालमा राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालयको स्थापना भएको देखिन्छ ।

यसप्रकार एकीकरणदेखि वि.सं. २००७ सम्म नेपालमा पुस्तकालय स्थापना गर्ने छिटफुट प्रयास थालिए पनि जनचेतना विस्तार हुने भयले सार्वजनिक पुस्तकालय सञ्चालनमा भने सरकारले अवरोध सिर्जना गरेको पाइन्छ । तर पनि राणाकालको अन्त्यतिर जनस्तरमा पुस्तकालय खोल्ने प्रक्रिया निकै तीव्र भएको छ सात पूर्वक सार्वजनिक पुस्तकालयहरूको सङ्ख्या यस प्रकार देखा परेको छः

१. हनुमानढोकास्थित पुस्तक चिताइ तहवील अड्डा १८६९

२. मुन्सीखाना, काठमाडौं १९०७ पछि

३. घण्टाघर पुस्तकालय, काठमाडौं, १९५७

४. वीर लाइब्रेरी, काठमाडौं, १९६२

५. त्रिचन्द्र पुस्तकालय, सिराहा, १९७२

६. धवल पुस्तकालय, तानसेन, पाल्पा, २००३

२४ बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रुपरेखा**, (२००८, पौष), , पृ. ३५७ ।

२५ ऐजन्, पृ. ३५८ ।

२६ कृष्णमान मानन्धर, पूर्ववत्, पृ. ५-६ ।

७.	आदर्श पुस्तकालय विराटनगर, मोरङ्ग २००३

८.	प्रदीप्त पुस्तकालय, केलटोल, काठमाडौं, २००३

९.	शारदा पुस्तकालय मंगलबजार , ललितपुर, २००३

१०.	प्रेम पुस्तकालय, नेपालगञ्ज, २००३

११.	विद्यामन्दिर पुस्तकालय, काठमाडौं, २००३

१२.	महावीर पुस्तकालय, बुटवल, २००४

१३.	सार्वजनिक शिक्षा निकेतन, धनकुटा, २००४

१४.	शारदा पुस्तकालय, गौर २००४

१५.	हिमालय सार्वजनिक पुस्तकालय, वीरगन्ज २००४

१६.	पद्म पुस्तकालय, बन्दीपुर तनहुँ, २००४

१७.	छात्र पुस्तक निकेतन, तीनधारा पाठशाला, रानीपोखरी, २००४

१८.	त्रिभुवन मोहन पुस्तकालय, घोराही, २००५

१९.	श्रीराम पुस्तकालय, भोजपुर, २००५

२०.	स्वेतकाली पुस्तकालय, नरदेवी टोल, काठमाडौं, २००७

२१.	जनता पुस्तकालय, ब्रहमपुर, महोत्तरी, २००७ आदि,[२७]

### २.४.३ वि.सं. २००७ पछि

नेपालमा १०४ वर्ष सम्म नेपालमा जरा गाडेर बसेको जहाँनिया राणा शासन वि.सं. २००७ मा अन्त्य भई प्रजातन्त्रको आगमन भएपछि जनचेतना क्रमशः विस्तार हुँदै गएको छ । फलतः देशभर पुस्तकालय, वाचनालय, विद्यालय, समिति, कमिटि, क्लब जस्ता

[२७] क)	कविता पन्थी, पूर्ववत्, पृ. १ ।

ख)	जुजुभाई डंगोल, **सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको अवस्था, अवसर तथा चुनौतिहरू**, केशर पुस्तकालय, शतवार्षिक महोत्सव स्मारिका, २०६५, पृ. ३४-३५ ।

संस्थाहरू स्थापना हुन थालेका छन् ।[२८] काठमाडौंको टोलटोलमा पुस्तकालयहरू खुलेका छन् भने देशका विभिन्न भागमा पनि यही क्रम जारी रहेको छ । फलस्वरूप जिल्ला-जिल्ला गाउँ-गाउँ र टोल-टोलमा सार्वजनिक पुस्तकालयहरू देखा परेका छन् । पुस्तकालयको भिन्ना-भिन्नै विशेष उद्देश्य र कार्यक्षेत्र आदि अनुसार राष्ट्रिय पुस्तकालय, सार्वजनिक पुस्तकालय, शैक्षिक संस्थाका पुस्तकालय, विशिष्ट पुस्तकालय, निजी पुस्तकालय आदि नेपालमा पनि स्थापना भएका देखिन्छन् ।

पछिल्लो समयमा पुस्तकालयको महत्त्व र आवश्यकताको विषयमा जनचेतना फैलाउने आदि जस्ता कार्यहरू गर्ने उद्देश्यका साथ नेपालमा पुस्तकालय संघको स्थापना भएको पाइन्छ । नेपालको पुस्तकालय विकासमा सहयोग गर्ने रिड नेपाल, रूम टु रिड नेपाल, तुलसा, युनेस्को काठमाडौं, इफ्ला, आदि जस्ता संघ सस्थाहरू पनि स्थापना भएका पाइन्छ भने वि.सं. २०५२ बाट त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुरमा एक वर्षे स्नातक तहमा पुस्तकालय विज्ञानको पठन पाठन पनि प्रारम्भ भएको पाइन्छ । फलतः नेपालमा पुस्तकालयको विस्तार मात्र नभई पुस्तकालयहरूलाई अन्तराष्ट्रिय मापदण्ड अनुरूप सञ्चालन गर्ने प्रक्रिया प्रारम्भ भएको छ । आधुनिक चरणका पुस्तकालयहरूलाई सेवा सुविधाका आधारमा राष्ट्रिय पुस्तकालय र क्षेत्रीय पुस्तकालय गरी चिनाउन सकिन्छ ।

## २.५ राष्ट्रिय स्तरका पुस्तकालय

राष्ट्रिय स्तरका पुस्तकालय भनेका अन्तराष्ट्रिय मापदण्ड अनुरूप सेवा सुविधा प्रदान गर्ने पुस्तकालय हुन् । यस्ता पुस्तकालय प्रायः राजधानीमा सञ्चालित छन् र तिनले सरकारी वा स्वायत्त निकायबाट नियमित आर्थिक अनुदान पाउने गरेका छन् । नेपालमा राष्ट्रिय स्तरका पुस्तकालयहरूको चर्चा गर्दा निम्न लिखित पुस्तकालयहरूको नाम लिन सकिन्छ :

### २.५.१ मदन पुरस्कार पुस्तकालय

वि.सं. १९९७/९८ देखि सुरुभएको कमलमणि दीक्षितको व्यक्तिगत पुस्तक सङ्ग्रहलाई वि.सं. २०१२ मा जगदम्बाकुमारीदेवीबाट स्थापित मदन पुरस्कार गुठीद्वारा सञ्चालनमा आउने गरी २०१३ मा **मदन पुरस्कार पुस्तकालय** स्थापना भएको हो ।[२९]

---

[२८] रामचन्द्र शर्मा पौडेल, **अघिका कुरा**, भानु-दर्शन, वर्ष ३२, अङ्क १, पूर्णाङ्क ७, २०६२, १९२ औं भानु जयन्ती स्मारिका, पृ. २६ ।

[२९] इन्द्रप्रसाद अधिकारी, पूर्ववत, पृ. २६ ।

नेपाली भाषा, साहित्य, ज्ञान र विज्ञानको विकास तथा उन्नति गर्ने वा अरू जुनसुकै माध्यमबाट नेपाली भाषाको सेवा गर्ने व्यक्तिलाई यथोचित सम्मान गर्ने आदि जस्ता पुनित उद्देश्य लिएर पति जनरल मदन शमशेरको पुण्य स्मृतिमा रानी जगदम्बाकुमारीदेवीबाट मदन पुरस्कार गुठी (२०१२) को स्थापना भएको थियो ।[३०] ठूलो हिस्सा नेपाली भाषा र साहित्यिक क्षेत्रसँग सम्बन्धित रहेपनि मदन पुरस्कार पुस्तकालयमा कानुन, विज्ञान, आयुर्वेद, इतिहास, भूगोल, नेपाली, संस्कृति, राजनीति, कृषि, आर्थिक, शैक्षिक, धार्मिक आदि विषयवस्तुसँग सम्बन्धित पुस्तकहरू समेत सँग्रहित छन् । यस पुस्तकालयमा लगभग २८००० (अठ्ठाइस हजार) पुस्तकहरू, ५००० (पाँच हजार) भन्दा बढी शीर्षकका अखबारहरूका साथै प्रशस्त मात्रामा पुराना चिठी पत्रहरू र पर्चा पम्प्लेटहरू पनि छन् । यस पुस्तकालयमा भएका सामग्रीहरू फोटोकपी गर्न र बाहिर पढन लान पाइँदैन तर विशेष अनुमति लिई भित्रै बसेर पढन भने पाइन्छ । यस पुस्तकालयलाई केही वर्ष अघिबाट नै वैज्ञानिक ढंगबाट व्यवस्थित गर्न थालिएको छ र यसले आफ्नो वेबसाइट पनि खोलेको छ । पुस्तकालयको वेबसाइटमा पुस्तकहरूको सूची लेखकहरूको नामबाट हेर्न सकिन्छ भने पत्र पत्रिकाहरू माइक्रोफिल्ममा पढ्न सकिन्छ । यस पुस्तकालयमा गोरखापत्रको पहिलो अङ्कदेखि अहिले सम्मका अङ्कहरू व्यवस्थित रूपमा राखिएको छ । यहाँ उपत्यकाका प्रायः सबै पत्रिका र उपत्यका बाहिरका मुख्य-मुख्य पत्रिकाहरू आउँछन् । यो पुस्तकालय नेपाली भाषामा लेखिएका पुस्तक, पत्रिकाहरू भएको नेपालको ठूलो र प्रतिष्ठित पुस्तकालय हो ।

### २.५.२ नेपाल राष्ट्रिय पुस्तकालय

नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना तत्कालीन श्री ५ को सरकारद्वारा वि.सं. २०१३ मा गरिएको हो । यसको स्थापनाका निम्ति सरकारले हेमराज पाण्डेको निजी पुस्तकालय किनेको थियो ।[३१] हेमराज पाण्डेको निजी पुस्तकघरबाट सम्पूर्ण पुस्तक, हस्तलिखित ग्रन्थहरू सिंहदरबार पुस्तकालयमा ल्याई केही समयपछि हरिहर भवनमा नेपाल राष्ट्रिय पुस्तकालय स्थापना गरिएको थियो । यस पुस्तकालयमा डिल्लीरमण रेग्मीको निजी पुस्तकालय पनि गाभिएको छ । वि.सं. २०१७ सम्म सन्दर्भ पुस्तकालयको रूपमा रहेको यो पुस्तकालय वि.सं. २०१८ देखि सर्वसाधारणका लागि खुल्ला गरिएको थियो । यसले २०५२

[३०] नेत्रप्रसाद घिमिरे, **नेपाली भाषा र साहित्यमा मदन पुरस्कार गुठीको योगदान**, स्नातकोत्तर शोधपत्र, २०६१, पृ. ५१ ।

[३१] कृष्णमान मानन्धर, पूर्ववत्, पृ. ७ ।

भाद्र ४ गते बालदिवसको दिन बाल बालिकाहरूका लागि छुट्टै पुस्तकालय शाखा स्थापना गरेको छ ।[३२] अहिले पनि यो पुस्तकालय हरिहर भवन पाटनमा अवस्थित छ । यस पुस्तकालयमा नेपाली, अङ्ग्रेजी, हिन्दी, नेवारी, बंगाली, भोजपुरी, मराठी आदि गरी ७७००० (सतहत्तर हजार) भन्दा बढी पुस्तक तथा पत्रपत्रिकाहरूको सङ्ग्रह रहेको छ । पुस्तकालयमा पुस्तकहरू बढ्ने क्रम पनि क्रमशः रहेको छ ।

### २.५.३ नेपाल राष्ट्रिय अभिलेखालय

वि.सं. २०१७ मा श्री ५ को सरकार र भारत सरकारका बीच नेपाल राष्ट्रिय अभिलेखालय भवन निर्माण गर्ने सम्झौता भई वि.सं. २०२३ मा काठमाडौंको रामशाह पथमा निर्माण गरिएपछि वीर लाईब्रेरीका सम्पूर्ण सामग्री स्थानान्तरण गरी राष्ट्रिय अभिलेखालय स्थापना गरिएको हो । यो अभिलेखालय प्राचीन ऐतिहासिक सामग्रीहरूको भण्डार हो । यसमा ताडपत्र, शिलालेखका प्रतिलिपिहरू, स्वर्णपत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थ आदि ऐतिहासिक कागजात छन् । यो अभिलेखालय विश्व अभिलेख संघको सदस्य पनि बनेको छ ।

### २.५.४ केशर पुस्तकालय

फिल्डमार्सल केशरशमशेरले आफ्नो निजी सङ्ग्रहको रूपमा केशर महलको अघिल्लो मोहडामा जम्मा गरी राखेका पुस्तक, ग्रन्थ र त्यसमा सजाइएका उपकरणहरू सबै उनको अन्तिम इच्छा अनुसार राष्ट्रलाई समर्पित गरिएपछि सरकारले सङ्कलकको नाममा वि.सं. २०२६ श्रावण १ गतेदेखि केशर पुस्तकालयको स्थापना गरेको हो । यो पुस्तकालय वि.सं. २०२८ देखि सर्वसाधारणको लागि पनि खुला गरिएको छ ।[३३] यस पुस्तकालयमा हजारौ वर्ष पुराना ताडपत्र, भोजपत्र तथा नेपाली कागजमा लेखिएका हस्तलिखित सामग्रीहरू धर्मदर्शन, खगोल, आयुर्वेद, विज्ञान, जीवनी, शिकार ग्रन्थ, अङ्ग्रेजी साहित्य, इतिहास लगायत शब्दकोश जस्ता सन्दर्भ सामग्रीहरू रहेका छन् ।[३४] यस्ता सामग्रीहरूमा विभिन्न भाषाका हस्तलिखित लिपिग्रन्थका साथ हजार वर्ष पुरानो सहोत्तर तन्त्र (भैषज्य शास्त्र) समेत छ ।

---

[३२] **मोती**, सामयिक सङ्कलन, मोती पुस्तकालय फलेबास, पर्वत, असोज २०६०, पृ. १२८ ।

[३३] शिक्षा तथा खेलकुद मन्त्रालय (एकझलक) २०५७, काठमाडौं: श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, योजना महाशाखा, तथ्याङ्क शाखा, पृ. १४४ ।

[३४] केशर पुस्तकालय, शत वार्षिक महोत्सव स्मारिका, काठमाडौं: केशरमहल, २०६५, पृ. ३६ ।

यस पुस्तकालयमा अन्यत्र दुर्लभ पुस्तकहरू रहेकाले अध्ययन एवम् अनुसन्धान कर्ताहरूका निम्ति यो पुस्तकालय अत्यन्त उपयोगी रहेको छ । यो पुस्तकालय केशर शमशेरकै दरबारमा रहेको छ र यसमा विभिन्न कवि, लेखक एवम् दार्शनिकहरूका साथै राजा महाराजाका कलात्मक तस्वीर, राणाकालीन शिकारका चित्रहरू, विभिन्न जनावरका टाउकाहरू समेत रहेको हुँदा यसको सजावट रोमाञ्चकारी देखिन्छ । यस पुस्तकालयमा अङ्ग्रेजी भाषामा लेखिएका पुस्तकहरू बढी भएपनि नेपाली, हिन्दी, नेवारी, बंगाली फ्रेन्च भाषाका पुस्तकहरू पनि सङ्कलित छन् । संस्कृत तर्फ पुराण, वेद, उपनिषद, रामायण, महाभारत, गीता, आदि जस्ता ग्रन्थ छन् । यस पुस्तकालयमा रहेका सबै विषयका पत्रपत्रिकाहरू समेत गरी ५०००० (पचास हजार) पुस्तकहरू सङ्ग्रहित छन् । केशर पुस्तकालयबाट पुस्तकहरू बाहिर लैजान पाइदैन तर पुस्तकालय समय (बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म) भित्र पाठक स्वयं आई आवश्यक पुस्तक अध्ययन गर्न र आवश्यक परेमा फोटोकपी गर्न समेत पाइन्छ ।

### २.५.५ सेन्ट्रल लाइब्रेरी

वि.सं. २०१४ मा नेपाल सरकार र अमेरिकन सरकारको USAID बीच काठमाडौंमा केन्द्रीय पुस्तकालयको स्थापना गर्ने कुरामा सम्झौता भई वि.सं. २०१६ मा सेन्ट्रल लाइब्रेरीको स्थापना भएको हो तर यो पुस्तकालय केही समयपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रीय पुस्तकालयमा गाभिएको हुँदा यसको इतिहास अत्यन्त छोटो देखिन्छ ।[३५]

### २.५.६ त्रि.वि. केन्द्रीय पुस्तकालय

वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भए लगत्तै त्रिपुरेश्वरमा त्रिभुवन विश्वविद्यालय पुस्तकालय स्थापना भएको पाइन्छ । वि.सं. २०१९ मा सेन्ट्रल लाइब्रेरीका सम्पूर्ण सामग्रीहरू त्रिभुवन विश्वविद्यालय पुस्तकालयमा मिलान गरी पुस्तकालयको नाम त्रि.वि. केन्द्रीय पुस्तकालय राखिएको देखिन्छ ।[३६] यो पुस्तकालय अहिले त्रि.वि. परिसर कीर्तिपुरमा रहेको छ । यो नेपालमा रहेका पुस्तकालयहरू मध्येकै सबैभन्दा ठूलो र व्यवस्थित पुस्तकालय हो । यसले विश्वविद्यालयसँग आवद्ध प्राध्यापक, विद्यार्थी र

---

[३५] इन्द्रप्रसाद अधिकारी, पूर्ववत् , पृ. २५ ।

[३६] नारायण मिश्र / शान्ति मिश्र, पूर्ववत्, पृ . ३०५ ।

कर्मचारीहरूलाई मात्र सेवा नदिई सरकारी, गैरसरकारी, विदेशी कुटनीतिज्ञ, स्वदेशी, विदेशी अनुसन्धानकर्ताहरू लगायत सर्वसाधारणलाई समेत सेवा उपलब्ध गराउँदै आएको छ । सुरुमा १२०० पुस्तकबाट सुरुभएको यस पुस्तकालयमा हाल  २,९०००० जति पुस्तकहरू र २५००० जति अनुसन्धानात्मक सामग्रीहरू रहेका छन् । यसमा ठूलो संख्यामा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रकाशन हुने पत्रपत्रिकाहरू छन् । संयुक्त राष्ट्रसंघबाट प्रकाशन हुने सामग्री सङ्कलन गर्न छुट्टै कक्ष बनाइएको छ । पुस्तकालयमा पुस्तकको विवरण थाहा पाउनका लागि क्याटलगको व्यवस्था गरिएको छ र यसले आफ्नो वेबसाइट पनि सञ्चालनमा ल्याएको छ । वि.सं. २०५८ बाट यसले अन्तराष्ट्रिय मापदण्ड अनुरूप पुस्तक नम्बर ISBN पनि प्रदान गर्न थालेको छ । त्रि.वि. पुस्तकालयले पुस्तक सङ्कलनका अतिरिक्त कतिपय पुस्तक तथा बुलेटिनहरू पनि प्रकाशन गर्ने गरेको छ ।

### २.५.७ विदेशी नियोगद्वारा स्थापित पुस्तकालय

कुनै एक देशमा अरू देशका राजदूतावासहरूले आफैंले खोलेर वा सांस्कृतिक सङ्घहरूका माध्यमले चलाएका पुस्तकालयहरू यस अन्तर्गत पर्दछन् । यस्ता पुस्तकालयहरूमा सम्बन्धित देशको धर्म, संस्कृति, राजनीति, विज्ञान, आर्थिक, सामाजिक आदि पक्षहरूको जानकारी दिने सामग्रीहरू बढी पाइन्छन् । यस्ता केही पुस्तकालय हुन् :

क) अमेरिकन लाइब्रेरी (२००९)

ख) ब्रिटिस लाइब्रेरी (२००९)

ग) नेपाल भारत सांस्कृतिक संघ पुस्तकालय (२०११)

घ) नेपाल सोभियत मैत्री पुस्तकालय (२०१३) आदि ।

### २.६ क्षेत्रीय स्तरका पुस्तकालयहरू

वि.सं. २००७ को क्रान्तिपछि क्षेत्रीय स्तरमा पनि जनचाहना अनुरूप पुस्तकालयको स्थापना र सञ्चालन हुने लहर देखिएको छ । सुरु सुरुमा पुस्तकालय स्थापनामा स्थानीय जनता र संघ संस्थाहरूको सक्रियता बढी देखिन्छ भने पछि-पछि स्कुल, कलेज आदि शैक्षिक संस्थाहरू पुस्तकालय स्थापनामा बढी सक्रिय देखिन्छन् । चुँदी रम्घाको भानु पुस्तकालय, गुल्मीको किरण पुस्तकालय आदि जन स्तरमा खुलेका क्षेत्रीय स्तरका प्रमुख

पुस्तकालय हुन् भने त्रि.वि. अन्तर्गत पोखरा, विराटनगर, नेपालगञ्ज आदि क्याम्पसका ठूला पुस्तकालयहरू क्षेत्रीय स्तरका महत्त्वपूर्ण पुस्तकालय हुन् । अन्य संस्थाहरूले आ-आफ्नो कार्यक्रमलाई प्रभावकारी र फलदायी बनाउन पुस्तकालयहरू स्थापना गरेका छन् भने कतिपय पुस्तकालय केवल बालबालिकाका लागि मात्र भनेर पनि स्थापना गरेका देखिन्छन् । यस्ता पुस्तकालयहरूको सङ्कलनमा विशेष गरी खेलेर सिकिने किसिमका सामान्य खेलौना, रमाइलो मानेर चित्र हेरेर पढन सकिने चित्रमय पुस्तक, बाक्ला-बाक्ला पाना भएका बोर्ड पुस्तक, पाना पल्टाउदा आवाज आउने पुस्तक, राइम (बालगीत) पुस्तक, चित्रकथा, परिकथा, इसपका नीतिकथा, पन्चतन्त्रका कथा, रामायण, महाभारत आदि धर्मग्रन्थका पात्रहरूको आदर्श समेटिएका सरल पुस्तक, सामान्य ज्ञानका पुस्तक, अचम्म लाग्दा र रोचक जानकारीका पुस्तक र अलि ठूलो उमेरका केटा केटीहरूका लागि भाषा व्याकरण, गणित आदिका सरल, पाठ्यपुस्तक, विश्वविख्यात पुस्तकका सरलीकृत र संक्षिप्त रूप र बाल उपन्यासहरू हुन्छन् ।[३७] क्षेत्रीय तहमा खुलेका केही प्रमुख पुस्तकालयहरू यस प्रकार छन् :

१. भानु पुस्तकालय,  चुँदी रम्घा, तनहुँ, २००८

२. अरण्य ज्योति पुस्तकालय, महेन्द्रपुल, पोखरा, २००९

३. प्रभात पुस्तकालय, पाटन, काठमाडौं, २००९

४. नव जीवन मार्ग पुस्तकालय सिफल, काठमाडौं ,२००९

५. योगेन्द्र स्मारक पुस्तकालय, रक्तकाली काठमाडौं, २००९

६.  विश्वबन्धु पुस्तकालय, महाराजगन्ज, काठमाडौं, २०१०

७. उग्र पुस्तकालय, साँखु, काठमाडौं, २०११

८. जन वाचनालय पुस्तकालय, पकनाजोल, २०११

९. सार्वजनिक पुस्तकालय, जनकपुरधाम, २०१२

१०.अध्ययन गृह पुस्तकालय, जाउलाखेल, काठमाडौं, २०१२

---

[३७] इन्द्रप्रसाद अधिकारी, पूर्ववत् , पृ. ३६ ।

११. कैलाली जनपुस्तकालय, धनगढी, २०१४

१२. कलाकुञ्ज पुस्तकालय, रौतहट, २०१५

१३. नारायणी पुस्तकालय, नारायणगढ, चितवन, २०१६

१४. मोती पुस्तकालय, फलेबास, पर्वत, २०१६

१५. जावेश्वर पुस्तकालय, जुम्ला, २०१६

१६. नवचेतन पुस्तकालय, भक्तपुर, २०१६

१७. मित्र पुस्तकालय, महापाल, ललितपुर, २०१७

१८. विकास  पुस्तकालय, झापा, २०२३

१९. गण्डकी छात्र पुस्तकालय, गोर्खा, २०२४

२०. अमृत पुस्तकालय, बकुम्बहाल, ललितपुर, २०२६

२१. व्यासोदय पुस्तकालय, दमौली, २०२७

२२. देवकोटा पुस्तकालय, जुम्ला, २०२९

२३. सिदार्थ ज्ञानमन्दिर, रूपन्देही, भैरहवा, २०३२

२४. युवा पुस्तकालय, गोनरपुरा, महोत्तरी, २०३६

२५. रत्न पुस्तकालय, वानेश्वर, काठमाडौं, २०३६

२६. शारदा पुस्तकालय, बर्दिया, २०३७

२७. देवकोटा पुस्तकालय, विराटनगर, २०४०

२८. युवा पुस्तकालय, स्याङ्जा, २०४०

२९. श्रीकृष्ण पुस्तकालय, तेह्रथुम, २०४२

३०. स्टुडेन्ट्स पुस्तकालय, भक्तपुर, २०४६

३१. कालीका पुस्तकालय,बर्लाची, तनहुँ, २०४७

३२. नवजीवन ज्योति पुस्तकालय, मकवानपुर, हेटौंडा, २०४७

३३. सगरमाथा पुस्तकालय, सर्लाही, २०४८

३४. विमल स्मृति पुस्तकालय, पोखरा, २०४९

३५. सार्वजनिक पुस्तकालय, पोखरा, २०४९

३६. नमूना सहकारी पुस्तकालय, फिदिम, पाँचथर, २०५०

३७. हिमालय पुस्तकालय, खाडोल, ओखलढुङ्गा, २०५०

३८. थाक पुस्तकालय, मुस्ताङ्ग, २०५१

३९. सिन्धु पुस्तकालय, स्याम्घा, तनहुँ, २०५२

४०. सुजितस्मृति पुस्तकालय, महेन्द्रनगर, २०५३

४१. त्रिफला राष्ट्रिय पुस्तकालय, झापा, २०५३

४२. गौरादह सामुदायिक पुस्तकालय, झापा, गौरादह, २०५३

४३. रामेश्वर पुस्तकालय, चितवन, भरतपुर, २०५४

४४.वातावरण पुस्तकालय, ललितपुर, २०५५

४५. जनसेवा पुस्तकालय, सँखुवासभा, २०५६

४६. प्रतिभा पुस्तकालय, कैलाली, २०५७

४७. युगेश्वर कार्की पुस्तकालय, जाजरकोट, २०५८

४८. सामुदायिक जनपुस्तकालय, बैतडी, २०५८

४९. ज्ञानोदय पुस्तकालय, बाँके, २०५८

५०. धुञ्चे सामुदायिक अध्ययन केन्द्र, रसुवा, २०५९ आदि ।[३८]

## २.७ निष्कर्ष

पुस्तकालय ज्ञानको भण्डार हो, ज्ञानविज्ञानको सञ्चित राशी हो, ज्ञान प्रसारको माध्यम पनि हो । यसले प्राचीन अभिलेखका साथै हस्तलिखित ग्रन्थहरूको सुरक्षा गरी कला संस्कृतिको जगेर्ना गर्ने काम गर्दछ । पुस्तकालयबाट ज्ञानको ज्योतिको प्रार्दुभाव हुन्छ, अन्धकार नाश, अविद्या नाश हुन्छ । पुस्तकालयमा समग्र मानव सभ्यता, संस्कृति तथा

---

[३८] क) कविता पन्थी, पूर्ववत् , पृ. १८-१९ ।

ख) जुजुभाई डंगोल, पूर्ववत् , पृ. ३५ ।

विभिन्न कालखण्डमा घटित घटना तथा परिवेशलाई समेटने र प्रत्येक नयाँ पुस्तालाई उपयुक्त ज्ञान प्रदान गर्ने क्षमता रहेको हुन्छ । व्यवस्थित पुस्तकालयले सम्वृद्ध समाजको संकेत गर्दछ । यो नै पुरानो युग र नयाँ युगका बीचको संयोजनको आधार हो । पुस्तकालयको माध्यमबाट भाषा, संस्कृति र साहित्यको विकासमा टेवा पुग्दछ ।

विश्वमा पुस्तकालको स्थापना र विकासको इतिहास माटाका खबटे सङ्ग्रहबाट प्रारम्भ भई आधुनिक विद्युतीय पुस्तकालयसम्म आइपुगेको छ । नेपालको सन्दर्भमा हेर्दा पुस्तकालयको इतिहास त्यति पुरानो देखिँदैन । नेपालको इतिहासमा स्वर्णयुगले परिचित लिच्छविकालदेखि पुस्तकालयका प्रारम्भिक सङ्केतहरू देख्न सकिन्छ भने मल्लकालको पूर्वाद्धमा उपत्यकाका मल्लराजाहरू, पश्चिम पहाडका खस राजाहरू, तराइका डोय राजाहरूका दरबारका साथै बाइसे चौबिसे राज्यका राजाहरूका दरबारमा पनि पुस्तक सङ्ग्रह गरिएको पाइन्छ । आधुनिक नेपालको एकीकरणपछि शाहराजाहरूले पनि पुस्तक सङ्ग्रह गर्ने काम प्रारम्भ गरेका छन् र राजा गीर्वाणयुद्धविक्रमका पालामा पुस्तक हेरचाह गर्ने अड्डा पनि स्थापना स्थापना भएको छ । यो क्रम राणाकालमा अझ व्यवस्थित बन्दै गएको छ तर राणाकालमा सार्वजनिक पुस्तकालय स्थापना गर्ने कार्यलाई भने निरुत्साहित गरिएको छ ।

वि.सं. २००७ को जनक्रान्तिले एक्तन्त्रीय जहाँनिया राणा शासनलाई अन्त्य गरेपछि देशमा सामाजिक जागरणका निम्ति अनेक प्रयत्न थालिए । यसै क्रममा राष्ट्रिय स्तरका साथै क्षेत्रीय स्तरमा पनि पुस्तकालयहरू खुल्न थाले । अहिले नेपालमा अर्न्तराष्ट्रिय, राष्ट्रिय, र स्थानीय स्तरका थुप्रै पुस्तकालयहरू खुलेका छन् । नेपालका कुना काप्चा ग्रामीण भेकमा बस्ने जनतालाई समेत शिक्षा, जागरण र चेतना दिनका लागि सार्वजनिक, संस्थागत, शैक्षणिक, र सरकारी तहबाट पुस्तकालयहरू खोलिएका छन् र नेपालमा डिजिटल (विद्युतीय माध्यमका) पुस्तकालयले समेत प्रवेश पाईसकेको छ ।

नेपालमा सूचना विज्ञान शिक्षामा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत रहने गरी पुस्तकालय विज्ञान विभागको पनि स्थापना भएको पाइन्छ । त्यस्तै नेपाल पुस्तकालय संघले पुस्तकालयको महत्त्व र आवश्यकताको विषयमा जनचेतना  फैलाउने कामदेखि लिएर  पुस्तकालय तथा सूचना विज्ञान विषयक

तालिम दिदैँ आएको छ । नेपालको पुस्तकालय विकासमा सहयोग गर्ने नेपाल पुस्तकालय संघ, रिड नेपाल, रुम टु रिड नेपाल, तुलसा, युनेस्को काठमाडौं, इफला, आदि जस्ता संघसंस्थाहरू स्थापित भएका छन् । विश्व इतिहासको तुलनामा नेपालमा सँगठित र व्यवस्थित पुस्तकालय धेरै ढिलो सुरु भएपनि वर्तमान समयमा आइपुग्दा यसको विकासले तीब्र गति लिएको देखिन्छ ।

# तेस्रो परिच्छेद

## भानु पुस्तकालयको स्थापना र विकास प्रक्रिया

### ३.१ पृष्ठभूमि

नेपाल अधिराज्यको मध्यभागमा अवस्थित गण्डकी अञ्चलको दक्षिण पूर्व भागमा पर्ने तनहुँ जिल्लाको उत्तर पूर्वमा चुँदी रम्घा पर्दछ । शिक्षा र ज्ञानको दृष्टिकोणले अग्रस्थानमा रहेको चुँदी रम्घा तनहुँको मात्र नभई गोरखा, लमजुङ्ग, कास्की, स्याङ्गजा र पाल्पासम्मको पनि शैक्षिक केन्द्रका रूपमा देखा पर्दछ । विश्व वाङ्मयकै पहिलो ग्रन्थ मानिने वेदका सङ्कलक एवम् संस्कृत पुराणका रचयिता महर्षि वेदव्यासको जन्मभूमि दमौली मानिएको छ भने नेपाली भाषाका आदिकवि भानुभक्तको जन्मस्थल चुँदी रम्घा रहेको छ । देशमा राणाशासनको शोषण र दमन विद्यमान रहेका अवस्थामा पनि तनहुँ जिल्ला चेतनाका दृष्टिले केही अघि नै रहेको छ । फलतः भानु पुस्तकालय स्थापनाको सन्दर्भलाई स्पष्ट्याउन तनहुँको विद्वत् परम्परा र आधुनिक चेतना विस्तारको पृष्ठभूमि स्पस्ट्याउनु आवश्यक देखिन्छ ।

#### ३.१.१ तनहुँको विद्वत् परम्परा

तनहुँको विद्वत् परम्परा आदिकवि भानुभक्त आचार्यभन्दा निकै प्राचीन छ । तनहुँको दमौली महर्षि वेदव्यासको जन्मभूमि र तपोभूमि मानिने सन्दर्भले पौराणिक कालको विद्वतालाई सङ्केत गर्दछ भने ऐतिहासिक विद्वत् परम्परा तनहुँमा सेन राज्य प्रारम्भ भएपछि प्रारम्भ हुन्छ । तनहुँको राजवंश आफैँ पनि विद्यानुरागी देखिन्छ । राजा त्रिविक्रम सेन प्रथम वा तुला सेन (राज्यकाल १६८७- १७१० अनु.) ले १६९४ मा **अश्वपरीक्षा** नामक ग्रन्थ लेखेका छन् ।[३९] भने राजा त्रिविक्रम सेन द्धितीय (१८८९-१८२८) ले **ब्रम्हविद्या भरण जपविधि** र **श्री पूजा तिलक** नामक ग्रन्थ लेखेका छन् । राजा दिग्विजय सेन (प्राप्त राज्यकाल १७५५ देखि १७९५) का पालामा मध्यदेशको शालिग्राम क्षेत्रमा नदी तटमा पर्ने पदनी गाउँका वृहस्पति शर्माका छोरा ध्रुवेश्वर शर्माले **मेघदूत**को प्रतिलिपि उतार गरेका छन् भने

---

[३९] डा. व्रतराज आचार्य, “तनहुँको विद्धत् परम्परा केही तथ्य केही सङ्केत” (प्रारम्भदेखि सात सम्म), तनहुँ सन्देश, २०६६, पृ. १४ ।

कामराजदत्त सेनको राज्यकालमा १७९५ मा विश्वेश्वर उपाध्याय नामका अर्का व्यक्तिले एक अर्को पुस्तक लेखेका छन् ।

सेन राजाहरूका दरवारका गङ्गाविष्णु, कुलनिधि आदि विद्वानहरू देखिन्छन् भने तनहुँमा जन्मेका राजगुरु गौरीश्वर पाण्डेले तनहुँका राजा त्रिविक्रम सेन र गोरखाका राजा नरभूपाल शाह दुवैलाई गायत्री मन्त्र सुनाएको जानकारी पाइन्छ । राजा त्रिविक्रम सेनका दरबारिया पण्डित गङ्गाविष्णु संस्कृत र नेपाली दुवै भाषाका विद्वान थिए । उनले संस्कृतमा **आचार दीपक** नामक ग्रन्थ रचना गरेको बुझिन्छ । यिनले **अजीर्ण मञ्जरी** नामक उपचार विषयक ग्रन्थ मूल संस्कृतमा र अनुवाद नेपाली भाषामा लेखेका छन् भने **शारदा तिलक** नामक ग्रन्थको प्रतिलिपि समेत गरेका छन् । यसैगरी गौरीश्वर पाण्डेले पनि **अंग स्फुरण** नामक कृति पनि लेखेका थिए । तनहुँको विद्वत् परम्परालाई अगाडि बढाउन पौड्याल वंशका जयमंगल र उनका सन्ततिहरूको योगदान पनि महत्त्वपूर्ण देखिन्छ ।

तनहुँको विद्वत् परम्पराको चर्चा गर्दा तनहुँसुर/ कोट वरपरका गाउँमा खनाल, पण्डित, पौडेल, ढकाल आदि थरका ब्राम्हणहरूको भूमिका उल्लेखनीय रहेको बुझिन्छ । खनालहरू तनहुँ राज्यका राजकाजमा समेत संलग्न थिए । श्रीभद्र शर्माका अनुसार खनालमा शिवानन्द, भवानन्द, सागर, रामनाथ, अंशुमाली आदि विभिन्न समयमा राजदरबारमा कार्यरत थिए । अंशुमालीले शप्तशती चण्डी अनुवाद गरी प्रकाशन गरेका थिए भने १९९२ मा तनहुँसुरमा सरकारी भाषा पाठशाला स्थापना गरेका थिए । टीकानिधि खनालले (१९५६-२०१६) सम्पूर्ण मध्यमा गरी चोकको पाठशालामा पढाएका थिए । देवीप्रसाद खनाल, रामप्रसाद खनाल पनि प्रकाण्ड विद्वान हुन् । रामप्रसाद खनालले वि.सं २००४ मा पशिचम पहाड (तनहुँ-लमजुङ्ग) मा भएको हलो आन्दोलनको नेतृत्व गरेका थिए भने बन्दीपुरमा पदम पुस्तकालयको स्थापना गर्नमा सहयोग पुऱ्याएका थिए । उनले प्राथमिक तहको पाठ्यपुस्तक पनि लेखेका थिए । श्रीभद्र शर्मा विद्वान, राजनितिज्ञ थिए भने यिनले जयतु संस्कृतम आन्दोलनको नेतृत्व गर्नुका साथै विभिन्न पुस्तकहरू प्रकाशन गरेका थिए । यसै गरी तनहुँ कोट आसपासका प्रयागदत्त पण्डित दरबारका पूजारी थिए र यिनले **शिक्षा रत्नम्** भन्ने पुस्तक पनि लेखेका थिए भने जुननाथ पण्डित दरबारका बडागुरुज्यू थिए र यिनले पनि **निर्णय सिन्दु सार सङ्ग्रह** नामक ग्रन्थ रचना गरेका थिए । त्यस्तै ढकाल वंशका देवीप्रसादले आयुर्वेदमा आचार्य गरेका थिए । तनहुँ अर्चलेका अधिकारी पनि विद्यानुरागी देखिन्छन् ।

कर्णध्वज  अधिकारी मुख्य सचिव थिए भने भद्रवीर अधिकारीले बृद्धावस्थामा विद्यावारिधि उपाधि प्राप्त गरेका थिए ।

तनहुँकोटको पूर्वमा अवस्थित चुँदी बेंसी र रम्घा गाउँ विद्वत्ताका दृष्टिले निकै प्रख्यात देखिन्छ । आचार्य वंशका श्रीकृष्ण, धनञ्जय, काशीनाथ, पदमनाथ, गगांदत्त, तुलसीराम, चर्तुभुज, भानुभक्त, रामनाथ, विश्वनाथ, उमानाथ, नरनाथ, भोजराज, तीर्थराज आदि विद्वत्तामा अग्रणी देखिन्छन् । श्रीकृष्णका नाति भानुभक्त आचार्यले **रामायण महाकाव्य, बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर** लघुकाव्य एवम् फुटकर पद्यहरू रचना गरेका छन् । यसै गरी रामनाथले **हितोपदेश** लघुकाव्य रचना गरेका छन् र  कृष्णप्रसाद आचार्यले  औपचारिक शिक्षा प्रारम्भ गरेका छन् । चुँदीका पौडेलहरूको वंश श्रीकृष्णबाट प्रारम्भ हुन्छ । श्रीकृष्ण राजदरबारका विद्वान मानिन्छन् । चन्द्रकान्त, रुद्रशङ्कर आदि पनि विद्वानको कोटिमा पर्दछन । सोमनाथ नेपालका प्रथम वेदाचार्य पनि यस वंशका मुख्य विद्वान हुन् । यसैगरी चुँदीका पण्डित खलकमा ज्ञानहरि विद्वान देखिन्छन् । चुँदी नजिक दोरदोरमा बसोबास गर्ने तीर्थराज  पाण्डेले **उपदेश मञ्जरी**का साथै **विद्या सुन्दर**, **माधवानल काम कन्दला** नामक पुस्तक लेखेका छन् । विद्वत्ताका दृष्टिले तनहुँको बन्दीपुर, गुणादी, म्याग्दे, छाङ आदि गाउँ पनि महत्त्वपूर्ण देखिन्छन् ।

यस प्रकार तनहुँमा विद्यमान विद्वत्ताको सुदीर्घ परम्पराले गर्दा सात अघि नै बन्दीपुरमा पद्म पुस्तकालय खुलेको देखिन्छ र सात को परिवर्तनसँगै चुँदी रम्घामा भानु पुस्तकालय खुलेको पाइन्छ ।

### ३.१.२  प्रजातन्त्रको स्थापना र चेतनाको विकास

वि.सं. २००७ मा प्रजातन्त्रको स्थापनासँगै नेपालमा बौद्धिक जागरणको युग प्रारम्भ भएको छ र जनचाहना अनुरूप शैक्षिक चेतनाको विस्तार हुन थालेको छ । त्यसपछि सर्वसाधारण जनताका छोराछोरीले सजिलैसँग पढ्ने लेख्ने स्वतन्त्रता पाएका छन् । यही खुला वातावरणको प्रभाव तनहुँमा पनि परेको छ । तनहुँमा चेतनाको विकास गर्ने सन्दर्भमा आधुनिक विद्यालयको रूपमा शिक्षण संस्थाहरू खोल्ने कार्य प्रारम्भ भएको देखिन्छ । वि.सं. २००४ मै पद्म पुस्तकालय खोलेर चेतनाको विकासको प्रारम्भ गरीसकेको बन्दीपुरमा वि.सं. २००८ मा भानु मिडिल स्कुलको स्थापना भएको जानकारी पाइन्छ भने तनहुँका शिक्षाप्रेमीहरूमा देखिएको जागरणको फलस्वरूप चुँदी रम्घा, सिम्पानी, थर्पु, थप्रेक आदि

विभिन्न ठाँउमा विद्यालयहरू स्थापना भएको देखिन्छ । वि.सं. २०१५/१६ सम्म तनहुँका धेरैजसो ठाँउमा प्राइमरी स्कुलहरू खुलिसकेका छन् भने देशमा चेतनाको विस्तार हुदै जाँदा शैक्षिक संस्थालाई व्यवस्थित गर्न वि.सं. २०१८ मा जिल्ला शिक्षा कार्यालयको पनि स्थापना भएको छ । तनहुँमा वि.सं. २०१७ सम्म एक मात्र हाइस्कुल भानु हाइस्कुल रहेकोमा वि.सं. २०२८ मा आइपुग्दा आधा दर्जन जति हाइस्कुल स्थापना भइसकेको पाइन्छ । तनहुँमा उच्च शिक्षाको आवश्यकता महसुस गरी वि.सं. २०३७/३८ मा बन्दीपुरमा मानविकी प्रमाणपत्र तहको पढाइ सुरु गरियो भने वि.सं. २०४४ मा सदरमुकाम दमौलीमा आदिकवि भानुभक्त क्याम्पस र खैरेनीटारमा भानुभक्त क्याम्पस स्थापना गरियो । यसैगरी वि.सं. २०५३ महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत चुँदी रम्घामा भानु संस्कृत विद्यापीठको स्थापना भयो ।

शैक्षिक संस्थाका अतिरिक्त तनहुँमा पुस्तकालयहरूको स्थापना पनि निरन्तर विस्तार हुँदै गएको पाइन्छ । पाठशालाको पढाइलाई टेवा दिई जनस्तरमा चेतनाको विस्तार गर्ने अभिप्रायले आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घामा उनैको नाममा भानु पुस्तकालय वि.सं. २००८ मा स्थापना भएको छ भने तनहुँको सदरमुकाम दमौलीमा सरेपछि २०२७ तिर व्यासोदय पुस्तकालय स्थापना भएको छ र अरू ठाउँमा पनि क्रमशः पुस्तकालय स्थापना गरी चेतनाको विकास र विस्तार गर्ने क्रम बढदै गएको छ ।

नेपाली साहित्यको विकास परम्पराको अध्ययन गर्दा तनहुँका साधकहरूलाई छोडेर परम्पराको क्रम स्थापित गर्न सकिँदैन । महाभारतका रचयिता वेदव्यास, रामायणका रचयिता भानुभक्त यही तनहुँमा जन्मेका थिए । भानुभक्तलाई नेपाली साहित्यका आदिकवि घोषित गरिएपछि उनको जन्मस्थलप्रति नेपालीहरूको चासो बढ्दै गएको छ र परम्पराको बिँडो थाम्ने प्रचलनलाई अघि बढाउदै माध्यमिककालीन कवि तीर्थराज पाण्डे, रमानाथ आचार्य आदिका साथै आधुनिककालको प्रारम्भसँगै हरिनाथ खनाल, बोधविक्रम अधिकारी, यदुनाथ खनाल, नरनाथ आचार्य, तीर्थराज आचार्य, मुक्तिनाथ आचार्य र, क्षेत्रप्रताप अधिकारी, द्वारिका श्रेष्ठ आदि साहित्यकारहरू पनि नेपाली साहित्यमा देखा परेका छन् ।

यस प्रकार तनहुँ जिल्ला शैक्षिक, सामाजिक, सांस्कृतिक र साहित्यिक आदि विविध कारणले नेपालका अन्य भू-भाग भन्दा निकै अघि रहेका कारण दुर्गम पहाडी गाउँ भए पनि तनहुँको चुँदी रम्घामा २००८ मा नै भानु पुस्तकालयको स्थापना हुन सकेको देखिन्छ ।

## ३.२ भानु पुस्तकालयको प्रारम्भिक स्वरूप

भानु पुस्तकालय रम्घालीहरूको आफ्नै प्रयासमा वि.सं. २००८ मा स्थापना भएको थियो । स्थानीय शिक्षाप्रेमीहरूको प्रयासमा निजी धन्सारमा एउटा काठको दराजमा १, २ सय पुस्तकहरू स्थानीय तहमा सङ्कलन गरी यो पुस्तकालय सुरु भएको थियो । यसको प्रारम्भिक उद्देश्य गाउँमा चेतनाको विस्तार गर्दै चुँदी रम्घालाई आदिकविको जन्मस्थलका रूपमा चिनाउनु थियो ।

### ३.२.१ स्थापना प्रक्रिया

तनहुँ जिल्लामा सार्वजनिक पुस्तकालय स्थापनाका प्रयासहरू मध्ये दोस्रो प्रयासका रूपमा चुँदी रम्घाको भानु पुस्तकालय देखा पर्दछ । प्रजातन्त्रको आगमन भएपछि देशमा सामाजिक जागरणका साथै प्रजातान्त्रिक चेतनाको विकास र विस्तारका निम्ति ठाउँ ठाउँमा पुस्तकालयहरू खुल्न थालेका क्रममा आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घामा उनकै नाममा वि.सं. २००८ मा पुस्तकालय स्थापना भएको बुझिन्छ । उक्त पुस्तकालयको स्थापनामा रुद्रशङ्कर पौडेल, शिवशङ्कर आचार्य, ज्ञानहरि पण्डित, टीकाराम पौडेल, रामचन्द्र शर्मा पौडेल आदिको सक्रियता रहेको बुझिन्छ । पुस्तकालय स्थापना गर्न रम्घालीहरूको सामूहिक प्रयासमा स्थानीय शिक्षाप्रेमीहरूको घरदैलोमा गई सहयोग स्वरूप विभिन्न पुस्तकहरू करिब दुई सय जति सङ्कलन गरी स्थानीय शिक्षाप्रेमी ज्ञानहरि पण्डितको निजी धन्सारमा काठको दराजमा पुस्तकहरू राखी वि.सं. २००८ वैशाख महिनाबाट औपचारिक रूपमा भानु पुस्तकालयको शुभारम्भ गरिएको थियो ।

पुस्तकालयको स्थापना प्रसङ्गलाई रामचन्द्र शर्मा पौडेलले यसरी प्रष्ट्याएका छन् : "ज्ञानहरि पण्डित, टीकाराम पौडेल, रुद्रशङ्कर पौडेल, रामचन्द्र पण्डित, म लगायतका अन्य युवा शिक्षाप्रेमीहरू मिलेर घरघरबाट पुस्तकहरू जम्मा गरियो र पुस्तकालय सुरु गरियो । यसरी पुस्तकहरू जम्मा गर्दा धेरै जसो धार्मिक पुस्तकहरू प्राप्त भए । पुस्तकहरू १, २ सय जति थिए । तिनै पुस्तकहरूलाई ज्ञानहरि पण्डितको धन्सारमा काठको दराजमा राखी रम्घालीहरूको सपनाको रूपमा रहेको भानु पुस्तकालयको शुभारम्भ भयो । पुस्तकालय स्थापना भएपछि यसको दिगोपन र उचित व्यवस्थापनका साथै विस्तारको लागि विभिन्न तवरबाट पहल गर्ने सन्दर्भमा म र लक्ष्मीनाथ आचार्य केशरशमशेरसँग पुस्तकालयलाई

आर्थिक सहयोग माग्न जाँदा उनले परिस्थिति बदलिएको हुँदा आफूले आर्थिक सहयोग गर्न नसक्ने बताइ सहयोग स्वरूप पुस्तकालयका लागि केही पुस्तकहरू दिए ।"[४०]

आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घामा भानु पुस्तकालय किन स्थापना भयो भन्ने सन्दर्भलाई स्पष्ट पार्दै मुक्तिनाथ आचार्य भन्छन् : "दाजलिङ्ग चौरस्थामा वि.सं. २००३ मा भानुभक्त आचार्यको सालिक स्थापना भयो । त्यस कार्यका लागि नेपाली भाषाका साहित्यकार सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान आदिको सक्रियता रहेको थियो । त्यस समयमा नेपालमा भाषा र साहित्यको विकासका लागि त्यत्ति सहज वातावरण थिएन । तैपनि स्थानीय शिक्षाप्रेमीहरूको अथक प्रयासबाट तनहुँको तत्कालीन सदरमुकाम बन्दीपुरमा वि.सं. २००४ मा चुँदी रम्घाका विद्वान ज्ञानहरि पण्डित लगायतको सक्रियतामा पद्म पुस्तकालयको स्थापना भयो । वि.सं. २००७ को प्रजातन्त्र आगमनसँगै समाजमा चेतनाको विस्तार, नयाँ खोज र अनुसन्धानप्रतिको जागरण बढदै गयो । यिनै पृष्ठभूमिमा प्रजातान्त्रिक मूल्य र मान्यताको संस्थागत विकासका लागि भानुभक्तको जन्मस्थलमा उनकै नामसँग जोडेर भानु पुस्तकालय स्थापना गरिएको हो ।"[४१]

भानु पुस्तकालयको सञ्चालक समितिमा लामो समय रहेका गिरिराज आचार्य पनि पुस्तकालय स्थापनाको पृष्ठभूमिलाई यस प्रकार स्पस्ट्याउँछन् : "चुँदी रम्घामा शिक्षा दिने लिने गुरुकुल परम्परा वि.सं. १९९९ मा नै प्रारम्भ भइसकेको थियो र त्यसले वि.सं.२००५ तिर सरकारी स्वीकृति पाइसकेको थियो । देशमा प्रजातन्त्रको आगमनले स्वतन्त्रता छाएको उत्साह र उमंगको वातावरणमा चुँदी रम्घाका शिक्षाप्रेमीहरूले भानुभक्तको योगदानको कदर गर्ने, प्राचीन महत्त्वपूर्ण ग्रन्थहरू सङ्कलन गरी आदिकविको जन्मस्थललाई अगाडि ल्याउने र वरपरका गाउँमा समेत चेतना बढाउँदै लाने चाहनाले भानुभक्तको नाम जोडेर पुस्तकालय स्थापना गरेका थिए ।"[४२]

भानु पुस्तकालय चन्दा स्वरूप घरघरबाट डालामा पुस्तकहरू उठाएर जन्मिएको साहित्यिक संस्था हो । स्थानीय शिक्षाप्रेमीहरूको सक्रियतामा राष्ट्रिय विभूति भानुभक्तको जन्मस्थल चुँदी रम्घामा स्थापित यस पुस्तकालयको प्रारम्भिक स्वरूप पुस्तकहरू राखिएको काठको दराज थियो भन्ने बुझिन्छ । १/२ सय जति विशेष गरी धार्मिक पुस्तकहरू राखेर

[४०] शोधार्थी-रामचन्द्र शर्मा पौडेलसँगको कुराकानीमा आधारित ।

[४१] शोधार्थी-मुक्तिनाथ आचार्यसँगको कुराकानीमा आधारित ।

[४२] शोधार्थी-गिरिराज आचार्यसँगको कुराकानीमा आधारित ।

काठको दराज पुस्तकालयको रूपमा प्रारम्भको केही समय स्थानीय ज्ञानहरि पण्डितको धन्सारमा राखेको जानकारी पाइन्छ । रामचन्द्र शर्मा पौडेलका अनुसार धन्सारलाई प्रारम्भिक स्वरूपको पुस्तकालय मानेर राखिएकामा केही समयपछि अर्का शिक्षाप्रेमी सूर्यनाथ आचार्यको घरको तलाको कोठीमा पुस्तकालय सारिएको थियो ।

## ३.२.२ प्रारम्भिक उद्देश्य

कुनै पनि संस्था स्थापना गर्नुका पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्य र योजना विनाको संस्था व्यवस्थित हुन सक्दैन । पुस्तकालय एउटा साहित्यिक संस्था भएको हुँदा यसको प्रमुख उद्देश्य विभिन्न भाषा र विषयका पुस्तकहरूका साथै पत्रपत्रिका आदिको सङ्ग्रह प्रमुख हुन्छ तर पुस्तकालयमा पुस्तकहरूको थुप्रो मात्र नलगाएर त्यसलाई व्यवस्थित रूपमा पाठकसम्म पुऱ्याउने जनशक्ति पनि चाहिन्छ । भानु पुस्तकालय सामान्य पुस्तकालय मात्र नभई जनतामा चेतना विस्तार गर्दै लाने र भानुभक्तको जन्मस्थललाई राष्ट्रिय स्तरमा चिनाउने सामाजिक संस्थाका रूपमा स्थापना भएको हुँदा रम्घाली बुद्धिजीवीहरूले २००८ मा भानु पुस्तकालय स्थापना गर्दा यसको प्रारम्भिक उद्देश्य निम्न लिखित निर्धारण गरेको पाइन्छः [४३]

क) भानु पुस्तकालय अन्तर्गत वाचनालय, शिक्षणालय खोली पुस्तक र पत्रिकाबाट हुने साधारण ज्ञानबाट वञ्चित भएका ग्रामीण जनतालाई पुस्तक पत्रिकाको अवलोकन गराई योग्यता प्रदान गराउने ।

ख) अध्ययनशील अकिञ्चन छात्रहरूलाई पुस्तकको सहायता दिने ।

ग) अरू गाँउमा समेत पुस्तकको आदान प्रदान गरी सहायता गर्ने,

घ) आदिकवि भानुभक्त आचार्यको एक पुण्य प्रतिमाको स्थापना गर्ने,

इ.) विभिन्न भाषाको पुस्तक र पत्रपत्रिकाहरू तथा हस्तलिखित दुष्प्राप्य ग्रन्थहरूको सङ्कलन गर्ने,

[४३] डा. व्रतराज आचार्य, **भानु पुस्तकालयदेखि भानु प्रतिष्ठानसम्म**, भानु दर्शन, वर्ष ३२, अङ्क १, पूर्णाङ्क ७, २०६२, १९२ औं भानु जयन्ती स्मारिका, पृ. ५० ।

## ३.३ भानु पुस्तकालयको विकास प्रक्रिया

आदिकवि भानुभक्तको स्मृतिमा उनको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक एवम् रमणीय तीर्थस्थल बनाउनका लागि भानु पुस्तकालयको जन्म रम्घालीहरूले उत्साह र उमङ्गकासाथ गरेको बुझिन्छ । यसरी स्थापना भएको पुस्तकालयको विकासक्रम तीन चरणहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ प्रथम चरण (स्थापनाकालदेखि २०१५ सम्म)

भानु पुस्तकालय वि.सं.२००८ मा स्थापना हुँदा यसको स्वरूप १/२ सय पुस्तकमा सीमित थियो र पुस्तकालयको सम्पत्ति भनेको एउटा काठको दराज मात्र थियो । रम्घालीहरूले पुस्तकालय स्थापना गर्दा पुस्तक र पत्रिकाबाट हुने साधारण ज्ञानबाट वञ्चित भएका ग्रामीण जनतालाई पुस्तक पत्रिकाको अवलोकन गराई योग्यता प्रदान गराउने उद्देश्य मात्र राखेका थिएनन्, अध्ययनशील अकिञ्चन छात्रहरूलाई पुस्तकको सहायता दिने, अरू गाँउमा समेत पुस्तकको आदान प्रदान गरी सहायता गर्ने, आदिकवि भानुभक्त आचार्यको एक पुण्य प्रतिमाको स्थापना गर्ने, विभिन्न भाषाको पुस्तक र पत्रपत्रिकाहरू तथा हस्तलिखित दुष्प्राप्य पुस्तकहरू सङ्कलन गर्ने उद्देश्य पनि निर्धारण गरेका थिए ।

**क) सञ्चालन प्रक्रिया :** चुँदी रम्घामा वि.सं.२००८ मा पुस्तकालय स्थापना भए पनि त्यस बखत सञ्चालक समिति गठन भए नभएको यथार्थ विवरण भेटिँदैन । पुस्तकालयको सञ्चालन भने जसको घरमा पुस्तकालय रहन्छ उसैले गर्ने गरेको जानकारी पाइन्छ । फलतः प्रारम्भमा पुस्तकालयको सञ्चालन ज्ञानहरि पण्डितले गरेको बुझिन्छ भने पुस्तकालय सूर्यनाथ आचार्यको घरमा सरेपछि सञ्चालन पनि उनैले गरेको बुझिन्छ । भानु पुस्तकालयको सञ्चालनमा लामो समय सक्रिय रहेका गिरिराज आचार्य पनि पुस्तकालय सञ्चालनको सन्दर्भ स्पष्ट गर्दै लेख्छन् : "ज्ञानहरि पण्डित, रुद्रशङ्कर पौडेल आदि जस्ता अग्रजहरूबाट थालिएको पुस्तकालय सुरुमा ज्ञानहरि पण्डितको धन्सारमा काठको दराजमा पुस्तकहरू राखेर स्थापना गरियो । १/२ वर्ष जति उहाँको धन्सारमा रहेको पुस्तकालयको दराज उहाँ बसाइसराई गरी बेंसी सरेपछि अर्का शिक्षाप्रेमी सूर्यनाथ आचार्यको घरको तलामा रहेको कोठीमा राखियो । उहाँको घरमा त्यो दराज लामो समयसम्म बस्यो । गाउँमा माध्यमिक विद्यालयको भवन स्थापना भएपछि मात्र पुस्तकालय पाठशालाको एउटा कोठामा सारियो ।"

रम्घालीहरूले भानु पुस्तकालय स्थापनासँगै भानु जयन्ती मनाउने परम्परा पनि प्रारम्भ गरेको जानकारी रामचन्द्र पौडेलले दिएका छन् तर यो परम्परा नियमित रूपमा अघि बढेको भने बुझिँदैन ।

**ख) सहयोग समिति र सहायक समिति गठन :** भानु पुस्तकालयको विकासका निम्ति वि.सं. २००८ मा नै काठमाडौंमा भानु पुस्तकालय सहयोग समिति स्थापना भएको थियो र त्यसले रम्घाली भेला गराई चुँदी रम्घाको विकासका निमित्त योजना बनाउने प्रक्रिया प्रारम्भ गरेको छ । केही समयपछि चुँदी रम्घामा नै पुस्तकालय सञ्चालक समिति गठन भएको हुँदा भानु पुस्तकालय सहयोग समितिले वि.सं.२०११ बाट भानु पुस्तकालय सहयोग समितिका रूपमा काठमाडौंको ठँहिटीमा कार्यालय स्थापना गरी काम गर्न थालेको छ ।[४४]

**ग) नाटक समिति गठन :** भानु पुस्तकालय स्थापना भएपछि रम्घालीहरूको सक्रियतामा रम्घामा नाटक प्रदर्शन गर्न थालेको बुझिन्छ र नाटक प्रदर्शनका निम्ति पुस्तकालय अन्तर्गत नाटक समिति नै गठन भएको छ । मनोरञ्जनका अन्य साधनहरू नभएको तथा ग्रामीण जनतामा शैक्षिक जागरण त्यति नभई सकेको तत्कालीन अवस्थामा ग्रामीण जनतालाई मनोरञ्जन सहित शिक्षा प्रदान गर्नु नाटक समितिको उद्देश्य देखिएको छ । नाटक समितिका गतिविधिहरू परिच्छेद ४ मा उल्लेख गरिएको छ ।[४५]

**घ) भानु प्रतिमा र भानु स्मारक निर्माण गर्ने प्रयत्न** : वि.सं. २०१५ मा राजा महेन्द्रको पञ्चिमाञ्चल भ्रमणका क्रममा उनलाई केही परबाट रम्घा देखाई भानु पुस्तकालयको स्वीकृतिका साथै चुँदी रम्घामा भानु स्मारक निर्माण गर्नका निम्ति सहयोग माग गरिएको थियो । फलतः भानु पुस्तकालयले वि.सं. २०१५ मा शिक्षा डिभिजन इन्सपेक्टर अफिस पोखराबाट स्वीकृति प्राप्त गरेको छ र सरकारले रम्घामा भानु स्मारक निर्माणका निम्ति २०१५ मा नै रु ५०००।- निकासा पनि दिएको छ ।

**ङ) पुस्तकालय दर्ता :** रम्घालीहरूले वि.सं.२०१५ मा राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणका क्रममा पुस्तकालय दर्ता गरियोस् भनी निवेदन दिएको बुझिन्छ । फलतः सोही निवेदनका आधारमा वि.सं. २०१५ मा शिक्षा डिभिजन इन्सपेक्टर अफिस पोखराले

[४४] डा. व्रतराज आचार्य, पूर्ववत्, पृ.५१ ।

[४५] पं. रामचन्द्र पण्डित 'सरस्वती' सँगको अन्तर्वार्ता, चुँदी रम्घा, २०४१, वर्ष ४, अङ्क ४,पृ. ८ ।

पुस्तकालयलाई दर्ता गरी प्रमाण पत्र प्रदान गरेको छ । पुस्तकालयलाई दर्ता पत्र प्राप्त भए पनि त्यस बखत पुस्तकालयले अरू सहयोग भने प्राप्त गरेको देखिँदैन । पुस्तकालयको दर्ता पत्र परिशिष्टमा दिइएको छ ।

**च) आर्थिक स्थिति :** भानु पुस्तकालय स्थापना हुँदा यसले ज्ञानहरि पण्डितबाट रु १००। प्राप्त गरेको बुझिन्छ  र उक्त रकमबाट नयाँ-नयाँ विषयका पुस्तकहरू खरिद गरेको बुझिन्छ  । उनी त्यस बखतको अवस्था सम्झँदै भन्छन् : "मैले जनसरकारमा काम गरे बापत प्राप्त गरेको रु ३००।- मध्ये रु १००।- चुँदी रम्घामा पुस्तकालय स्थापना गर्नका निम्ति पर सारेको थिएँ । त्यसपछि २००८ मा रम्घाकै पाठशालामा हामीहरूको जमघट भयो र छलफलपछि पुस्तकालय स्थापना गर्ने निर्णय भयो । हामीले आ-आफ्नो घरबाट पुस्तकहरू बटुल्यौं । मैले दिएको पैसाको पुस्तक किन्न सत्यदेव र विजयराज आचार्यलाई जिम्मा दिइएको थियो ।"[४६]

प्रथम चरणमा काठमाडौस्थित भानु पुस्तकालय सहयोग समितिले भारतीय राजदूतावासबाट केही पुस्तक प्राप्त गरी पुस्तकालयमा पठाएको बुझिएको छ तर २०१५ मा रम्घालीहरूले पुस्तकालय दर्ताका निम्ति निवेदन दिँदा सरकारबाट पुस्तकालयलाई आर्थिक सहयोग प्राप्त होस् भन्ने माग भने  त्यस बखत पुरा हुन सकेको छैन । बरु रम्घालीहरूले पुस्तकालय सञ्चालनका निम्ति घरघरबाट मुठी उठाउनुका साथै पुस्तकालयको नाममा खलाबाट धान सङ्कलन गर्ने कार्य प्रारम्भ गरेको पाइन्छ । मुठीदान र खले पाथी पुस्तकालयको दिगो आय स्रोत भएको र यसले रम्घालीहरूको मनमा पुस्तकालयप्रति आत्मीय भावना विकसित गरेको पाइन्छ ।

यस प्रकार भानु पुस्तकालय स्थापनाकालदेखि नै पुस्तक सङ्ग्रहमा मात्र सीमित रम्घालीहरूको साझा संस्थाका रूपमा विकसित हुँदै आएको देखिन्छ । रम्घालीहरूले पुस्तकालयलाई केन्द्रविन्दु बनाएर गाउँघरमा नाटक प्रदर्शनको सिलसिला प्रारम्भ गर्नुका साथै भानु स्मारक निर्माण गरी चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल बनाउने अथक प्रयत्न प्रारम्भ गरेका छन् र काठमाडौंमा सहायक समिति स्थापना गरी राजधानीसँग निरन्तर सम्पर्क पनि कायम गरेका छन् ।

[४६] पं. ज्ञानहरि पण्डित 'सरस्वती ' सँगको अन्तर्वार्ता, चुँदी रम्घा, वर्ष, ३, अङ्क, ३, २०४०, पृ.१३ ।

### ३.३.२ **द्वितीय चरण** (वि.सं.२०१६ देखि २०३२ सम्म)

**क) विद्यालय भवनमा पुस्तकालय सञ्चालन :** राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणका क्रममा रम्घालीहरूले चुँदी रम्घामा सञ्चालनमा रहेको भाषा पाठशालामा संस्कृत मिडिल स्कुलको स्वीकृति पनि मागेका थिए । रम्घालीहरूको माग बमोजिम स्वीकृत प्राप्त भएपछि विद्यालय भवन बनाउँदा उक्त भवनमा पुस्तकालयका निम्ति एक कोठा पनि बनाइएको छ र त्यसपछि पुस्तकालय व्यक्तिको घरबाट सार्वजनिक संस्थामा निर्मित कोठामा सरेको छ । त्यस बखत विद्यालयमा शिक्षकहरूको दरबन्दी थप भई ज्ञानहरि पण्डित, शिवशङ्कर आचार्य र गिरिराज आचार्य जस्ता क्रियाशील गुरुहरू विद्यालयमा आएका छन् । फलतः भानु पुस्तकालय पनि निकै व्यवस्थित रूपमा सञ्चालन हुन थालेको छ र पुस्तकालयको उपयोग पाठशालाका विद्यार्थीहरूले पनि केही मात्रामा गरेको बुझिन्छ ।

**ख) पुस्तकालय सञ्चालक समिति गठन** : त्यस बखत पुस्तकालयको सञ्चालक समितिमा को को थिए भन्ने स्पष्ट जानकारी भेटिँदैन तर पुस्तकालय भानु संस्कृत मा.वि. मा सरेपछि केही समय टीकाराम पौडेलले र त्यसपछि विद्यालयका शिक्षक गिरिराज आचार्यले पुस्तकको जिम्मा लिई लिने दिने गरेको पाइन्छ । उपलब्ध टिपोट अनुसार वि.सं. २०२० कार्तिक १४ गते पाठशालामा बसेको आम सभाले भानु पुस्तकालयको पुरानो समिति भङ्ग गरी नयाँ समिति गठन गरेको छ । उक्त समितिको नामावली यस प्रकार छ :

| | |
|---|---|
| सभापतिः | पं रुद्रशङ्कर शर्मा पौडेल |
| उपसभापतिः | चर्तुभुज शर्मा पण्डित |
| सेक्रेटरीः | जयराज शर्मा आचार्य |
| कोषाध्यक्षः | पं सूर्यनाथ पौडेल |
| पुस्तकाध्यक्षः | पं. गिरिराज आचार्य |
| सहायक पुस्तकाध्यक्षः | जानकीदत्त भट्टराई |
| सदस्यः | नारायणदत्त शास्त्री, पहलमान श्रेष्ठ, पं. ज्ञानहरि शर्मा[४७] |

४७ पुस्तकालयबाट प्राप्त विवरणका आधारमा

मुक्तिनाथ आचार्यका अनुसार पुस्तकालय समितिका अध्यक्ष सुरुमा रुद्रशङ्कर पौडेल र त्यसपछि कविराज नरनाथ आचार्य भएको बुझिन्छ तर नरनाथ आचार्य अध्यक्ष रहेको समिति कहिले गठन भएको थियो र त्यसमा को को थिए भन्ने सूचना भेटिँदैन । पुस्तकालय बिसीमा सर्नु अघिसम्म पुस्तकहरू गिरिराज आचार्यको जिम्मामा रहेका हुँदा उनी पछिल्लो समितिमा पनि रहेको बुझिन्छ ।

**ग) पुस्तकालय सञ्चालनमा नियमितता :** पुस्तकालय सञ्चालक समिति पुनर्गठन भएपछि पुस्तकालय सञ्चालन नियमितता भई पुस्तकालय सञ्चालन सम्बन्धी नियमहरू बनेको जानकारी पाइन्छ । वि.सं. २०२३ वैशाख २३ गतेको मेदिनी शर्माको एक पत्रमा उल्लेख भए अनुसार त्यस बखत पुस्तकहरू निश्चित समयमा फिर्ता नगरे जरिवाना समेत लाग्दथ्यो । त्यस बखत पुस्तकालय र विद्यालयसँगै भएका कारण गोरखापत्र र अरू केही पत्रपत्रिकाहरू नियमित रूपमा आउँने गरेको जानकारी पाइन्छ । पुस्तकालयको आर्थिक स्रोतको रूपमा रहेको मुठीदान र खलाबाट धान उठाउने कार्यलाई यस चरणमा पनि निरन्तरता दिएको बुझिन्छ  भने पुस्तकालयको विकासका लागि काठमाडौंस्थित भानु पुस्तकालय सहायक समितिले पनि निरन्तर सहयोग जुटाउने गरेको बुझिन्छ ।

**घ) भानु स्मारक निर्माण :** भानु पुस्तकालयको दोस्रो चरणको प्रमुख कार्य भनेको चुँदी रम्घामा भानु स्मारक निर्माण गरी भानु प्रतिमा स्थापना गर्नु हो । वि.सं.२०१५ मा सरकारबाट रु ५०००।- रकम प्राप्त भएपछि रम्घालीहरूले भानु स्मारक निर्माण समिति गठन गरी प्रतिमा निर्माण र स्मारक निर्माणको प्रक्रिया प्रारम्भ गरेका छन् । भानु प्रतिमा काठमाडौंमा बनाइएको थियो र प्रतिमा निर्माणमा काठमाडौंस्थित भानु पुस्तकालयका पदाधिकारीहरू तीर्थराज आचार्य, सोमनाथ पौडेल, रामचन्द्र शर्मा पौडेल, लक्ष्मीनाथ आचार्य आदिको विशेष सक्रियता रहेको थियो । भानु प्रतिमा वि.सं. २०१७.मा चुँदी रम्घामा आइपुगेको छ तर स्मारक निर्माणको काममा केही ढिलाई हुन गएका कारण भानु प्रतिमा वि.सं. २०२३ मा मात्र रम्घाको डाँडोमा स्थापना हुनसकेको थियो । भानु स्मारक निर्माण समितिको कार्यहरूलाई परिच्छेद ४ मा विस्तृत रूपमा चर्चा गरिएको छ ।

**ङ) भानु जयन्ती मनाउने परम्पराको विकास :** रम्घामा भानु प्रतिमा स्थापनामा ढिलाई भए पनि भानु संस्कृत मिडिल स्कुल सञ्चालनमा आएपछि भानु जयन्ती मनाउने परम्परा भने नियमित बन्दै गएको छ । वि.सं. २०२३ मा भानु प्रतिमाको उद्घाटन भानु जयन्तीको अवसरमा गरिएको थियो ।त्यस अवसरमा प्रमुख अतिथिका रूपमा तत्कालीन

जिल्ला पञ्चायत सभापति रामनाथ भट्टराई चुँदी रम्घा आएका थिए । वि.सं. २०२८ मा गोपाल पाँडे 'असीम' , धरणीधर कोइराला, सिद्धिचरण श्रेष्ठ आदि जस्ता मूर्धन्य साहित्यकारहरू भानु जयन्तीका अवसरमा चुँदी रम्घा आएका थिए । यसै गरी २०३१ मा पनि नेपाली केन्द्रीय विभागका प्राध्यापक र विद्यार्थीहरू रम्घामा आई भानु जयन्ती मनाएको बुझिन्छ ।

**च) भानु स्मृति भवन र भानु अतिथि भवन निर्माण प्रारम्भ :** दोस्रो चरणको अर्को उपलब्धि भनेको चुँदी बेंसीमा भानु स्मृति भवन र भानु अतिथि भवनको निर्माण कार्य प्रारम्भ हुनु पनि हो । वि.सं.२०२८ मा भानु जयन्ती मनाउन चुँदी रम्घा आउदा नेपाली शिक्षा परिषद्को आग्रहमा उक्त भवन बनेका थिए । भवन निर्माणका निम्ति आवश्यक जग्गा भानुभक्तका सन्ततिहरू शिवभक्त आचार्य, सूर्यनाथ आचार्य, मुक्तिनाथ आचार्य, विश्वनाथ आचार्य, हरिनाथ आचार्य र केदारभक्त आचार्यले निःशुल्क रूपमा उपलब्ध गराएका थिए भने सरकारले भौतिक योजना विभाग अन्तर्गत रकम निकासा गरी २०३१/०३२ मा उक्त दुई भवन निर्माण गरेको थियो ।

### **३.३.३ तृतीय चरण** (वि.सं. २०३३ देखि २०५२ सम्म)

भानु पुस्तकालयको विकास प्रक्रियाको तेस्रो चरण भनेको पुस्तकालयलाई चुँदी फाँटमा स्थानान्तरण गरी व्यवस्थित रूपमा सञ्चालन गर्नु हो । यस अवधिमा पुस्तकालयप्रति चुँदीबासीहरूको सक्रियता निकै देखिएको छ र काठमाडौंको भानु सेवा समितिले पनि क्रियाशील रूपमा पुस्तकालयका गतिविधिहरू विस्तार गर्न निकै सहयोग पुऱ्याएको थियो । फलतः यस अवधिमा पुस्तकालयको सक्रियता निकै विस्तार भएको देखिन्छ ।

**क) पुस्तकालय स्थानान्तरण :** तेस्रो चरणको प्रारम्भ भनेको भानु पुस्तकालयलाई चुँदी रम्घाको शिखरबाट चुँदी फाँटमा स्थानान्तरण हो । चुँदी फाँटमा भानु स्मृति भवन र भानु अतिथि भवन बनेपछि २०३३ को भानु जयन्तीका अवसरमा भानु सेवा समितिको सक्रियतामा भानु स्मृति भवनको उद्घाटन भएको छ र उद्घाटनसँगै भानु पुस्तकालय पनि भानु स्मृति भवनमा सञ्चालन हुन थालेको हो ।

पुस्तकालय तल बेंसी झार्ने क्रममा केही पुस्तकहरू हराएको तथ्य पुराना कागजातहरूबाट जानकारी प्राप्त हुन आउँछ । व्यक्तिको निजी घरको एउटा कोठाबाट सुरु

गरिएको भानु पुस्तकालयले वि.सं. २०३३ मा आइपुग्दा पुस्तकालयको आवश्यकतालाई हेरी बनाइएको भवनमा सञ्चालित हुने अवसर प्राप्त गर्नु निकै उपलब्धिपूर्ण मान्नु पर्दछ ।

**ख) सञ्चालक समिति नियमित पुनर्गठन :** वि.सं. २०३३ मा पुस्तकालय भानु स्मृति भवनमा सञ्चालन हुन थालेपछि पुस्तकालयको स्वरूपमा निकै परिवर्तन देखिन्छ । करिब तीन चार वर्षदेखि पुनर्गठन हुन नसकेको पुस्तकालयको सञ्चालक समिति पुनर्गठन भएको छ । उक्त समितिमा निम्न लिखित पदाधिकारीहरू रहेका छन् :

| | | |
|---|---|---|
| अध्यक्ष | : | मुक्तिनाथ आचार्य |
| सचिव | : | बाबुकृष्ण पौडेल |
| पुस्तकाध्यक्ष | : | ना.सु. शालिग्राम पण्डित |
| सहायक पुस्तकाध्यक्ष | : | श्रीभक्त आचार्य |
| कोषाध्यक्ष | : | रामभक्त ढकाल |
| सदस्य | : | प्रकाश अर्याल, पद्मबहादुर कार्की, रेवती मोहन पौडेल, सूर्यनाथ ढकाल, विष्णु पन्थी र |
| पदेन सदस्य | : | वडाध्यक्ष । |

वि.सं. २०३६ कार्तिक १६ गते भानु पुस्तकालय कक्षमा बसेको आम भेलाले ९ सदस्यीय समितिको गठन गरेको देखिन्छ । उक्त समितिमा निम्न व्यक्तिहरू रहेको पाइन्छ :

| | |
|---|---|
| अध्यक्षः | गिरिराज आचार्य |
| कोषाध्यक्षः | शरदचन्द्र शर्मा |
| सदस्य सचिवः | शम्पा उपाध्याय |
| सदस्यः | हरिभक्त ढकाल |
| सदस्यः | सूर्यनाथ ढकाल |
| सदस्यः | सूर्यनाथ आचार्य |
| सदस्यः | लक्ष्मीराज आचार्य |
| सदस्यः | बटुलाल श्रेष्ठ |
| सल्लाहकार सदस्यः | बालकृष्ण पौडेल |

२०३८ पछि पुस्तकालयमा सरकारी कर्मचारीको व्यवस्था भएको हुँदा पुस्तकालय सञ्चालक समितिको सङ्ख्या कटौती गरिएको पाइन्छ  र समिति पुनर्गठन हुँदा गिरिराज आचार्यकै अध्यक्षतामा ५ सदस्यीय समिति गठन भएको देखिन्छ । प्राप्त कागजात अनुसार वि.सं. २०३८ को पुस्तकालय सञ्चालक समितिको नामवली यस प्रकार छ :

अध्यक्षः गिरिराज आचार्य

उपाध्यक्षः केदारभक्त आचार्य

कोषाध्यक्षः शरदचन्द्र शर्मा

सदस्यः हरिभक्त ढकाल

सदस्य सचिवः शम्पा उपाध्याय

भानु पुस्तकालयको सञ्चालक समिति २०३९ मा पुनः पुनर्गठन भएको छ । रामभक्त ढकालको अध्यक्षतामा बनेको यस समितिका पदाधिकारीहरूको नामवली यसप्रकार छः

अध्यक्षः रामभक्त ढकाल

उपाध्यक्षः बाबुकृष्ण पौडेल

सचिवः बटुलाल श्रेष्ठ

कोषाध्यक्षः शरदचन्द्र शर्मा

सदस्यः हरिभक्त ढकाल

यसपछि पुस्तकालयको सञ्चालक समिति पुनर्गठन भएको हुन सक्छ तर पुस्तकालयका पुराना निर्णय पुस्तिकाहरू प्राप्त हुन नसकेकाले त्यसको विवरण भेटिँदैन ।

**ग) नियमित साधारण सभा :** वि.सं. २०३३ पछिको समयमा पुस्तकालयलाई नियमबद्ध र व्यवस्थित रूपमा सञ्चालन गरिएको पाइन्छ । प्रत्येक वर्ष महानवमीका दिन पुस्तकालयको साधारण सभा बस्ने र पुस्तकालयले वर्ष दिनमा गरेका उपलब्धिहरूको लेखाजोखा गर्ने परम्परा पनि त्यसपछि प्रारम्भ भएको छ । यसरी बस्ने साधारण सभामा

अघि अघिका हिसाब पनि खोजिएको र पुस्तकालयलाई निकै व्यवस्थित बनाउन खोजिएको जानकारी पाइन्छ ।[४८]

यसरी बस्ने साधारण सभाले वि.सं. २०३९ मा सदस्य सचिव शम्पा उपाध्यायलाई पुस्तकालयको मानार्थ सदस्यमा मनोनयन समेत गरेको देखिन्छ । पुस्तक व्यवस्थापन पुस्तक सूची अद्यावधिक गर्न उनले निकै मिहिनेत गरेका हुँदा उक्त सम्मान दिएको बुझिन्छ । वि.सं.२०३८ बाट पुस्तकालयको मुखपत्रका रूपमा चुँदी रम्घा प्रकाशित हुन थाले पनि साधारण सभाद्वारा पारित आर्थिक विवरण सचिवको प्रतिवेदन समेत पत्रिकामा प्रकाशित हुन थालेको पाइन्छ ।

**घ) पुस्तक सङ्ख्या वृद्धि :** १/२ सयको संख्यामा पुस्तकहरूको सङ्कलनबाट जन्मिएको भानु पुस्तकालयमा वि.सं.२०३६ मा आइपुग्दा रजिष्टरमा दर्ता भएका पुस्तक करिब ९०० (नौ सय) को संख्यामा पुगेको देखिन्छ । केही पुस्तकहरू पाठकका घरमै रहेको कुरा पनि पुस्तकालयबाट प्राप्त कागजातबाट वुझिन आउँछ ।

**ङ) भानु स्मृति सङ्ग्रहालयको स्थापना :** भानु स्मृति भवनको उद्‌घाटनका क्रममा भानु सेवा समितिले भानुभक्तले प्रयोग गरेका र उनको समयमा प्रचलनमा रहेका सामग्रीहरू सङ्कलन गरी प्रदर्शन गरेको थियो र तिनै सामग्रीहरूलाई भानु सङ्ग्राहालयको नाममा भानु पुस्तकालय अन्तर्गत राखेको थियो ।

**च) भानु जयन्ती मनाउने परम्परामा नियमितता :** भानु जयन्ती मनाउने परम्परामा पनि समयक्रम अनुसार कार्यक्रमहरूको विस्तृतता देखिन्छ । बाजागाजा सहित प्रभातफेरी कार्यक्रम, कविता वाचन प्रतियोगिता, रामायण वाचन, बाहिरबाट कवि साहित्यकारहरू लैजाने क्रमले थप हौसला प्राप्त गरेको बुझिन्छ ।

**च) आम्दानी खर्चमा नियमितता :** सञ्चालक समितिको पुनर्गठनपछि भानु पुस्तकालय तनहुँ चुँदी रम्घाले **चुँदी रम्घा** वार्षिक मुखपत्रका रूपमा निकाल्ने प्रयत्न गरेको देखिन्छ । यसै समितिले पुस्तकालयको नाममा डुम्रेमा खाता खोली रकम जम्मा गर्ने कार्यपनि सुरु गरेको देखिन्छ । समितिको सक्रियतामा वि.सं. २०३८ मा नेपाल राष्ट्रबैंकबाट

---

[४८] शोधार्थी व्रतराज आचार्यसँगको कुराकानीमा आधारित ।

पत्रिका प्रकाशनार्थ सहयोग स्वरूप भानु पुस्तकालयलाई रु १०००। (एक हजार) सहयोग प्राप्त भएको देखिन्छ ।

**छ) चुँदी रम्घा पत्रिका प्रकाशन :** यस समितिले भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित चुँदी रम्घाको प्रकाशनका साथै अन्य गर्दै आएका कार्यलाई निरन्तरता दिएको देखिन्छ । वि.सं. २०३८ देखि सुरु भएको मुखपत्र प्रकाशनको परम्परा वि.सं. २०४२ सम्म अङ्क ५ का रूपमा निस्केको देखिन्छ । यसपछि भने यस कार्यले निरन्तरता पाउन सकेको देखिदैन ।

**ज) भानु प्रतिमा मर्मत सुधार :** वि.सं. २०३९ मा नै रम्घा डाँडामा राखिएको भानुको प्रतिमा तोडफोड हुँदा यस समितिले त्यस कार्यप्रति केही सक्रियताका साथ खोजी कार्यमा लागेको देखिन्छ भने प्रतिमाको भङ्ग भएको अङ्ग नयाँ बनाउने कार्यमा पनि मुख्य रूपमा अगाडि बढेर कार्य गरेको देखिन्छ ।

वि.सं. २०२३ मा स्थापना गरिएको भानु प्रतिमालाई वि.सं. २०३९ को फागुन महिनामा कुनै राष्ट्रघातीले नशाको मातमा तोडफोड गरी शिर र हात समेत गायब गरिदिएको जानकारी पाइन्छ । उक्त दुःखद घटना भएको लगतै भानु पुस्तकालय सञ्चालक समिति, सल्लाहकार सदस्य, गाउँ घरका किसान, विद्यार्थी, वुद्धिजीवी आदि सबै मिली प्रतिमाको अङ्गहरू खोज्ने कार्य भएको थाहा हुन आउँछ । खोज तलासका कममा प्रतिमा राखिएको स्मारक भन्दा अन्दाजी १०० गज पूर्व गिंडमात्र फेला परेको तर त्यसलाई पुनः स्मारकमा राख्न अशोभनीय हुने ठानी पुननिर्माण गर्नुपर्ने कार्यका साथ अघि बढेको देखिन्छ । भानु पुस्तकालयले प्रतिमा पुनः निर्माण गरेर स्थापना गर्ने सम्बन्धमा छलफल गर्ने विशेष साधारण सभा बोलाउने निर्णयका साथ वि.सं. २०४० जेष्ठ ७ गते पुस्तकालयका साधारण सदस्यहरू, स्थानीय बुद्धिजीवीहरू, शिक्षक, विद्यार्थी, किसानहरू र वरपरका तत्कालीन समयका २, ३ पञ्चायतका प्रधानपञ्च एवम् पञ्च प्रतिनिधिहरूसमेतको विशेष साधारण सभाले प्रतिमा निर्माण वैठक बोलाएको पाइन्छ । उक्त साधारण सभाले प्रतिमा निर्माण सम्बन्धी कार्यका निमित्त एक प्रतिनिधि मण्डलमा प्रधानपञ्च रामबहादुर रानाभाट, प्रधानपञ्च रवीन्द्र खनाल, पुस्तकालयका अध्यक्ष रामभक्त ढकाल एवम् कोषाध्यक्ष शरदचन्द्र शर्माका साथै काठमाडौंबाट माननीय सांसद श्रीभद्र शर्मा, व्रतराज आचार्य, भरत पौडेल लगायत अन्य आवश्यक सदस्यहरू समावेश गरेको बुझिन्छ । उक्त मण्डल र काठमाडौंस्थित भानु सेवा समितिले संयुक्त रूपमा तत्कालीन श्री ५ को सरकारसँग अनुरोध

गरी आर्थिक वर्ष २०४०।४१ मा २००००।(बीस हजार) रूपैंया निकासा गराई रत्नबहादुर तुलाधरका नाति कालिगढ दिनेश तुलाधरलाई शिर र हात बनाउने जिम्मा लगाएको देखिन्छ भने तयार भएपछि रम्घा लगी स्मारकमा केही सुधारात्मक प्रयासका साथ पुनः स्थापना गरेको पाइन्छ ।

**झ) कर्मचारी व्यवस्था :** चुँदी रम्घामा निर्मित भानु स्मृति भवन र भानु अतिथि भवनको रेखदेखका निम्ति सरकारले २०३८ बाट जिल्ला शिक्षा कार्यालय अन्तर्गत रहने गरी कर्मचारीहरू खटाएको छ र यसरी खटिई आउने कर्मचारीहरू स्थानीय व्यक्ति नै भएकाले भानु पुस्तकालयले पुस्तकालयको दैनिक कार्य सञ्चालनको जिम्मेवारी तिनै कर्मचारीलाई दिएको देखिन्छ । त्यसपछि पुस्तकालयका साथै सङ्ग्रहालयको रेखदेख, संरक्षण र दैनिक कार्य सञ्चालनमा व्यवस्थित हुँदै आएको देखिन्छ । भानु पुस्तकालयमा कार्यरत सरकारी कर्मचारीहरूको विवरण यस प्रकार देखिन्छ :

| क.सं. | कर्मचारीको नाम | कार्यरत अबधि |
|---|---|---|
| १. | धर्मदत्त आचार्य | २०३८ देखि २०४१ सम्म |
| २. | विष्णुप्रसाद आचार्य | २०४१ देखि २०४९ सम्म |
| ३. | प्रयागदत्त आचार्य | २०४९ देखि २०५४ सम्म |

पुस्तकालयले भानुभक्तका साथै अन्य पुस्तकहरू सङ्कलन गरी नजिकै रहेको भानु संस्कृत माध्यमिक विद्यालयका शिक्षक विद्यार्थीहरूका साथै अन्य शिक्षा अनुरागी पाठकहरूलाई राम्रो सेवा दिदैं आएको कुरा बुझिन्छ ।

**३.३.४. चतुर्थ चरण** (वि.सं.२०५२ देखि हालसम्म)

**क) पुस्तकालय सञ्चालनको जिम्मेवारी परिवर्तन :** भानुभक्तको जन्मस्थलको सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षको संरक्षण एवम् संवर्द्धन गरी नेपाली भाषा र साहित्यको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न भानु जन्मस्थल विकास समितिको गठन वि.सं. २०५२ माघ २२ गते भएको हो । यसको कार्यालय भानु स्मृति भवनमा नै रहेको र विकास समितिका काम कर्तव्य पनि भानु जन्मस्थलको विकास गर्नु रहेको हुँदा पुस्तकालय सञ्चालक समिति र भानु जन्मस्थल विकास समिति बीच सहमति कायम गरी वि.सं.

२०५३ बाट पुस्तकालयको दैनिक सञ्चालनको जिम्मा सोही समितिलाई दिइएको छ । (भानु पुस्तकालय र विकास समितिका बीचमा भएको सहमति पत्रको प्रतिलिपि परिशिष्टमा दिइएको छ)

**ख) पुस्तकालयको व्यवस्थित सञ्चालन :** पुस्तकालय भानुजन्मस्थल विकास समितिको जिम्मामा आएपछि विकास समितिले २०३३ देखि भानु स्मृति भवनमा रहदै आएको पुस्तकालय २०५८ मा अतिथि भवन पुनर्निर्माण भएपछि केही वर्ष त्यसको तल्लो तलामा र २०६५ देखि त्यसै भवनको माथिल्लो तलामा सारिएको छ । अहिले पुस्तकालय र सङ्ग्रहालय नयाँ भवनको माथिल्लो तलाका दुई कोठामा रहेका छन् । भवनको तल्लो तलाका ४ कोठामा भानु जन्मस्थल विकास समितिको कार्यालय राखिएको छ । भानु जन्मस्थल र पुस्तकालयका साथै सङ्ग्रहालय सँगसँगै रहेकाले पनि जन्मस्थल कै कर्मचारीले पुस्तकालयका साथै सङ्ग्रहालयको दैनिक कार्य सञ्चालन गर्न सजिलो भएको छ ।

पुस्तकालयको मूल उद्देश्य र भानु जन्मस्थलको मूल उद्देश्यमा केही समानता भएकोले पनि पुस्तकालयको कार्य सञ्चालनमा जन्मस्थलले सक्रियता पूर्वक कार्य गरेको देखिन्छ । पुस्तकालय समिति र जन्मस्थल समिति बीच सम्झौता हुँदा पुस्तकालय र सङ्ग्रहलयको रेखदेख र दैनिक कार्य सञ्चालन जन्मस्थल कै कर्मचारीले गर्ने तर व्यवस्थापन भने पुस्तकालय समितिले गर्ने भनी भएको कुरा बुझिन्छ ।

**ग) पुस्तकालय सञ्चालक समिति पुनर्गठन :** पुस्तकालय सञ्चालनको जिम्मेवारी भानु जन्मस्थल विकास समितिलाई दिए पनि पुस्तकालयको स्वामित्व भानु पुस्तकालय सञ्चालक समितिमा नै रहेका कारण पुस्तकालयको सञ्चालक समिति त्यसपछि पनि नियमित रूपमा पुनर्गठन भइरहेको छ । फलतः पुस्तकालय समिति वि.सं. २०५३ मा पुनर्गठन हुँदा मुक्तिनाथ आचार्य पुनः अध्यक्षमा रहेका देखिन्छन् र सचिवमा हरिराम आचार्य रहेका छन् । वि.सं.२०५३ पछि पुस्तकालयको सञ्चालन जन्मस्थलले गरेको हुँदा यो समिति त्यति सक्रिय देखिएन । सञ्चालक समितिको निर्णय पुस्तिका समेत प्राप्त हुन नसकेका कारण उक्त समितिमा को को थिए भन्ने विवरण पनि प्राप्त गर्न सकिएन ।

वि.सं. २०६३ कार्तिक ३ गते शुक्रबारका दिन पुस्तकालयको पुरानो समिति विघटन गरी केदारभक्त आचार्यको अध्यक्षतामा ८ सदस्यीय समितिको गठन भएको देखिन्छ । हाल

यही समितिले भानु पुस्तकालय सञ्चालक समितिको रूपमा रहेर कार्य गर्दै आएको पाइन्छ। हालको भानु पुस्तकालय सञ्चालक समिति तनहुँको नामवली यसप्रकार रहेको छ :

अध्यक्षः केदारभक्त आचार्य

कोषाध्यक्षः गायत्री ढकाल

सचिवः रामकुमार श्रेष्ठ

सदस्यः लक्ष्मी आचार्य

सदस्यः श्रीभक्त आचार्य

सदस्यः जीतबहादुर घर्ती

सदस्यः विष्णुकुमारी श्रेष्ठ

सल्लाहकार सदस्यः मुक्तिनाथ आचार्य

**घ) पुस्तकालयको नयाँ दर्ता :** भानु पुस्तकालय २०१५ मा दर्ता भएको पुरानो पुस्तकालय भए पनि विभिन्न स्रोतबाट पुस्तकालयलाई सहयोग जुटाउने क्रममा पुरानो दर्ता अपर्याप्त मानिएका कारण पुस्तकालयलाई वि.सं. २०६४ असोज १४ गते जिल्ला प्रशासन कार्यालय तनहुँ दमौलीमा संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम पुनः दर्ता गरिएको छ। यसरी पुस्तकालयलाई पुनः दर्ता गर्दा पुस्तकालयका उद्देश्यहरू किटान गरिएको छ। (पुस्तकालयको दर्तापत्र परिशिष्टमा दिइएको छ।

**ङ) पुस्तक सङ्ख्यामा वृद्धि :** पुस्तकालय सञ्चालनको जिम्मेवारी विकास समितिमा आएपछि यसले ऱ्याकहरू थप गरी पुस्तकको सङ्ख्या पनि बढाउँदै लगेको पाइन्छ। विकास समितिको पहलमा आर्थिक वर्ष २०५५।०५६ मा संस्कृति मन्त्रालयबाट रु १०००००। (एक लाख) पुस्तकालयलाई सहयोग स्वरूप प्राप्त भएको थियो। उपलब्ध रकमले केही पुस्तकहरू खरिद गर्नुका साथै केही पुस्तक तथा पत्रपत्रिकाहरू वाइन्डिङ गरिएको बुझिन्छ ।

**च) भानु जयन्ती मनाउने परम्परामा निरन्तरता :** भानु पुस्तकालयले स्थापनाकालदेखि नै चुँदी रम्घामा भानु जयन्ती मनाउँदै आएको भए पनि विकास समिति गठन भएपछि भने विकास समितिले नै भानु जयन्ती मनाउन थालेको छ र भानु पुस्तकालयका पदाधिकारीहरूले विकास सिमितिका कार्यक्रमहरूलाई निरन्तर सघाउँदै आएका छन्। सुरु सुरुमा एक दिने कार्यक्रम गरी मनाउने गरेको भानु जयन्ती विकास

समितिको गठनपछि चुँदी रम्घामा तीनदेखि सात दिनसम्म भव्यतापूर्ण तरिकाले मनाउने गरिएको छ ।

**छ) भानु स्मृति सङ्ग्रहालय स्थापनाका निम्ति प्रक्रिया प्रारम्भ :** भानु पुस्तकालयको पछिल्लो गतिविधि चुँदी रम्घामा भानु स्मृति सङ्ग्रहालय स्थापनातर्फ केन्द्रित देखिन्छ । यो प्रयत्न भानु प्रतिष्ठान र भानु पुस्तकालयको द्विपक्षीय सहमतिमा अगाडि बढेको छ । उक्त प्रयोजनका निम्ति पुस्तकालयले २०६६।०८।२१ मा साधारण सभा बोलाई भानु स्मृति सङ्ग्रहालय स्थापना तथा सञ्चालन नियमावली पारित गरि सकेको देखिन्छ भने भानु प्रतिष्ठानले पनि २०६६।१०।०२ मा कार्य समितिको बैठकबाट उक्त नियमावली पारित गरेको पाइन्छ । (उक्त नियमावली परिशिष्टमा दिइएको छ ।)

भानु पुस्तकालयको विकासक्रमलाई हेर्दा यो पुस्तकालय सुका दिनमा चुँदी रम्घाको गाउँमा करिब दुई सय पुस्तकहरू सहितको काठको दराजका रूपमा जन्मिएर अहिले व्यवस्थित र संरक्षित रूपमा चुँदी रम्घा फाँटमा सिसाको र्‍याकमा करिब ५००० (पाँच हजार) पुस्तकहरू राखेर पक्की घरको तलामा सञ्चालन भइरहेको देखिन्छ । भानु पुस्तकालयलाई विकास र विस्तार गर्न विभिन्न शिक्षाप्रेमी, बुद्धिजीवीहरूका साथै सम्बद्ध अन्य संघ संस्थाबाट सक्दो सहयोग भएको पाइन्छ । यस्ता संस्थाहरूमा  भानु पुस्तकालय सहयोग समिति २००८, काठमाडौं, भानु नाटक समिति २००८, चुँदी रम्घा, भानु पुस्तकालय सहायक समिति २०११, काठमाडौं, भानु सेवा समिति २०२६, काठमाडौं, भानु प्रतिष्ठान २०५९, काठमाडौं र भानु स्मृति सङ्ग्रहालय सञ्चालक समिति २०६६, चुँदी रम्घा आदि क्रियाशील देखिन्छन् । फलतः भानु पुस्तकालय पुस्तकको सङ्ग्रह मात्र नभई चुँदी रम्घाको समग्र विकासका निम्ति स्थापना भएको सामाजिक संस्थाका रूपमा पनि देखा पर्दछ ।

## ३.४ भानु पुस्तकालयको वर्तमान भौतिक अवस्था

काठको दराजमा केही पुस्तकहरू राखेर व्यक्तिको निजीघरको धन्सारबाट सुरु भएको पुस्तकालय हाल पक्की घरमा व्यवस्थित रूपमा सञ्चालन हुन थालेको छ । वर्तमान अवस्थामा आइपुग्दा यसको सञ्चालन पक्की घरमा हुन थालेको छ र पुस्तकालयको भौतिक आर्थिक स्थिति पनि निकै सम्पन्न देखिएको छ । साथै पुस्तकालयमा पुस्तक सङ्ख्या पनि निकै बढेको छ ।

### ३.४.१ भवन तथा फर्निचर

भानु पुस्तकालय अहिले चुँदी फाँटमा पक्की भवनमा सञ्चालन भइरहेको छ । यो भवन भानुभक्तका सन्ततिहरूबाट निःशुल्क रूपमा प्रदान गरेको करिव ४ रोपनी जग्गामा बनेको छ । उक्त जग्गा हाल सरकारको स्वामित्वमा छ र यसको रेखदेख भानु जन्मस्थल विकास समितिले गरेको छ । फलतः पुस्तकालय उक्त भवनमा सञ्चालन भए पनि उक्त भवनमा पुस्तकालयको स्वामित्व भने छैन । यसको कम्पाउण्ड गोलाकार रूपमा फैलिएको छ । चुँदी फाँटको बीचभागमा अवस्थित यस भवनको अगाडि खुला बरण्डा छ । भवनमा शौचालयको व्यवस्था पनि रहेको छ । कम्पाउण्ड भित्र भानुभक्त आचार्यको पूर्णकदको सालिक स्थापना गरेको देख्न सकिन्छ ।

भानु अतिथि भवनको तल्लो तलाका ४ कोठामा भानु जन्मस्थल विकास समितिको कार्यालय रहेको छ भने भवनको माथिल्लो तलाका दुई कोठामा पुस्तकहरू र भानुभक्तले प्रयोग गरेका सामान, उनको समयमा चलन चल्तीमा आएका पुरातात्विक एवम् सांस्कृतिक महत्त्वका वस्तुहरूको सङ्कलन गरी पुस्तकालय र सङ्ग्रहालयको रूपमा स्थापित गरिएको छ । पुस्तकालय र सङ्ग्रहालयको रेखदेख गर्ने कर्मचारी रामकुमार श्रेष्ठले जानकारी दिए अनुसार पुस्तकालयमा अहिले निम्न सामग्रीहरू रहेका छन् :

| क्र.सं. | सामानको विवरण | संख्या |
|---|---|---|
| १. | काठको दराज | १३ |
| २. | स्टिल दराज (ठूलो) | १ |
| ३. | सिसाको लामो र्‍याक (१४×७) | १ |
| ४. | अध्ययन टेवल (ठूलो) | १ |
| ५. | बेञ्च | १ |
| ६. | कुर्ची | ६ |

भौतिक सामग्री हेर्दा पुस्तकालयले प्रयोग गरेका त्यति धेरै नदेखिएतापनि भानु जन्मस्थल विकास समितिको कार्यालय र पुस्तकालय एउटै भवनमा रहेकाले त्यहीँबाट आवश्यकता अनुसार फर्निचरहरू प्रयोग गर्न सकिने देखिन्छ । त्यसैगरी सङ्ग्रहालयमा सङ्ग्रहित सामग्रीहरू दुइवटा लामा सिसाका र्‍याकमा व्यवस्थित र सुरक्षित तरिकाले राखिएका छ । पुस्तककक्ष र सङ्ग्रहालयको कोठा खुला र फराकिला भएकाले एकै पटकमा

४०/५० जना बसेर पढ्न सक्ने देखिन्छ । पुस्तकालयलाई अझ व्यवस्थित र समयानुकूल बनाउनका साथै आधुनिक उपकरणले सुसज्जित बनाउन आवश्यक देखिन्छ ।

### ३.४.२ विधागत पुस्तक सङ्ख्या र पत्रपत्रिका

भानु पुस्तकालय गाउँघरमा उपलब्ध पुस्तकहरू सङ्कलन गरी स्थापना भएको पुस्तकालय भए पनि पुस्तकालय समितिको निरन्तरको सक्रियताका कारण यसको पुस्तक सङ्ख्या निरन्तर बढ्दै गएको पाइन्छ भने पुस्तकालय भानु जन्मस्थल विकास समितिले सञ्चालन गर्न थालेपछि यो क्रम अझ विस्तार भएको देखिन्छ । भानु पुस्तकालयमा अहिले संस्कृत, नेपाली, अङ्ग्रेजी, हिन्दी आदि भाषा साहित्य तथा अन्य विविध क्षेत्रसँग सम्बन्धित करिब ५००० (पाँच हजार) थान पुस्तकहरूको सङ्ग्रह रहेको छ । पुस्तकालयमा रहेका पुस्तकहरूको विधागत विवरण यस प्रकार देखाइएको छ :

| क.सं. | पुस्तकको विवरण | पुस्तक संख्या |
|---|---|---|
| १. | नेपाली कविता | ५२७ |
| २. | नेपाली कथा | २८१ |
| ३. | नेपाली नाटक | २०५ |
| ४. | नेपाली उपन्यास | १६८ |
| ५. | नेपाली निबन्ध | १३७ |
| ६. | नेपालीका धार्मिक ग्रन्थ | १९७ |
| ७. | नेपाली आलोचना, समालोचना | १९३ |
| ८. | संस्कृत | १४७ |
| ९. | अङ्ग्रेजी | ३२३ |
| १०. | हिन्दी | १६८ |
| ११. | स्मारिका | ८२ |
| १२. | उर्दू | १ |
| १३. | मैथिली | १ |
| १४. | भोजपुरी | १ |
| १५. | संस्कृत हिन्दीमा उल्था | ९ |
| १६. | हिन्दी नेपालीमा उल्था | ३ |
| १७. | अङ्ग्रेजी नेपालीमा उल्था | १३ |

पछिल्लो समयमा पुस्तकालयमा दैनिक, साप्ताहिक, मासिक आदि जस्ता पत्रिकाहरू केही समय ल्याउने गरिए पनि यस कार्यले निरन्तरता पाउन सकेको देखिँदैन । सम्भवत: यसैले होला, केही वर्ष अघिदेखि भानु पुस्तकालयदेखि ५० मिटरको दूरीमा रहेको सेपाको बगैंचामा स्थानीय युवाहरूले भानु वाचनालय सञ्चालन गर्न थालेको पाइन्छ ।

भानु पुस्तकालयले आफ्नो वार्षिक मुखपत्रका रूपमा वि.सं २०३८ देखि **चुँदी रम्घा** पत्रिका प्रकाशित गरेको पाइन्छ । यस कार्यलाई अङ्क ५ वि.सं. २०४२ सम्म निरन्तरता दिई त्यसपछि निष्क्रिय अवस्थामा छोडेको देखिन्छ । पुस्तकालय सञ्चालक समितिका पदाधिकारीहरूले त्यसकार्यप्रति रुचि नदेखाउनुका साथै गाँउका पढेलेखेका शिक्षित व्यक्तिहरू सहर जाने लहरले गर्दा पनि पत्रिकाले नियमितता पाउन नसकेको हो ।

## ३.५ सङ्ग्रहालयमा राखिएका सामग्री

भानु पुस्तकालय स्थापना भएदेखि नै यसले भानुभक्त सम्बन्धी महत्त्वपूर्ण सामग्रीहरूको सङ्ग्रहमा रूचि देखाउँदै आएको छ । यसले स्थापनाकालतिर नै भानुभक्तद्वारा लिखित पत्रहरू प्राप्त गरेको छ भने भानुभक्तले पढेको अमरकोश, भानुभक्तको रामायणको हस्तलिखित प्रतिलिपि आदि पनि प्राप्त गरेको छ । त्यसैगरी भानुभक्तका बाबु धनञ्जयले प्रतिलिपि उतार गरेको **प्रश्नप्रदीप** पनि स्थापनाकालदेखि नै भानु पुस्तकालयमा रहेका छन् तर यो पुस्तकालय सङ्ग्रहालय निर्माणका उद्देश्यले स्थापना भएको नभई सामान्य पुस्तकालयको प्रयोजनका निम्ति स्थापना भएको हुँदा यसमा अन्य पुस्तकहरू पनि रहेका छन् । यस पुस्तकालयमा भानुभक्तका रामायणका विभिन्न संस्करण पनि छन् ।

वि.सं. २०३२ मा भानु स्मृति भवनको उद्घाटनका क्रममा भानु सेवा समितिले चुँदी रम्घामा भानुभक्त सम्बन्धी प्रकाशित सामग्रीहरूको प्रदर्शनी आयोजना गरेको र उक्त प्रदर्शनीको आयोजनासँगै भानु पुस्तकालय अन्तर्गत भानु स्मृति सङ्ग्रहालयको पनि शुभारम्भ भएको पाइन्छ । प्रदर्शनीमा राखिएका अधिकांश पुस्तकहरू सोही अवसरमा भानु पुस्तकालयलाई हस्तान्तरण गरिएको थियो र ती पुस्तकमा भानु स्मृति सङ्ग्रहालयका नामबाट छुट्टै दर्ता नम्बर पनि दिइएको छ । सोही प्रदर्शनीका क्रममा भानुभक्तको प्रयोग गर्ने गरेका कतिपय वस्तु भानु स्मृति भवनमा सङ्कलन गरिएको जानकारी पाइन्छ । यस्ता केही वस्तुहरू जस्तै भानुभक्तका दौरा सुरुवाल, टोपी, कलम, मसिदानी आदि पछिसम्म पनि सङ्ग्रहालयको भित्तामा झुण्डिएका थिए ।

भानु पुस्तकालयले सङ्ग्रहालयलाई निरन्तरता दिन नसके पनि भानुभक्तका ठांहिला बाबु गंगादत्तका सन्ततिहरूको पुरानो घर मार्फत त्यहाँबाट छरिएका कतिपय ऐतिहासिक कागजपत्र वि.सं. २०४१ तिर भानु पुस्तकालयले प्राप्त गरेको बुझिन्छ । यिनै कागजपत्रहरूका साथमा भानुभक्तकै र अरू केही सामग्रीहरू, हातले लेखेको बधूशिक्षाको खेस्रा लेखोट पनि भानु पुस्तकालयमा आइपुगेको छ ।

भानु स्मृति सङ्ग्रहालयको विकासमा भानु जन्मस्थल विकास समितिको स्थापनापछि केही प्रगति भएको पाइन्छ । उक्त समितिले वि.सं. २०५६ मा **आदिकवि भानुभक्त** चलचित्र निर्माणका क्रममा भानुभक्तकालीन कतिपय सामग्रीहरू सङ्कलन गरेको छ । भानुभक्तका सन्ततिहरूबाट प्राप्त गरिएका सामग्रीहरूको सूची यसप्रकार छ ।

| | |
|---|---|
| १. सम्पूट | २. आचमानी |
| ३. त्रिखुटी | ४. दुईमुखे चन्दनखोरी |
| ५. पानस | ६. अर्घौतो |
| ७. फूलथाली | ८. कोपरी |
| ९. आरती दियो | १०. धुपौरो |
| ११. पूजाथाली | १२. अंखरी |
| १३. पंचपाला | १४. शङ्ख |
| १५. तामाको पंचपात्रो | १६. जलारी |
| १७. हुक्का | १८. ठेकी मदानी |
| १९. भोटे ताल्चा | २०. काठे आरी |
| २१. ढलौटे डल्ले कसौडी | २२. ढलौटे लोहोरे कसौडी |
| २३. ढलौटे माने कसौडी | २४. ढलौटे ढाडे कसौडी |
| २५. पित्तलको पंचपात्रो | २६. काठको मदुस |
| २७. मदुस | २८. तामाको गाग्री |
| २९. तामाको हत्तर | ३०. तामाको ताउलो |
| ३१. कोपरा | ३२. चरेस थाल |
| ३३. दिसे लोटा | ३४. काठको खाट |
| ३५. खराउ | |

चलचित्र निर्माणका क्रममा आदिकवि भानुभक्तको घडेरी उत्खनन गरी सोही जग्गामा नयाँघर निर्माण गरिएको जानकारी पाइन्छ । उक्त घर उत्खनन कार्य वि.सं. २०५४

आश्विन २८ र २९ गते तत्कालीन त्रि.वि.वि. इतिहास विभागका प्रमुख इतिहासकार डा. राजाराम सुवेदीबाट सम्पन्न भएको जानकारी पाइन्छ । घर उत्खनन गर्दा भेटिएका कतिपय सामग्रीहरू पनि उक्त सङ्ग्रहालयमा सुरक्षित तरिकाले राखिएका छन् । घडेरी उत्खनन गर्दा फेला परेका वस्तुहरू यसप्रकार छन् :

| | |
|---|---|
| १. खरानी | २. माटाका भाँडाका टुक्राहरू |
| ३. दैलो ठेलाको अवशेष काठ | ४. चुराका टुक्राहरू |
| ५. हँसिया उदाउने ढुङ्गा | ६. फलामको पनिया |
| ७. मेटलको बालाको टुक्रा | ८. फलामको सानो टुकटुके |
| ९. औषधी पिन्ने चनौटे ढुङ्गा | |

## ३.६ आर्थिक अवस्था

वर्तमान समयमा भानु पुस्तकालयको कुनै निश्चित र स्थायी आयस्रोत देखिँदैन । कुनै दाता वा संस्थाले पुस्तकालयलाई गर्ने सहयोग र सदस्यता शुल्क मात्र नै यसका आम्दानीका स्रोतको रूपमा देखिन्छन् । केही वर्ष यता पुस्तकालयलाई विभिन्न समयमा विभिन्न संघ संस्था तथा व्यक्तिबाट निम्न अनुसार सहयोग प्राप्त भएको पाइन्छ :

| क्र.सं. | सहयोगी संस्थाको नाम | सहयोग रकम | उद्देश्य | सहयोग प्राप्त मिति |
|---|---|---|---|---|
| १. | संस्कृति मन्त्रालय | १०००००।- | पुस्तक खरिद | आ.व. २०५५/०५६ |
| २. | राष्ट्रिय योजना आयोगबाट (जिविस, तनहुँ मार्फत) | २०००००।- | भवन निर्माण | आ.व. २०६४ |
| ३. | शिक्षा मन्त्रालय (जिल्ला शिक्षा कार्यालय मार्फत) | २००००।- | पुस्तकालय सहयोग | आ.व. २०६४ |

वि.सं. २०६६ असार मसान्तसम्मको आर्थिक विवरण हेर्दा गत वर्षको बाँकी रकम १२,९७६।७५ पैसा देखिन्छ भने सदस्यता शुल्क, कोष सञ्चालन गर्न खोलिएको खातामा जम्मा भएको रकमबाट रु २३७१६२।९३ पैसा देखिन आएको छ । यो रकम मध्ये रु ४५५७ खर्च भई अरू रकम नेपाल बैंक लिमिटेड दमौलीमा रहेको छ ।

### ३.७ सदस्यता

पुस्तकालयको वर्तमान विधान अनुसार पुस्तकालयमा चार प्रकारका सदस्यहरू रहने व्यवस्था छ : साधारण सदस्य, संस्थापक सदस्य, आजीवन सदस्य र मानार्थ सदस्य ।

पुस्तकालयमा बसेर पुस्तक पढ्नका लागि कुनै सदस्यताको व्यवस्था नभएको बुझिन्छ तर घरमा पुस्तक लगी पढन चाहने इच्छुकले भने सदस्यता बन्नु पर्ने व्यवस्था रहेको पाइन्छ । मुक्तिनाथ आचार्यका अनुसार वि.सं. २०३५ तिरबाट सदस्यता रु ५। तिरेर बन्ने व्यवस्था सुरु भयो भने अहिले रु २५। तिरेर सदस्य बन्ने व्यवस्था रहेको छ । साधारण सदस्य बन्नका लागि जुनसुकै नेपाली नागरिकले प्रवेश शुल्क बापत रु २५ र वार्षिक शुल्क बापत रु २०। बुझाई आवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको बुझिन्छ । हाल पुस्तकालयका साधारण सदस्यहरू यस प्रकार देखिन्छन् :

| | |
|---|---|
| १. केदारभक्त आचार्य | २. श्रीभक्त आचार्य |
| ३. मुक्तिनाथ आचार्य | ४. हरिनाथ आचार्य |
| ५. रामप्रसाद आचार्य | ६. शहदेव अधिकारी |
| ७. दुर्गाबहादुर अधिकारी | ८. रामकुमार श्रेष्ठ |
| ९. जीतबहादुर घर्ती | १०. लक्ष्मीप्रसाद आचार्य |
| ११. हरिबहादुर अधिकारी | १२. बद्रीनाथ ढकाल |
| १३. विश्वनाथ आचार्य | १४. विन्दुनाथ ढकाल |
| १५. शिवभक्त रानाभाट | १६. विष्णुमाया श्रेष्ठ |
| १७. वृन्दा रानाभाट | १८. सुवास ढकाल |
| १९. गायत्री ढकाल | २०. दिलबहादुर बोहरा |
| २१. ऋषिराम पन्त | २२. टेकबहादुर लौडारी |

२३. दीपक वराल

२४. रामबहादुर घर्ती

२५. पूर्णचन्द्र वाग्ले

२६. सोमनाथ पण्डित

२७. सूर्यबहादुर नेवार

२८. प्रेमबहादुर श्रेष्ठ

२९. पदमबहादुर रानाभाट

३०. विष्णुचन्द्र आचार्य

३१. गुणराज न्यौपाने

३२. गणेशकुमार श्रेष्ठ

३३. इन्दुनाथ ढकाल

३४. कृष्णचन्द्र ढकाल

३५. सूर्यनाथ ढकाल

३६. विनोद ढकाल

३७. सुकलाल श्रेष्ठ

३८. मुरलीमोहन रानाभाट

३९. पदमकुमारी नेवार

४०. सावित्रा श्रेष्ठ

४१. सरस्वती न्यौपाने

४२. कल्पना ढकाल

४३. इन्द्रविलास आचार्य

४४. माधवप्रसाद लामिछाने

४५. कुलचन्द्र आचार्य

संस्थापक सदस्य भन्नाले पुस्तकालय दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरूलाई बुझिन्छ । वर्तमान पदाधिकारीहरू नै विधानतः पुस्तकालयका संस्थापक सदस्य हुन् । आजीवन सदस्य बन्नका लागि पुस्तकालयको विकासको लागि विशेष योगदान पुऱ्याउनु पर्ने र एकमुष्ठ रकम रु १०००। का साथ आवेदन दिनुपर्ने व्यवस्था रहेको छ । पुस्तकालयमा प्राप्त पुरानो विवरण समेतका आधारमा रामभक्त ढकाल, शरदचन्द्र शर्मा र ऋषि आचार्य आजीवन सदस्य देखिएका छन् । साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकलाई मानार्थ सदस्यका रूपमा राख्ने व्यवस्था देखिन्छ । वि.सं. २०४१ को वार्षिक मुखपत्र चुँदी रम्घामा लेखिए बमोजिम

त्यस समयमा शम्पा उपाध्यायले पुस्तकालयको नियम अनुसार पुरस्कार स्वरूप मानार्थ सदस्यता प्राप्त गरेको देखिन्छ ।[४९]

पुस्तकालयका सदस्यहरू मध्ये मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूबाट साधारण सभाको गठन हुने देखिन्छ भने मानार्थ सदस्य आमन्त्रित हुने व्यवस्था रहेको पाइन्छ । साधारण सभाबाट कार्य समितिको गठन हुने व्यवस्था रहेको छ । पुस्तकालयको साधारण सभा सामान्यतः एक वर्षमा एकपटक बस्दछ । आवश्यक पर्दा जहिले पनि बस्न सक्ने व्यवस्था रहेको देखिन्छ । सभाबाटै सञ्चालक समितिको गठन हुने गरेको पाइन्छ । पुस्तकालय सभा पुस्तकालयको सर्वोच्च निकायको रूपमा रहेको देखिन्छ । पुस्तकालयको नियम अनुसार साधारण सभाले कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने, वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने, आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने, मानार्थ सदस्यता प्रदान गर्ने, कार्य समितिबाट भएका काम कारवाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने आदि जस्ता कार्यहरूको व्यवस्था गरेको देखिन्छ ।

## ३.८ कर्मचारी व्यवस्था

भानु पुस्तकालय मूलतः पुस्तकालय प्रेमीहरूको सहयोग र सक्रियतामा सञ्चालित साहित्यिक संस्था हो । यसमा ठूलो धनराशी प्राप्त हुने कुनै नियमित स्रोतको व्यवस्था छैन । स्थापनाकालदेखि वि.सं. २०३८ भन्दा अघिसम्म पुस्तकालयको दैनिक कार्य पुस्तकाध्यक्षबाट हुने गरेको बुझिन्छ । उनलाई कुनै किसिमको तलब भत्ता दिने व्यवस्था गरेको देखिदैन । कर्मचारीको व्यवस्था हुनुभन्दा अगाडिका पुस्तक दिनेकार्य पुस्तकाध्यक्षहरूबाट हुने गरेको चर्चा यस अघि गरी सकिएको छ भने भानु स्मृति भवनको उद्घाटन भएपछि उक्त भवनको संरक्षणका निम्ति वि.सं.२०३८ बाट सरकारले केही कर्मचारी खटाएको देखिन्छ । फलतः त्यसै भवनमा सञ्चालित पुस्तकालय र सङ्ग्रहालयको रेखदेखका साथै पुस्तकालयको दैनिक कार्य सञ्चालन गर्ने कार्य तिनै कर्मचारीले गर्ने गरेको विवरण पनि यस अघि नै उल्लेख गरिएको छ ।

वि.सं. २०५२ मा भानु जन्मस्थल विकास समितिको गठन भएपछि सरकारले कर्मचारीको दरबन्दी कटौती गरेका कारण पुस्तकालय समिति र जन्मस्थल समिति बीच

---

[४९] पुस्तकालयको विधान २०६४ बाट ।

पुस्तकालयको दैनिक कार्य सञ्चालन र रेखदेख जन्मस्थल कै कर्मचारीले गर्ने कुरामा सम्झौता भएको बुझिन्छ । पुस्तकालयमा दैनिक कार्य सञ्चालन, पुस्तक दिने, लिने कार्य गर्ने सरकारबाट नियुक्त कर्मचारीको नाम यसप्रकार छः

| क्र.सं. | कर्मचारीको नाम | कार्यरत अबधि |
|---|---|---|
| १. | रामकुमार श्रेष्ठ | २०५४।५।१६ देखि २०५७ सम्म |
| २. | रमेश आचार्य | २०५७ देखि २०६१ सम्म |
| ३. | रामकुमार श्रेष्ठ | २०६१ देखि २०६३।७।२३ सम्म |
| ४. | शिवभक्त रानाभाट | २०६३।७।२४ देखि हालसम्म |

## ३.९ निष्कर्ष

घरबाट पुस्तकहरू चन्दा स्वरूप उठाएर जनचेतनाको विस्तार गर्ने दृढ सङ्कल्पका साथ वि.सं. २००८ मा जन्मिएको भानु पुस्तकालय तनहुँ जिल्लाको दोस्रो पुस्तकालय हो । यो पुस्तकालय लामो समयसम्म व्यक्ति विशेषको घर पिँढीमा रहेपछि वि.सं. २०१६ मा भानु मध्यमिक विद्यालयको एउटा कोठामा सरेको र वि.सं.२०३२ मा चुँदी फाँटमा निर्मित भानु स्मृति भवनमा स्थान्तरित भएको देखिन्छ । भानुभक्तसँग सम्बन्धित कृतिहरू, भानुभक्तका कृतिहरूका साथै अन्य कृतिहरू संस्कृत, नेपाली, अङ्ग्रेजी, हिन्दी आदिजस्ता भाषामा लेखिएका सामग्रीहरूलाई सङ्कलन र संरक्षण गर्दै यसले कम शुल्क तिरेर पाठकलाई पुस्तक पढ्ने सुविधा उपलब्ध गराउँदै आएको देखिन्छ । विभिन्न व्यक्ति एवम् संघ संस्थाबाट पटके सहयोग प्राप्त गर्दै यसले अहिले आफ्नो भौतिक स्थितिमा सुधार ल्याउँदै आएको देखिन्छ । भानु पुस्तकालय सामान्य पुस्तकालयमात्र नभई चुँदी रम्घाको विकासका निम्ति गठन भएको सामाजिक संस्थाका रूपमा पनि देखा पर्दछ । फलतः पुस्तकालयले स्थापनाकालदेखि नै नाटक उपसमिति गठन गरी गाउँ घरमा नाटक मञ्चनको परम्परा विकसित गरेको पाइन्छ भने आदिकवि भानुभक्तको जन्मभूमी चुँदी रम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति वि.सं. २०१७ मा भानु स्मारक निर्माण समिति गठन गरी भानु प्रतिमा र भानु स्मारक निर्माण समेत गरेको देखिन्छ ।

भानु पुस्तकालयलाई सहयोग पुऱ्याउन वि.सं. २००८ मा नै काठमाडौंमा भानु पुस्तकालय सहयोग समिति गठन भएको छ भने यो समिति वि.सं. २०११ मा भानु पुस्तकालय सहायक समितिमा परिवर्तन भएको छ । यसले भानु पुस्तकालयको सुदृढीकरण र चुँदी रम्घामा भानु प्रतिमा स्थापना गर्ने कार्यमा निकै ठूलो योगदान दिएको छ । यो समिति वि.सं. २०२६ मा भानु सेवा समितिमा र वि.सं. २०५९ मा भानु प्रतिष्ठानमा परिणत भएको छ । चुँदी रम्घाको समग्र विकासका निम्ति वि.सं. २०५२ मा गठन भएको भानु जन्मस्थल विकास समिति भानु पुस्तकालयको सहयोगी संस्थाका रूपमा रहेको छ । वि.सं. २०५८ बाट पुस्तकालयको दैनिक सञ्चालनको जिम्मेवारी यही समितिले लिइरहेको छ  तापनि पुस्तकालय सञ्चालक समिति स्वतन्त्र अस्तित्वका साथ गैरसरकारी संस्थाका रूपमा क्रियाशील रहेको छ । पुस्तकालयको विकास र चुँदी रम्घाको समग्र विकासमा समेत यो समिति सक्रिय रहेको छ । यो समितिले अहिले भानु प्रतिष्ठानसँग सहकार्य गरी भानु पुस्तकालयलाई राष्ट्रिय स्तरको पुस्तकालयका रूपमा चिनाउने र चुँदी रम्घामा भानु स्मृति संङ्ग्रहलय स्थापना गर्ने प्रकिया अघि बढाएको छ ।

# चौथो परिच्छेद

## भानु पुस्तकालयका सहयोगी संस्था

### ४.१ **भानु पुस्तकालय सहयोग समिति** (वि.सं.२००८-२०११)

वि.सं. २००८ वैशाखमा तनहुँको चुँदी रम्घामा भानु पुस्तकालयको स्थापना गरिएपछि सोही वर्ष काठमाडौमा भानु पुस्तकालय सहयोग समिति गठन भएको देखिन्छ । यातायातको असुविधा र चुँदी रम्घामा भर्खर मात्र भानु पुस्तकालय स्थापना भएको अवस्थामा पुस्तकालयको विकास तथा विस्तार र भानु जन्मस्थलको उन्नतिका लागि काठमाडौंमा रही काम गर्न अति आवश्यक थियो । त्यसैले तनहुँका व्यक्तित्व, भानुभक्तका सन्ततिहरू तथा नेपाली साहित्यका सर्जकहरू मिलेर आमगत रूपमा साहित्यिक कार्यलाई सक्रियताका साथ अगाडि बढाइयो । प्रा. यदुनाथ खनालको सभापतित्वमा गठित उक्त समितिमा तीर्थराज आचार्य, सोमनाथ पौडेल आदि सदस्य रहेका थिए भने सचिवमा रामचन्द्र पौडेल थिए ।

भानु पुस्तकालय सहयोग समितिले वि.सं. २००९ देखि प्रतिवर्ष आषाढ २९ गते भानु जयन्ती मनाउने परम्परा थालनी गरेको बुझिन्छ । समितिले पुस्तकालयको विस्तारका लागि पुस्तकहरूको खोजी गर्नुका साथै पुस्तकालयको आर्थिक एवम् भौतिक विस्तार र विकास गर्न विभिन्न प्रयासहरू गरेको देखिन्छ । समितिले भानु जन्मस्थल चुँदी रम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्न गुरुयोजना बनाउने बारेमा निकै पहल गरेको देखिन्छ ।

### ४.२ **भानु नाटक समिति** (२००८ देखि अहिलेसम्म)

भानु पुस्तकालय स्थापना गरिसकेपछि रम्घालीहरूले पुस्तकालय कै एक अंगका रूपमा भानु नाटक समिति पनि स्थापना गरेको बुझिन्छ । यस समिति पुस्तकालय समिति जस्तो व्यवस्थित देखिँदैन तर स्थापनाकालदेखि नै पुस्तकालय अन्तर्गत कुनै न कुनै रूपमा समिति क्रियाशील रहेको जानकारी प्राप्त हुन्छ ।

नाटक समितिले नाटक प्रदर्शनका निम्ति पर्दाहरू, कपडाहरू र सिँगार पटारका सामग्रीहरूका साथै नक्कली कपाल र दाह्री जुँगाहरूको समेत व्यवस्था गरेको बुझिन्छ ।

चुँदी रम्घामा नाटक प्रदर्शनको परम्परा नियमित रूपमा चलेको देखिन्छ । यसैले नाटक प्रदर्शनको क्रमलाई पनि विभिन्न चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ **पहिलो चरण** (स्थापनाकालदेखि वि.सं. २०२३ सम्म)

वि.सं. २००८ देखि नै चुँदी रम्घामा नाटक प्रदर्शन गर्ने परम्पराको सुरुवात भएको बुझिन्छ । वि.सं. २००८ मा प्रदर्शन गरिएको पहिलो नाटक श्रीप्रसाद घिमिरेको **सुदामा** भएको जानकारी पाइन्छ भने यसपछि प्रदर्शित दोस्रो नाटक भिमनिधि तिवारीको **सहनशिला सुशिला** (२००९) भएको बुझिन्छ । यस नाटकका नायकका रूपमा रामचन्द्र शर्मा पौडेल र एक पात्रका रूपमा गिरिराज आचार्यले अभिनय गरेको कुरा उहाँहरूबाट थाहा पाइन्छ । त्यसबेलामा नाटक प्रदर्शन गर्ने कार्यमा विभिन्न शैक्षिक क्रियाकलापमा क्रियाशील व्यक्तित्वहरू रामचन्द्र पण्डित 'सरस्वती', रामचन्द्र शर्मा पौडेल, सूर्यनाथ आचार्य, कोशबहादुर गुरुङ्ग, पं. रुद्रशङ्कर, पं. भोजराज आचार्य, पं. शिवशङ्कर आचार्य, पं. गिरिराज आचार्य, लक्ष्मीराज आचार्य आदिको उपस्थिति उल्लेखनीय मानिन्छ ।[५०] रम्घामा प्रदर्शित तेस्रो नाटक बालकृण्ण समद्वारा लेखिएको **मुकुन्द इन्दिरा** देखा पर्दछ । रामचन्द्र शर्मा पौडेलका अनुसार उक्त नाटकमा मुकुन्द पात्रको रूपमा उनी आफैले खेलेका थिए । त्यसैगरी समको अर्को नाटक **भक्त भानुभक्त** पनि चुँदीमा प्रदर्शित भएको थियो । उक्त नाटक प्रदर्शन गर्दा भानुभक्तको भूमिका कृष्णहरि अर्यालले र घाँसीको भूमिका गिरिराज आचार्यले खेलेका थिए भने हरिनाथ आचार्य, बद्रीनाथ ढकाल, गोपीनाथ आचार्य र दुर्गाभक्त ढकाल आदि पनि विभिन्न भूमिकामा रहेका थिए ।[५१]

नाटक प्रदर्शनका लागि सामग्रीहरू आवश्यक देखिएकाले काठमाडौं बस्ने रम्घालीहरूले चन्दा सङ्कलन गरी केही सामग्रीहरू किनेर बाकसमा राखी रम्घा पुऱ्याएको जानकारी पाइन्छ भने विजया दशमीको अवसर पारेर काठमाडौंमा पढ्न बस्ने विद्यार्थीहरू घर आउने हुँदा रम्घामा वर्षै पिच्छे नवमीका दिन नाटक प्रदर्शन गर्ने गरेको बुझिन्छ तर समाजमा देखिएको मत विभेदले केही समय नाटक प्रदर्शनमा पनि विभेद आएको र एकै समयमा दुई नाटक प्रदर्शन भएको पनि बुझिन्छ । यसरी प्रदर्शन भएका नाटक थिए **पुतली** र **प्रायश्चित** । तर त्यो विभेद छिट्टै अन्त्य भएको थियो र वि.सं. २०१५ र २०१७ मा एकै

---

[५०] रामचन्द्र पण्डित 'सरस्वती' सँगको अर्न्तवार्ता,चुँदी रम्घा,वर्ष ४, अङ्क ४, पृ. १० ।

[५१] शोधार्थी- दुर्गाभक्त ढकालसँगको कुराकानीमा आधारित ।

ठाउँमा **महाभारत** र **पञ्चतन्त्र** प्रदर्शन गरिएको जानकारी पाइन्छ । यसै गरी वि.सं. २०२० मा नारायणदत्त शास्त्रीको **रामवनवास,** २०२१ मा उनैको **आमा** अनि २०२२ मा लेखनाथ पौड्यालको **भर्तृहरिनिर्वेद** र २०२३ मा भीमनिधि तिवारीको **पुतली** नाटक मञ्चन भएको जानकारी पनि पाइन्छ ।

### ४.२.२ दोस्रो चरण (वि.सं. २०२४ देखि २०३५ सम्म)

दोस्रो चरणको प्रारम्भ भएपछि नाटक प्रदर्शनमा नयाँ पुस्ताको सक्रिय सहभागिता देखिन्छ । स्थानीय तहमा नै नयाँ पुस्ताका सिर्जनशील युवाहरूले आफैले नाटक रचना गर्ने र प्रदर्शन गर्ने गरेको बुझिन्छ । वि.सं. २०२४ मा साक्षरता दिवसका दिन **साक्षरता किन** नाटक प्रदर्शन गरिएको थियो । यो नाटक शम्पा उपाध्यायले रचना गरेका थिए । विशेष गरेर ग्रामीण जनतालाई मनोरञ्जन गराउँदै शिक्षाको महत्त्व बुझाउनका लागि यो नाटक प्रदर्शन गरिएको जानकारी पाइन्छ । दोस्रो चरणमा पनि सुरु सुरुमा भीमनिधि तिवारीका नाटकहरू तथा एकांकीहरू प्रदर्शन गरिने गर्दथे भन्ने जानकारी पाइन्छ । यस समयमा नाटक प्रदर्शनमा शम्पा उपाध्याय, मुक्ति पण्डित, काशीराज आचार्य, मोहीधर काफ्ले, लक्ष्मीविलास आचार्य, व्रतराज आचार्य, श्रीभक्त आचार्य आदिको सक्रियता रहेको पाइन्छ ।

वि.सं. २०२७/२८ देखि नाटक प्रदर्शनमा नयाँ पुस्ताले नयाँ प्रविधिको प्रयोग भित्रयाएको पाइन्छ । यसै समयदेखि नाटकको प्रदर्शनका क्रममा आकर्षक पोष्टरहरू बनाई चुँदी रम्घाका अतिरिक्त तनहुँका विभिन्न ठाउँहरू मैवल, भन्सार, संजुर, पुरकोट आदि ठाउँमा टोली खटिइ टाँस्ने गरिएको जानकारी पाइन्छ । साथै रम्घाका नाटक टोलीलाई अन्य ठाउँबाट नाटक प्रदर्शनका लागि निम्ता आउन थालेको जानकारी पनि पाइन्छ । सुरुका दिनमा नाटक प्रदर्शनमा ब्राम्हण जातिको मात्र संलग्नता रहने गरेकोमा वि.सं. २०३० तिर आइपुगेपछि अरू जात जातिका मानिस पनि सहभागी हुने गरेको बुझिन्छ । यसरी सहभागी हुनेहरू थिए पदमबहादुर रानाभाट, लालबहादुर गुरुङ्ग, जितबहादुर दमै आदि । सुरु सुरुमा नाटकमा पुरूष पात्रहरूको मात्र सक्रियता रहने गरेको र महिला पात्रको भूमिका पनि पुरूष पात्रले नै निर्वाह गर्दै आएको पाइन्छ । तर दोस्रो चरणमा आएर नाटकमा महिला पात्रहरूको प्रवेश हुन थालेको पाइन्छ । यसरी नाटकमा सहभागी महिलाहरू थिए : पम्फा रानाभाट, मीरा आचार्य, विन्दु रानाभाट (पण्डित), शान्ति आचार्य, अञ्जु आदिको सक्रियता ।

दोस्रो चरणमा प्रदर्शन भएका नाटकको विवरण क्रमबद्ध रूपमा नपाइए पनि वि.स.२०३१ तिर लक्ष्मी आचार्यको सक्रियतामा हृयदयचन्द्र सिंहको **मरुभूमिमा लेखक** नाटक मञ्चन गरिएको, र वि.सं. २०३२ मा **दसैं** नाटक प्रदर्शन भएको जानकारी पाइन्छ । दोस्रो नाटक विधान आचार्यले रचना गरेका थिए । यो नाटक तिलाहारमा पनि प्रदर्शन गरिएको थियो ।

### ४.२.३ तेस्रो चरण (वि.सं. २०३६ पछि)

वि.सं. २०३६ अघिसम्म सांस्कृतिक, सामाजिक, पारिवारीक, शैक्षिक जागरणका लागि सोही अनुसारका विषयवस्तुमा केन्द्रित रहने गरेका नाटकहरूमा वि.सं. २०३६ पछि राजनैतिक विषयवस्तुले प्रवेश पाएको देखिन्छ । यसै समयमा **फेरि इतिहास दोहरिन्छ** नाटक प्रदर्शन भएको बुझिन्छ । मनबहादुर मुखियाद्वारा लिखित यस नाटक प्रदर्शनमा व्रतराज आचार्य र विधान आचार्यको भूमिका मुख्य देखिन्छ । यसका पात्रहरूमा प्रविणको भूमिकामा विधान आचार्य, फेदङ्वा र पारसको भूमिकामा हरिकृष्ण पौडेल,बाबुकृष्ण पौडेल र अन्य पात्रहरू संलग्न रहेका थिए । यसैगरी विजय मल्लद्वारा रचिएको एकाङ्कीं **पर्खालभित्र** वि.सं.२०३७/३८ तिर प्रदर्शन गरिएको जानकारी पाइन्छ । यो एकांङ्की प्रदर्शनमा व्रतराज आचार्य, केदारभक्त आचार्य आदिको सक्रियता रहेको थियो । चुँदी फाँटमा यो नाटक प्रदर्शन गर्दा नाटक प्रदर्शनमा पहिलो पटक टिकट बिक्री गरी दर्शकहरूबाट आर्थिक सहयोग जुटाइएको वुझिन आउँछ ।

रम्घाका युवाहरू काठमाडौं लगायत अन्य ठाउँमा अध्ययन अध्यापनका सिलसिलामा जाँदा त्यहाँबाट प्राप्त गरेका नाटक सम्बन्धित विभिन्न तौरतरिकाका साथै प्रविधिको प्रभाव पनि विस्तारै रम्घाको नाटक प्रदर्शनमा पनि पर्न गएको बुझिन्छ । यसै क्रममा नाटकका पात्रको भूमिका निर्वाह गर्दा एकजना पात्रले दुई जना पात्रको भूमिका निर्वाह गरेका, आधा पुरुष र आधा महिलाको पहिरनमा नाटक खेलेका देखिन्छन् । आधुनिक कथाकार गुरुप्रसाद मैनालीका नासो कथा सँग्रहका धेरैजसो कथाहरूलाई तत्कालीन क्रियाशील नाटकप्रेमीहरूले नाटक बनाई प्रदर्शन गरेको पनि जानकारी पाइन्छ । नासो कथासङ्ग्रह भित्रको नासो कथाको सुभद्रा पात्रको भूमिका प्रदर्शन गर्दा विधान आचार्यले निर्वाह गरको कुरा पनि उनीबाट नै बुझ्न सकिन्छ । नाटक विशेष गरेर फूलपाती, नवमी र कोजाग्रत पूर्णिमाका दिनमा देखाइने गरेको पाइन्छ । वि.सं. २०४६ पछि एकातिर राजनीतिक प्रतिस्पर्धा तीब्र हुँदै

गएका कारण गाउँको वातावरण धमिलिँदै गएको छ भने अर्कातिर र सिनेमा र टेलिभिजनको प्रयोग बढ्दै गएका कारण गाउँघरमा देखाइने नाटकले दर्शकको मनोरञ्जन गराउन छाडेको छ । फलतः त्यसपछि चुँदी रम्घामा नाटक प्रदर्शन भएको देखिँदैन ।

### ४.२.४ निष्कर्ष

भानु पुस्तकालय स्थापना भएपछि रम्घा गाँउमा नै वि.सं. २००८ देखि **सुदामा** नाटकबाट नाटक प्रदर्शन गर्ने परम्परा प्रारम्भ भई यो पुस्तकालयको एक अंगका रूपमा देखा परेको पाइन्छ । पुस्तकालयप्रेमीहरूबाट पुस्तकालय समिति बनेको उक्त समितिका सदस्य सहित अन्य केही स्थानीयबासी मिलेर नाटक देखाउने कार्यको थालनी रम्घामा गरेको बुझिन्छ । मनोरञ्जनका अन्य साधनहरूको विकास नभै सकेको त्यस समयमा ग्रामीण जनतालाई मनोरञ्जन दिँदै केही राम्रा शिक्षा र सन्देशहरू पनि नाटकले दिएको बुझिन्छ । पछिल्लो समयमा रम्घालीको जीवनशैली, विद्वता उच्च देखिनु पनि नाटकको प्रत्यक्ष-अप्रत्यक्ष प्रभावले हो भन्न सकिन्छ ।

नाट्य परम्परालाई हेर्दा अरू नाटककारले लेखेका केही नाटकहरू र स्थानीयबासीले तत्कालीन समाजको परिवेश सुहाँउदा नाटकहरू सृजना गरी प्रदर्शन गर्ने गरेको देखिन्छ । नाटकका साथै गीत (रत्यौली गीत, तीज गीत आदि) प्रहसनहरूबाट रम्घाका अतिरिक्त तनहुँका विभिन्न स्थानहरू र छिमेकी जिल्ला लम्जुङ्ग, गोरखाका तनहुँसँग जोडिएका स्थानहरूका शिक्षाप्रेमी तथा नाटकप्रति चासो राख्नेहरूलाई यसले प्रभाव पारेको देखिन्छ । रम्घाका नाटकप्रेमी विभिन्न ठाउँमा गई नाटक प्रदर्शन गर्ने र अन्य स्थलका नाटकप्रेमीहरू पनि रम्घा आई नाटकमा भागलिने गरेको देखिन्छ । वि.सं. २०४६/०४७ पछि भने रम्घाका नाट्यप्रेमीहरू त्यती अग्रसर भएर नाटक प्रदर्शन गर्ने गरेको देखिँदैन ।

## ४.३ **भानु पुस्तकालय सहायक समिति** (वि.सं.२०११-२०२६)

भानु पुस्तकालय सहयोग समितिलाई वि.सं २०११ मा भानु पुस्तकालय सहायक समितिमा परिणत गरेको देखिन्छ किनभने त्यसबखत चुँदी रम्घामा नै पुस्तकालय सञ्चालन समिति गठन भईसकेको थियो । सहायक समितिको अध्यक्षमा तीर्थराज आचार्य रहेका थिए भने सचिवमा रामचन्द्र पौडेल रहेका थिए । वि.सं. २०१२ तिर यस समितिले काठमाडौंको ठँहिटी टोलको एक घरमा दुई तलामाथि कोठा भाडामा लिई कार्यालय समेत सञ्चालन

गरेको थियो । त्यस घरमा भानु पुस्तकालय सहायक समितिको साइनवोर्ड समेत टाँसिएको थियो ।

सहायक समितिले वि.सं. २०१३/०१४ तिर भारतीय राजदूतावासबाट विभिन पुस्तकहरू उपहार प्राप्त गरी चुँदी रम्घा पठाएको जानकारी पाइन्छ । यस्ता पुस्तकहरूमा सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित रामायण विशेष देखिन्छ । चुँदी रम्घामा भानु स्मारक निर्माण गरी भानु प्रतिमा स्थापना गर्ने प्रक्रियामा पनि सहायक समितिको भूमिका उल्लेखनीय देखिन्छ । सहायक समितिका अध्यक्ष तीर्थराज आचार्यले २०१५ मा राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणका क्रममा तनहुँ दोरदोरबाट राजालाई चुँदी रम्घा देखाई रम्घालीहरूको मागका बारेमा जानकारी गराएका थिए भने चुँदी रम्घामा स्थापनाका निम्ति भानु प्रतिमा निर्माण गर्ने कार्यमा पनि सहायक समितिका तीर्थराज आचार्य, सोमनाथ आचार्य, विजय राज आचार्य, रामचन्द्र पौडेल, लक्ष्मीनाथ आचार्य आदि निकै खटेका थिए । सहायक समितिकै पहलमा स्मारक निर्माणका निमित्त भानु प्रतिमा निर्माणका निम्ति काठमाडौंमा जनहित संघले रु १८००।- (एक हजार आठ सय) र तत्कालीन सांसद श्रीभद्र शर्माले रु ५००।- (पाँच सय) र पुरातत्व विभागले रु १०००। (एक हजार) प्रदान गरेको पनि जानकारी पाइन्छ । साथै भारतीय राजदूतावासबाट रु ५०० प्राप्त भएको बुझिन्छ ।

भानु पुस्तकालय सहायक समितिमा २०१७/१८ तिर लेखनाथ पौडेल अध्यक्ष भएको सूचना पाइन्छ तर त्यस बखतको निर्णय पुस्तिका प्राप्त नभएका कारण उक्त समिति कहिले गठन भएको हो र त्यसमा कोको संलग्न थिए ? भन्ने यथार्थ विवरण भेटिँदैन ।

वि.सं. २०२१ बाट केही समय शिवराज आचार्यले भानु पुस्तकालय सहायक समितिलाई जगाएको बुझिन्छ । उनले भानु पुस्तकालय सहायक समितिको खोजी गर्दा सोमनाथ पौडेलका कालधाराका घरमा एउटा दराजमा उक्त समितिका केही सामग्रीहरू भेट्टाएका थिए । त्यसपछि उनले तल्लो चुँदीका काठमाडौंमा उपस्थित केही महानुभावहरूलाई सोमनाथ पौडेलका कालधाराका घरमा नै भेला गराई भानु पुस्तकालय सहायक समितिको नयाँ कार्य समिति बनाएका थिए । उक्त समितिमा राजेश्वर देवकोटा अध्यक्ष, प्रा. जुननाथ पण्डित उपाध्यक्ष, प्रा. यदुनाथ खनाल, न्यायाधीश भैरवप्रसाद

उपाध्याय, प्रा. सोमनाथ पौडेल, कविराज तीर्थराज आचार्य, शिक्षक विजयराज आचार्य, खरिदार कृष्णप्रसाद पण्डित सदस्य र शिवराज आचार्य सचिव रहेको देखिन्छ ।[५२]

त्यस बखत रानीपोखरी संस्कृत छात्रावासमा बस्ने र अन्यत्र बस्ने समेत विद्यार्थीहरू विश्वनाथ आचार्य, साम्भराज आचार्य, विश्वराज आचार्य, केशवराज आचार्य, विष्णुचन्द्र आचार्य, वद्रिनाथ ढकाल, दुर्गाभक्त ढकाल, केशवराज पौडेल इत्यादि जाँगरिला सहयोगी हरूको सहयोगको परिचालन गरी बिदाका बेलामा चुँदी रम्घामा समेत क्रियाशील भई भानु पुस्तकालयका हराएर अवशिष्ट रहेका पुस्तकहरूको सूची बनाउने, पुस्तकालय व्यवस्थित गर्ने, पुस्तकालयको पुरानो हिसाब उठाई दराज, मेच, टेबल इत्यादी काठमाडौंमा किनी चुँदी रम्घा पुऱ्याई त्यहाँ पुस्तकालयका उपकरणहरूको व्यवस्था मिलाउने, मूल सञ्चालक समितिको पुनर्गठन गराउने, पुस्तकाध्यक्षलाई पुस्तकहरू व्यवस्थित रूपमा राख्न र दिने लिने गर्न सहयोग गर्ने, काठमाडौंमा शिक्षा मन्त्रालय, भारतीय राजदूतावास इत्यादिबाट प्रज्ञा प्रतिष्ठानका प्रकाशन समेतका महत्त्वपूर्ण धेरै पुस्तकहरू प्राप्त गर्ने, लोकसेवा आयोगका परीक्षा दिन चाहनेहरूलाई आवश्यक र उपयोगी हुने पुस्तकहरू किन्ने, तिनलाई चुँदी रम्घा पुऱ्याउने र व्यवस्थित गरिराख्ने समेत काम गरिएको थियो ।[५३]

वि.सं. २०२० भन्दा अगाडि भानु जयन्ती मनाउने कार्य केही निस्किय रहेको अवस्थामा नयाँ कार्यसमिति बनेपछि उक्त समितिले त्यस कार्यलाई क्रियाशील रूपमा गर्दै लगेको थियो भने मासिक रूपमा चन्दा उठाई वि.सं. २०२३ मा **भानुका लघुकृतिहरू** नामक कृति पनि प्रकाशन गरेको थियो र त्यसपछि  यो समिति पनि निष्किय बन्न पुगेको थियो ।

## ४.४. **भानु स्मारक निर्माण समिति** (वि.सं.२०१६-२०२३)

भानु पुस्तकालयको स्थापनाकालको एक उद्देश्य रम्घाको डाँडामा भानु स्मारक निर्माण गरी भानु प्रतिमा स्थापना गर्नु रहेको थियो । उक्त उद्देश्य वि.सं. २०१५ पछि कार्यान्वयन हुने प्रक्रियामा अघि बढेको देखिन्छ । राजा महेन्द्र पशिचमाञ्चल भ्रमणमा जाँदा सहायक समितिका अध्यक्ष तीर्थराज आचार्यले राजालाई दोरदोरबाट दुरवीनले भानु जन्मस्थल चुँदी रम्घा देखाई रम्घामा भाषा पाठशालालाई संस्कृत माध्यमिक (मिडिल) विद्यालय बनाउनु पर्ने र भानु स्मारक निर्माण गरी प्रतिमा स्थापना गर्नुपर्ने माग गरेका थिए

[५२] डा. व्रतराज आचार्य, पूर्ववत. पृ. ५१-५२ ।

[५३] शिवराज आचार्य, कौण्डिन्यायनः **शैक्षिक गतिविधिमा भानु पूस्तकालय सम्बन्धी क्रियाकलाप,** प्रायश्चित्तव्यवस्था, २०४९, पृ. १७ ।

भने स्थानीय जनताको तर्फवाट सूर्यनाथ आचार्यले राजा समक्ष बिन्तीपत्र चढाएका थिए । राजा महेन्द्रले पोखरा पुगेपछि रम्घालीहरूको दुवै माग स्वीकृतगरी चुँदी रम्घामा भानु स्मारक निर्माणका निम्ती रु ५००० (पाँच हजार) समेत निकासा दिलाएका थिए । त्यसपछि भानु पुस्तकालयले भानु स्मारक निर्माण समिति गठन गरी स्मारक निर्माण प्रारम्भ गरेको थियो ।

वि.सं २०१५ मा नै भानु स्मारक निर्माणका निम्ति चुँदी रम्घामा रुद्रशङ्कर पौडेलको अध्यक्षतामा भानु स्मारक निर्माण समिति गठन भइ निर्माण कार्य प्रारम्भ भएको पाइन्छ । उपलब्ध टिपोट अनुसार वि.सं. २०१७ भाद्र १ देखि भाद्र ३१ सम्म त्यस कार्यका लागि ७४ जनाले श्रमदान गरेका थिए । वि.सं. २०१८ मा समितिको पुनर्गठन हुँदा वडा हाकिम तेजबहादुर प्रसाइको अध्यक्षतामा २२ जनाको स्मारक निर्माण समिति गठन भएको थियो । त्यस समितिको पनि वि.स.. २०२० मा फेरि पुनर्गठन भएको देखिन्छ । प्राप्त टिपोट अनुसार त्यस बखतको समितिमा चित्रबहादुर गुरुङ्ग, अध्यक्ष, जुननारायण कोषाध्यक्ष, ज्ञानहरि पण्डित, सचिव र केही पछि सचिवमा केदारभक्त सहितको ११ जना पदाधिकारीहरू रहेका थिए भने ठेकेदार कोशबहादुर गुरुङ्ग थिए । भानु स्मारक निर्माणमा वि.सं. २०२१ माघ ४ गतेदेखि ११ गतेसम्म रम्घा मा.वि.का छात्रहरू ७ जनाले, दोरदोर पाठशालाका छात्र तथा शिक्षकहरू २० जना, शान्ति प्रा.वि. खातिथोकबाट ३३ जना, दोरदोर वडा नं १ बाट २७ जना चन्द्रावती मा.वि.बाट १२२ जनाका साथै थप्रेक शारदा शिक्षक सदनबाट सहयोग स्वरूप श्रमदान प्राप्त भएको कुरा प्राप्त पुरानो टिपोट अनुसार देखिन आएको छ । यस कार्यका लागि स्थानीय कर्मचारीले मासिक तलबबाट केही रकम कटाएर प्रदान गरेका थिए ।

चुँदी रम्घामा भानु स्मारक निर्माण गर्ने कार्यका लागि काठमाडौंमा पनि वि.सं. २०२१ कार्तिक १४ गते सूर्यविक्रम ज्ञवालीको अध्यक्षतामा ११ सदस्यीय भानु स्मारक सहयोग समिति गठन भएको थियो । प्राप्त टिपोट अनुसार त्यस समितिमा उपाध्यक्ष तीर्थराज आचार्य, सचिव शिवराज आचार्य, सदस्यहरू जनकलाल, गोपाल पाँडे ‘असीम’, प्रा. प्रयागराज, लेखनाथ अधिकारी, शेषराज , भवदेव, केशवराज पौडेल रहेका थिए । त्यस्तै यस कार्यका लागि काठमाडौंमा चन्दा सङ्कलन समिति गठन भएको बुझिन्छ । त्यस समितिमा अध्यक्ष राजेश्वर देवकोटा संयोजक शिवराज आचार्य तथा विश्वबन्धु, सूर्यविक्रम ज्ञवाली, माधव घिमिरे, भैरवप्रसाद, तीर्थराज आचार्य, धर्मराज थापा रहेका थिए । यस

समितिको केही समयपछि पुनर्गठन हुँदा तेजबहादुर प्रसाइको सभापतित्वमा २२ जनाको समिति गठन भएको थियो । उपलब्ध टिपोटअनुसार त्यस समितिमा उपसभापति नरनाथ आचार्य, सचिव ज्ञानहरि पण्डित सदस्यहरू तीर्थराज आचार्य, हरिकुमार श्रेष्ठ, रामकुमार श्रेष्ठ, विमलबहादुर थापा क्षेत्री, पिडिओ व्रज मोहन, रामचन्द्र शर्मा, पशुपति, जुननारायण, विष्णुभक्त शर्मा, विश्वराज आचार्य, हरिहर ढकाल, रामभक्त ढकाल, रुद्रशङ्कर, चित्रबहादुर, सूर्यनाथ आचार्य, सूर्यनाथ ढकाल, लक्ष्मीनाथ आचार्य, सत्यदेव, विजयराज, देवनिधि लोहनी रहेका थिए । त्यस्तै केही समयपछि यस समितिको पुनर्गठन हुँदा चित्रबहादुर शाहको सभापतित्वमा ११ सदस्यीय समितिको गठन भएको थियो । उक्त समितिमा उपसभापति शिवभक्त आचार्य, कोषाध्यक्ष जुननारायण, सचिव ज्ञानहरि पण्डित, सदस्यहरूमा चर्तुभुज शर्मा, सूर्यनाथ ढकाल, नरनाथ, कोशबहादुर, रुद्रशङ्कर, नारायण ढकाल र कृष्णहरि अर्याल रहेको कुरा टिपोटबाट प्राप्त हुन आएको छ ।

विभिन्न स्रोतबाट सहयोग भएपछि रम्घालीहरूको हौसला बढन गई भानुभक्तको ढलौटे अर्धकदको प्रतिमा बनाउन काठमाडौं बस्ने कालिगढ रत्नबहादुर तुलाधरलाई भानु सहायक समितिले जिम्मा दिएको थियो । प्रतिमा निर्माण गर्ने कार्यका लागि तीर्थराज आचार्य, सोमनाथ पौडेल, रामचन्द्र शर्मा पौडेल र लक्ष्मीनाथ आचार्य खटेर लागेका थिए । रामचन्द्र शर्मा पौडेलका अनुसार प्रतिमा निर्माण गर्दा कालिगढ रत्नबहादुरले ज्याला रु ५०००।- मागेका थिए तर रु ५००।- उसले भानुभक्तको नाममा चन्दा स्वरूप छोडेपछि रु ४५००।- मा प्रतिमा प्राप्त भयो । वि.सं २०१७ मा प्रतिमा एकपटक राजा महेन्द्रलाई अवलोकन गराएपछि हवाइजहाज मार्फत पालुङ्गटारसम्म पठाइयो र त्यहाँबाट रम्घालीहरूले खुसी र हौसलाका साथ काँधकाँधै बोकेर रम्घासम्म पुऱ्याएका थिए ।

रामचन्द्र शर्मा पौडेलका अनुसार वि.सं. २०१७ मा रम्घा पुऱ्याइएको प्रतिमा सोही समय स्थापना गरिएन, प्रतिमा जहाँ पायो त्यही राख्न हुदैन गुरुयोजना बनाएर मात्र त्यही अनुसार राख्नुपर्दछ भन्ने तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको मान्यतालाई अनुसरण गरेर वि.सं. २०२३ मा मात्र रम्घाको डाँडामा भानु स्मारकमा व्यवस्थित तरिकाले भानु प्रतिमा स्थापना गरिएको हो । यसरी रम्घामा स्थापना गरिएको प्रतिमा नेपालमा स्थापित दोस्रो भानु प्रतिमा हो । ढलौटको प्रतिमामा भानुभक्त पन्थ मारेर हातमा कलम लिई लेख्न खोजेको आकृतिमा रहेका छन् ।

गाउँको भानु संस्कृत मिडिल स्कुल नजिकै रहेको सार्वजनिक जग्गामा बनाइएको स्मारकको वरिपरि पर्खाल लगाएर बीचमा ढुङ्गाले छाएको मन्दिर जस्तो बनाई बीच भागमा सिमेन्ट लगाएर षट्कोण आकारको चौकी बनाइएको र चौकीमाथि भानुभक्तको ढलौटको अर्धकदको प्रतिमा राखेको देखिन्छ ।

वि.सं. २०२३ को भानु जयन्तीका अवसरमा उक्त स्मारकको उद्घाटन र प्रतिमाको अनावरण तनहुँ जिल्लाका तत्कालीन जिल्ला पञ्चायत सभापति रामनाथ भट्टराईले गरेका थिए । यसपछि रम्घामा भानु जयन्ती मनाउने परम्परा निरन्तर विस्तार हुँदै गएको हो ।

### ४.५ **भानु सेवा समिति** (२०२६-२०५८)

भानु पुस्तकालय सहायक समिति निस्क्रिय हुँदै गएका कारण वि.सं. २०२६ भाद्र २१ मा काठमाडौंस्थित रम्घालीहरू र अरू पनि भानु प्रेमीहरूको बृहत् भेला गराई भानु पुस्तकालय सहायक समितिका उद्देश्य र कार्यक्षेत्रमा व्यापक परिवर्तन ल्याउने उद्देश्यले सहायक समितिलाई भानु सेवा समितिमा रूपान्तरण गरी सत्यदेव आचार्यको अध्यक्षतामा नयाँ कार्य समिति गठन भएको देखिन्छ ।[५४] यस समितिले सहायक समितिले गर्दै आएका कार्यहरूलाई नियमितता दिएपनि नयाँ कार्यको थालनी गर्न सकेको देखिदैन ।

भानु सेवा समितिलाई अझै सक्रिय वनाउने उद्देश्यले वि.सं. २०३१ मा समितिको पुनर्गठन गरेको देखिन्छ । पुनर्गठित समितिमा श्रीभद्र शर्मा अध्यक्ष, शिवराज आचार्य उपाध्यक्ष, हरिहर भट्टराई सचिव, जयराज आचार्य उपसचिव, सोमनाथ पौडेल कोषाध्यक्ष, नरहरि आचार्य सहकोषाध्यक्ष र शरदचन्द्र शर्मा, नीलकण्ठ शर्मा, रवीन्द्र खनाल सदस्य रहेका देखिन्छन् भने केही समयपछि सचिव उपत्यका बाहिर रहेकाले व्रतराज आचार्यले अतिरिक्त सचिवका रूपमा काम गरेका देखिन्छन् ।[५५] नवगठित समितिले वि.सं. २०३१ आषाढ २९ गते १६१ औं भानु जयन्ती भव्य रूपमा मनाएको पाइन्छ र त्यसै वर्षदेखि भानु जयन्ती स्मारिकाका रूपमा **भानु दर्शन** पत्रिका प्रकाशन गर्न प्रारम्भ गरेको देखिन्छ । भानु सेवा समितिले आफ्ना कार्यक्रमहरूलाई विस्तार गर्ने क्रममा वि.सं. २०३१ मा सूर्यविक्रम ज्ञवाली नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कुलपतिमा नियुक्त हुँदा उनको सम्मानमा विशेष समारोहका साथै मोती जयन्ती र अरू कार्यक्रमहरूको पनि आयोजना गरेको देखिन्छ । भानु

---

[५४] डा. व्रतराज आचार्य, पूर्ववत. पृ. ५२ ।

[५५] ऐजन् ।

दर्शन को दोस्रो अङ्क त्यसै वर्ष विजयादशमीका अवसरमा प्रकाशित भएको छ । पहिलो अङ्कको भानु दर्शनमा सम्पादकका रूपमा शिवराज आचार्य र नरहरि आचार्य रहेका छन् भने दास्रो अङ्कमा व्रतराज आचार्य थप भएका देखिन्छन् । त्यसैगरी भानु दर्शनको तेस्रो अङ्क वि.सं. २०३१ मा तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहदेवको शुभराज्यभिषेकका अवसरमा प्रकाशित भएको छ । भानु सेवा समितिले भानु दर्शनलाई त्रैमासिक पत्रिकाको रूप दिई नियमित रूपमा प्रकाशन गर्ने प्रयत्न गरेको देखिन्छ । त्यसै अनुरूप वि.सं. २०३२ को भानु जयन्तीको अवसरमा भानु दर्शनको चौथो अङ्क प्रकाशित भएको छ । यस अङ्कमा पनि सम्पादक मण्डलमा शिवराज आचार्य, नरहरि आचार्य, व्रतराज आचार्य रहेका छन् ।

समितिले १६३ औं भानु जयन्तीका अवसरमा भानु जन्मस्थल चुँदी रम्घामा नै विशेष कार्यक्रमको आयोजना गरी भानु जयन्ती मनाएको देखिन्छ । उक्त कार्यक्रममा तत्कालीन शिक्षा राज्यमन्त्री हर्कबहादुर गुरुङ्ग, माननीयहरू श्रीभद्र शर्मा, रामनाथ भट्टराई तथा साहित्यकार र लेखकहरू कविवर माधवप्रसाद घिमिरे, जनकविकेशरी धर्मराज थापा, योगी नरहरिनाथ, वासुदेव त्रिपाठी, क्षेत्रप्रताप अधिकारी, डा. पार्थिवेश्वर तिमिल्सिना, उपेन्द्रबहादुर प्रधानाङ्ग, प्रा. चूडामणि बन्धु, भरतराज पन्त, दैवज्ञराज न्यौपाने, बेन्जु शर्मा आदिका साथै गण्डकी अञ्चलाधीश शंकरराज पाठक, स्थानीय जनप्रतिनिधीहरू र कार्यालय प्रमुखहरूलाई चुँदी रम्घा पुऱ्याएको देखिन्छ । तीनदिने कार्यक्रमका रूपमा सम्पन्न उक्त समारोहमा आषाढ २९ गते बिहान अतिथिहरू र स्थानीय व्यक्तिहरू बाजागाजा सहित रम्घाको शिखरमा पुगी भानु प्रतिमामा माल्यार्पण गरेको देखिन्छ भने दिउँसो चुँदी बेंसीमा निर्माण गरिएको भानु स्मृति भवन र त्यसैमा भानु स्मृती सङ्ग्रहालयको शिक्षा राज्यमन्त्री हर्कबहादुर गुरुङ्गले उद्घाटन गर्नुभएपछि सोही भवनमा श्रद्धान्जली समारोह आयोजना गरेको देखिन्छ ।[५६] साथै सोही दिन अपरान्न चुँदी बेंसी स्थित सेपाको बगैँचामा बृहत् साहित्य सम्मेलनको आयोजना गरेको जानकारी पाइन्छ । यस समितिले उक्त कार्यक्रमको विवरण समावेश गरी भानु दर्शन पत्रिकालाई १६३ औं भानु जयन्ती स्मारिकाको रूप दिई प्रकाशित गरेको छ ।

भानु सेवा समितिलाई अझ सुसँगठित गरी यसको कार्यक्षेत्रमा समेत व्यापकता ल्याउने उद्देश्यले वि.सं. २०३४ मा समितिले विधान परिवर्तन गरेको छ । परिवर्तित विधानमा उल्लेख भएका उद्देश्यहरू यस प्रकार छन् :

---

[५६] ऐजन् ।

क) आदिकवि भानुभक्तको जन्मभूमि चुँदी रम्घास्थित भानु स्मारक, भानु पुस्तकालय एवम् सङ्ग्रहा लय तथा भानु अतिथि भवनको संरक्षण र संवर्द्धन गर्नु ।

ख) भानु जन्मस्थललाई साहित्यिक, सांस्कृतिक तीर्थस्थलका रूपमा प्रतिष्ठित गर्न त्यहाँको शैक्षिक सांस्कृतिक वातावरण उन्नयनका लागि कार्यशील रहनु ।

ग) भानुभक्तलाई नेपाली भाषा र साहित्यका प्रतीक मानी मूलतः भानुभक्त सम्बन्धी कृतिहरूको सङकलन, प्रकाशन, अनुसन्धान र तत्सम्बन्धी गोष्ठी सम्मेलन आदि समेतको आयोजना गर्नु ।

घ) नेपाली भाषा र साहित्यको उन्नयनका लागि अनुसन्धानात्मक तथा तत्सम्बन्धी चर्चा, गोष्ठी आदिको आयोजना तर्फ सधै प्रयत्नशील रहनु ।

इ.) काठमाडौंमा एउटा भानु अध्ययनशालाको स्थापना गर्नु आदि ।[५७]

यसप्रकार उद्देश्यहरू बनाइएपछिको समितिको पुनर्गठनपछि समितिका सदस्यहरूलाई तीन छुट्टा छुट्टै उपसमितिमा विभाजन गरिएको छ । वि.सं. २०४३ मा पुनः श्रीभद्र शर्माको अध्यक्षतामा गठित समितिमा उपाध्यक्ष शिवराज आचार्य, महासचिव हरिहर भट्टराई, अर्थसंयोजक सोमनाथ पौडेल, सह-अर्थसंयोजक व्रतराज आचार्य, अनुसन्धान संयोजक चूडामणि बन्धु, अनुसन्धान सदस्य डा. वासुदेव त्रिपाठी, जयराज आचार्य, नरहरि आचार्य, आनन्द श्रेष्ठ, गोष्ठी समारोह संयोजक दैवज्ञराज न्यौपाने, गोष्ठी समारोह सदस्य शेखर गुरुङ्ग, शिवचन्द्र न्यौपाने, संयोजक गणेश विषम र सदस्य रवीन्द्र खनाल रहेका देखिन्छन् ।

भानु सेवा समितिले विधान संशोधन र सङ्गठन बिस्तारपछि गरेका महत्त्वपूर्ण कार्यहरू यस प्रकार छन्:

**क) प्रभातफेरी र नगरपरिक्रमा :** नेपालमा वि.सं. २०३४ देखि भानु जयन्तीका दिन बिहान प्रभातफेरी सहित नगरपरिक्रमा गर्ने परम्पराको थालनी भानु सेवा समितिले प्रारम्भ गरेको देखिन्छ । रक्षा मन्त्रालयको विशेष निर्णयबाट जङ्गी अड्डाले उपलब्ध गराएको दुई घोडे बग्गीमा भानुभक्तको प्रतिमा (फोटो) राखी नगरपरिक्रमा गरिने उक्त कार्यक्रममा कवि, कलाकारहरूका अतिरिक्त सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, माननीय मन्त्रीहरू,

---

५७ ऐजन्, पृ. ५३-५४ ।

सांसदज्यूहरू, विशिष्ट श्रेणीका कर्मचारीहरू समेत सहभागी बन्ने परम्परा सोही वर्षदेखि प्रारम्भ भएको छ भने उक्त कार्यक्रममा नेपाल स्काउट, राष्ट्रिय सेवा दल र विभिन्न विद्यालयका छात्रछात्राहरू सम्मिलित हुने परम्परा रहँदै आएको पाइन्छ ।[५८]

**ख) अनुसन्धानमूलक पत्रिका प्रकाशन :** भानुसेवा समितिले वि.सं.२०३१ देखि प्रकाशन गर्दै आएको **भानु दर्शन**लाई अनुसन्धानमूलक अर्धवार्षिक पत्रिकाको रूप दिई १६४ औं भानु जयन्तीका अवसरमा वि.सं. २०३५ आषाढ २९ गते प्रकाशन गरेको छ । यस अङ्कका सम्पादक मण्डलमा शिवराज आचार्य, नरहरि आचार्य र व्रतराज आचार्य रहेका छन् , तर उक्त अङ्क प्रकाशित भएपछि यो पत्रिका नियमित हुन सकेको देखिँदैन ।

**ग) कार्यालय स्थापना गर्ने प्रयत्न :** भानु सेवा समितिले काठमाडौंमा आफ्नो स्थायी कार्यालय स्थापनाका निम्ति गुठी संस्थानमा सम्पर्क गरी पकनाजोलस्थित एउटा पाटीमा कार्यालको विधिवत उद्घाटन गरी साइनबोर्ड समेत झुण्ड्याएको, तर केही समयपछि स्थानीय क्लबहरूले हस्तक्षेप गरी समितिको बोर्ड त्यहाँबाट हटाइदिएको जानकारी पाइन्छ । त्यसपछि समितिले वि.सं. २०४३ तिर खानी विभागको उत्तरतर्फ रहेको सार्वजनिक जग्गा प्राप्त गरी भानु स्मृति भवन निर्माण गर्ने प्रयत्न गरेको, तर सो प्रयत्न सफल हुन नसकेको देखिन्छ ।[५९]

**घ) गुरुयोजना प्रस्ताव निर्माण :** भानु सेवा समितिको विधानमा उल्लेख भए बमोजिम आदिकविको जन्मस्थललाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्न वि.सं. २०३९ मा समितिले गुरुयोजना प्रस्ताव तर्जुमा गरी कार्यन्वयन पक्षमा समेत कार्य गर्न समिति गठन गरेको देखिन्छ । श्रीभद्र शर्माको संयोजकत्वमा गठित उक्त समितिमा सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, कृष्णचन्द्रसिंह प्रधान, क्षेत्रप्रताप अधिकारी, कमलमणि दीक्षित, वासुदेव त्रिपाठी, चूडामणि बन्धु, भीमबहादुर अधिकारी, शिवराज आचार्य, रमा शर्मा, दैवज्ञराज न्यौपाने, जयराज आचार्य, बद्री खनाल, सुधीर खनाल र व्रतराज आचार्य सदस्य रहेका थिए भने समितिका महासचिव हरिहर भट्टराईले सचिवको कार्य गरेका थिए ।

**ङ) स्मृति भवनमा कर्मचारीको व्यवस्था :** आदिकवि भानुभक्तको जन्मस्थल चुँदी रम्घामा भानु अतिथि भवन र भानु स्मृति भवनको निर्माणका निम्ति प्रारम्भमा नेपाली शिक्षा

[५८] ऐजन् ।

[५९] ऐजन् , पृ. ५५ ।

परिषदले सक्रियता देखाएको भएतापनि वि.सं. २०३२ मा भानु सेवा समितिले विशेष सक्रियता देखाई भवनको उद्घाटन गराएको देखिन्छ र सोही समयदेखि नै उक्त भवनमा पुस्तकालय र भानु स्मृति सङ्ग्रहालय सञ्चालन हुँदै आएको पाइन्छ । समितिले उक्त भवन र पुस्तकालयको रेखदेख र दैनिक कार्य सञ्चालनका लागि तत्कालीन श्री ५ को सरकारमा अनुरोध गरी कर्मचारीको व्यवस्था मिलाएको देखिन्छ ।

**च) चुँदी रम्घामा भानु जयन्तीको नियमितता :** भानु सेवा समितिले वि.सं. २०३३ देखि नै चुँदी रम्घामा साहित्यकारहरू पठाई आदिकविको जन्मस्थलमा मनाइने भानु जयन्तीलाई भव्यता प्रदान गर्दै आएको पाइन्छ । उपलब्ध सूचनाका आधारमा भानु जयन्तीको अवसरमा भानु जन्मस्थल जाने साहित्यकारहरूमा राममणि रि, वासु रिमाल 'यात्री', कमलमणि दीक्षित, भरतराज पन्त, भरतराज मन्थलीय, दैवज्ञराज न्यौपाने, डा. वासुदेव त्रिपाठी, शिव अधिकारी, हरिभक्त कटुवाल, अच्युतरमण अधिकारी, यज्ञनिधि दाहाल, विष्णुराज आत्रेय, खेमराज, केशवशरण तुलसीप्रसाद भट्टराई आदि देखिन्छन् ।[६०]

**छ) सार्वजनिक बिदाको निर्णय :** भानु सेवा समितिको अनुरोध अनुसार तत्कालीन श्री ५ को सरकारले भानु जयन्तीलाई सार्वजनिक चाडको रूप प्रदान गर्न, वि.सं. २०३९ आषाढ २४ गते राष्ट्रिय शिक्षा समिति मार्फत एक निर्णय गरी अधिराज्यभरका विद्यालयहरूमा परिपत्र गरेको देखिन्छ । उक्त निर्णयको विवरण यसप्रकार रहेको पाइन्छः "प्रत्येक वर्ष आषाढ २९ गते भानु जयन्तीका दिन अधिराज्यका सम्पूर्ण विद्यालयहरूले विभिन्न कार्यक्रमका साथ भानु जयन्ती मनाउने र सो दिन अधिराज्यभरका विद्यालयहरूलाई बिदा दिने सम्बन्धमा शिक्षा तथा संस्कृति मन्त्रालयको प्रस्तावउपर छलफल हुँदा विद्यालयलाई बिदा भन्नुको सट्टा अधिराज्यभरका सम्पूर्ण विद्यालय तहमा आषाढ २९ गते नियमित कक्षा सञ्चालन नगरी उपस्थिति भने अनिवार्य गराई विभिन्न कार्यक्रमहरूको आयोजना गरी भव्य रूपमा भानु जयन्ती मनाउन परिपत्र गर्ने ठहर भयो ।"[६१] उक्त निर्णय बमोजिम केही समय कार्यक्रम सञ्चालन हुने गरेको भए पनि हाल यो व्यवस्था देखिँदैन ।

**ज) भानु प्रतिमाको मर्मतमा सहयोग :** रम्घाको शिखरमा स्थापना भएको भानुभक्तको प्रतिमा वि.सं. २०३९ फागुन महिनामा अज्ञात व्यक्ति वा समूहले अङ्गभङ्ग गरी फालिदिएको थियो । उक्त प्रतिमा पुनर्निर्माणका निम्ति भानु पुस्तकालयले प्रारम्भिक पहल

---

६० ऐजन् , पृ. ५६ ।

६१ ऐजन् ।

थालेपछि भानु सेवा समितिले थप मद्दत गऱ्यो । प्रतिमा पुनः निर्माण सम्बन्धी कार्यका निम्ति बनेको प्रतिनिधि मण्डल र भानुसेवा समितिले तत्कालीन श्री ५ को सरकारमा अनुरोध गरी आर्थिक वर्ष २०४१/०४१ मा २००००।- (बीस हजार) रूपैयाँ निकासा गराई मूर्तिको मर्मत सम्भार गर्नुका साथै रम्घास्थित स्मारकमा केही सुरक्षात्मक प्रयासहरूका साथ पुनःस्थापना गरिएको थियो ।

**झ) भानु जयन्ती मनाउने परम्पराको विस्तार :** भानु सेवा समितिले आदिकविको जन्म जयन्ती मनाउने परम्परालाई काठमाडौं र चुँदी रम्घामा मात्र सीमित नराखी अधिराज्यका अन्य सदरमुकाम र सांस्कृतिक केन्द्रहरूमा विस्तार गर्नका निम्ति केही प्रयास गरेको देखिन्छ । यस क्रममा गोर्खा, लमजुङ्ग, कास्की, स्याङ्जा, वाग्लुङ्ग, पाल्पा, चितवन, कपिलवस्तु, आदि जिल्लामा स्थानीय साहित्यिक संस्थाहरूको अनुरोधमा साहित्यकारहरूलाई पठाई भानु जयन्ती मनाउने परम्पराको विकास गर्न उत्प्रेरित गरेको पाइन्छ ।[६२]

भानु पुस्तकालयको काठमाडौंमा स्थापना भएको भानु पुस्तकालय सहयोग समितिलाई वि.सं.२०२६ मा भानु सेवा समितिमा परिवर्तन गरिएपछि यसको कार्यक्षेत्र काठमाडौंमा मा सीमित व्यापकता आएको छ र समितिले आफ्नो कायक्षेत्र काठमाडौंमा मात्र सीमित नबनाई अधिराज्यभर विस्तार गरेको छ । यसले सीमित मात्रमा भए पनि सरकारवाट नियमित अनुदान पनि प्राप्त गरेको छ । भानु सेवा समितिले लामो समयसम्म आफ्ना कार्यक्रमहरूलाई निरन्तरता दिन सकेको देखिँदैन तापनि चुँदी रम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्न प्रयत्नशील रहनु र चुँदी रम्घाको समग्र विकासका निम्ति भानु जन्मस्थल विकास समिति गठनका निम्ति सरकारलाई घचघच्याउनु यसको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

## ४.६ **भानु जन्मस्थल विकास समिति** (वि.सं.२०५२)

आदिकवि भानुभक्तको जन्मस्थललाई चुँदी रम्घामा साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति भानु पुस्तकालय (२००८) ले जनस्तरबाट प्रयास थालेपनि नेपाल सरकारको ध्यान पनि यसतर्फ क्रमशः आकर्षित हुँदै आएको पाइन्छ । वि.सं. २०१५ मा भानु स्मारक निर्माणका निम्ति रु. ५०००।- निकासा हुनु , वि.सं.२०३१ मा चुँदी बेंसीमा भानु स्मृति भवन र भानु अतिथि भवन बन्नु अनि वि.सं.

---

६२ ऐजन् ।

२०३८ बाट भवनको सुरक्षाका निम्ति कर्मचारीहरूको व्यवस्था हुनु यसैको परिणाम हो । भाषा र साहित्यका माध्यमले राष्ट्रलाई एकताको सूत्रमा आबद्ध गर्न महत्त्वपूर्ण योगदान दिने नेपाली भाषाका आदिकवि भानुभक्तको जन्मस्थललाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति यति मात्र पर्याप्त थिएन ।

कुनै पनि सभ्य समाजमा आफ्नो भाषा र संस्कृतिको उन्नयनमा विशिष्ट योगदान पुऱ्याउने सर्जकको स्मरणमा राष्ट्रिय, अन्तराष्ट्रिय स्तरका भाषा साहित्यिक पर्यटकीय क्षेत्रहरू बन्ने गर्दछन जस्तै शेक्सपियर, गोर्की, तुलसीदास, रविन्द्रनाथ टैगोर आदि । यसैगरी नेपाली भाषाका जगेर्नाकार आदिकवि भानुभक्तको स्मरण, सम्मानमा कुनै जिम्मेवार समिति बन्नु स्वभाविक थियो । यसै तथ्यलाई ध्यानमा राखेर नेपाली भाषा र साहित्यका मूर्धन्य व्यक्ति आदिकवि भानुभक्त आचार्यको जन्मस्थलको सांस्कृतिक, साहित्यिक, सामाजिक आदि पक्षको संरक्षण एवम् संवर्द्धन गरी नेपाली भाषा र साहित्यको विशिष्ट केन्द्रको रूपमा विकसित गर्ने उद्देश्य राखी तत्कालीन श्री ५ को सरकारबाट विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०५२ मा भानु जन्मस्थल विकास समिति गठन आदेश जारी गरेको थियो ।[६३]

## ४.६.१ समिति गठनका उद्देश्यहरू

भानु जन्मस्थल विकास समितिले यस संस्थाका विविध उद्देश्यहरूलाई मुख्यत दुई प्रकारमा विभजित गरेको देखिन्छ । ती यस प्रकार छन्:

क) साहित्यिक, सांस्कृतिक पक्षको संरक्षण, संवर्द्धन एवम् विस्तार ।

ख) भौतिक निर्माण तथा भौतिक सामग्री सङ्कलन ।

सांस्कृतिक साहित्यिक पक्षः

- भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याउने हेतुले विविध प्रकारले छात्रवृत्तिको व्यवस्था गर्ने

---

[६३] मुक्तिनाथ शर्मा खनाल, “भानु जन्मस्थल विकास समितिः एक शब्दचित्र”, भानु स्मारिका २०६४, भानु जन्मस्थल विकास समिति चुँदी रम्घा, तनहुँ , पृ. ६५ ।

- आदिकविसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित रहेका प्राचीन सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका स्थलहरूको संरक्षण संवर्द्धन एवम् पुनर्निमाण गर्ने,
- भाषिक एकताको केन्द्रको रूपमा भानु जन्मस्थललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने
- भानु जन्मस्थलमा रहेको भानु पुस्तकालयलाई नेपाली भाषा र साहित्यको केन्द्रको रूपमा सुदृढ गराउने
- आदिकवि भानुभक्तका समकालीन साहित्यकारका हस्तलिखित, पाण्डुलिपि एवम् मुद्रित सामग्रीहरू तथा भानुभक्तसँग सम्बन्धित प्राचीन सामग्रीहरूको सङ्कलन र संरक्षण गर्ने
- भानु जन्मस्थलको प्राकृतिक सम्पदा एवम् वातावरणको संरक्षण तथा संवर्द्धन गर्ने
- समय समयमा भाषिक, साहित्यिक, शैक्षिक तथा सास्कृतिक महत्त्वका सभा, सम्मेलन, गोष्ठी, प्रदर्शनी एवम् महोत्सवको आयोजना गर्ने ।

**सामाजिक पक्षः**

- भानु जन्मस्थल क्षेत्रमा रहेका शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, पानी, बिजुली, टेलिफोन, सडकजस्ता आधारभूत वस्तुहरूलाई व्यवस्थित गर्ने
- भानु जन्मस्थलसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूबीच आवश्यक समन्वय गर्ने गराउने ।
- भानु जन्मस्थलको गरिमालाई आघात पुऱ्याउने कामहरूलाई निरुत्साहित पार्ने ।

**आर्थिक पक्षः**

- भानु जन्मस्थलको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि नेपाल सरकार, विदेशी दातृ निकाय, राष्ट्रिय वा अन्तराष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट नगद, जिन्सी वा अन्य कुनै प्रकारको सहयोग नेपाल सरकारको पूर्व स्वीकृति लिई पिछडिएका वर्ग, विपन्न वर्ग

तथा ग्रामीण महिलाहरूको आर्थिक जीवनस्तर माथि उकास्ने खालका आयबृद्धि सम्बन्धी तालिमहरूको व्यवस्था मिलाउने ।

- आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समन्वय गरी कार्यान्वयन गर्ने गराउने ।[६४]

## ४.६.२ समितिको भौगोलिक क्षेत्र

नेपाल सरकारले तोके अनुसारको भानु जन्मस्थल विकास समितिको भौगोलिक क्षेत्र निम्न अनुसारको रहेको छ ।

क) भानु गाउँ विकास समितिका २,३,४,५ र ६ नं वडाहरू,

ख) वरभञ्ज्याङ्ग गाउँ विकास समितिका ४,५,६ र ८ नं वडाहरू,

ग) तनहुँसुर गाउँ विकास समितिको १ नं वडा,

यी १० वडाहरूको समष्टि आयतनलाई सीमाङ्कन गर्दा अथवा चार किल्ला ठोक्दा जन्मस्थल यस्तो बन्न आउछ : पूर्वपट्टि थप्रेकको डाँडो हुँदै मर्स्याङ्दी नदीसम्म, दक्षिणमा नाबरुङ महिवलको उत्तरी पानी ढोलो हुँदै पृथ्वी राजमार्ग डुम्रेसम्म, पश्चिममा तनहुँसुरको बेंसी भाग र उत्तरपट्टि फाउँदी खोला ।

## ४.६.३ समितिको स्वरूप

सरकारले जारी गरेको भानु जन्मस्थल विकास समिति गठन आदेशमा समितिको स्वरूप यस प्रकार हुने देखिन्छः

| | |
|---|---|
| क) सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| ख) भानु जन्मस्थानसँग सम्बन्धित क्षेत्रका संसद सदस्य | सदस्य |
| ग) सभापति, तनहुँ जिल्ला विकास समिति | सदस्य |
| घ) अध्यक्ष, भानु गाउँ विकास समितिः | सदस्य |
| इ.) अध्यक्ष, बरभञ्ज्याङ्ग गाउँ विकास समिति | सदस्य |

---

[६४] भानु जन्मस्थल विकास समितिबाट २०५२ मा प्रकाशित परिचय पुस्तिकाबाट ।

| | |
|---|---|
| च) अध्यक्ष, तनहुँसुर गाउँ विकास समिति | सदस्य |
| छ) प्रमुख जिल्ला अधिकारी, तनहुँ | सदस्य |
| ज) प्रमुख मालपोत कार्यालय, तनहुँ | सदस्य |
| झ) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ञ) भानु जन्मस्थल तथा नेपाली भाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान गरेको व्यक्तिहरू मध्ये नेपाल सरकारले मनोनित गरेका ३ जना | सदस्य |
| ट) कार्यकारी निर्देशक | सदस्य सचिव |

### ४.६.४ समितिका मनोनित पदाधिकारी

कुनै पनि संघ संस्थाको गठन गरिएपछि त्यसलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि समितिको आवश्यकता पर्दछ । फलतः सरकारले भानु जन्मस्थल विकास समिति गठन आदेश जारी गरेको केही समयपछि नै १३ सदस्यीय सञ्चालक समिति गठन गरेको छ । उक्त समितिमा रहेका पदेन सदस्य बाहेकका मनोनित पदाधिकारी र सदस्यहरू यस प्रकार थिए :

| | |
|---|---|
| १. रामचन्द्र शर्मा पौडेल 'रम्घाली' | अध्यक्ष |
| २. प्रा. डा. वासुदेव त्रिपाठी | सदस्य |
| ३. डा. व्रतराज आचार्य | सदस्य |
| ४. लक्ष्मी आचार्य | सदस्य |
| ५. सांसद निर्वाचन क्षेत्र नं १ | सदस्य |
| ६. जिविस सभापति, तनहुँ | सदस्य |
| ७. भानु गाविस, अध्यक्ष | सदस्य |
| ८. बरभञ्ज्याङ्ग गाविस, अध्यक्ष | सदस्य |
| ९. तनहुँसुर गाविस, अध्यक्ष | सदस्य |
| १०. प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |

| | |
|---|---|
| ११. प्रमुख जिल्ला अधिकारी, तनहुँ | सदस्य |
| १२. मालपोत अधिकृत, तनहुँ | सदस्य |
| १३. शम्पा उपाध्याय (कार्यकारी निर्देशक) | सदस्य सचिव[६५] |

समितिको कार्यकाल दुई वर्ष मात्र रहेको हुँदा अध्यक्ष र सदस्यहरूको मनोनयन निरन्तर भइरहेको पाइन्छ । फलतः समितिको अध्यक्षमा अर्जुनबहादुर अधिकारी, मुक्ति खनाल र बलराम ढकाल रहेका छन् भने सदस्यहरूमा दुर्गाभक्त ढकाल, विजयराज भट्टराई, मुक्तिनाथ आचार्य, क्षेत्रप्रताप अधिकारी, रेवतीरमण खनाल, दैवज्ञराज न्यौपाने, भीमबहादुर अधिकारी, जयराज आचार्य, बद्रीनाथ ढकाल, प्रभा भट्टराई (आचार्य), डिल्लीराम मिश्र आदि रहेका छन् । यसैगरी सदस्य सचिवमा शम्पा उपाध्यायपछि  नविनराज दाहाल र त्यसपछि बोहोरा नियुक्त भएका छन् । हाल कार्यरत मनोनित पदाधिकारीहरू यस प्रकार छन् :

| | |
|---|---|
| १. श्रीभक्त आचार्य | अध्यक्ष |
| २. दुर्गाबहादुर अधिकारी | सदस्य |
| ३. बालकुमारी लोहनी | सदस्य |
| ४. एकबहादुर राना | सदस्य |
| ५. नवीनराज दहाल (कार्यकारी निर्देशक) | सदस्य सचिव |

### ४.६.५ विकास समितिका प्रमुख कार्य

भानु जन्मस्थल विकास समिति गठन भएपछि वि.सं. २०५३ मा गठित प्राज्ञिक परामर्श समितिबाट प्राप्त अवधारणा पत्रमा उल्लेखित सुझावअनुसार कार्य सुरु गरेको देखिन्छ । यसले गरेका मुख्य कार्यहरू यसप्रकार छन्:

क) भानु पुस्तकालयको प्रवर्द्धन

ख) भानुभक्तीय सामग्रीको थप सङ्कलन

ग) आदिकवि भानुभक्त चलचित्र निर्माण

घ) भानुको जन्मथलो र वरपरको क्षेत्रमा बाटोघाटो निर्माण

---

६५ डा. व्रतराज आचार्य, 'भानु जन्मस्थल परिचय', भानु जम्मस्थल विकास समिति, स्मारिका, २०६०, पृ. ३८ ।

ङ) मन्दिरहरूको निर्माण, पुनः निर्माण

च) भानु अतिथि भवनको निर्माण,

छ) रम्घा बेंसीदेखि धर्मशालासम्मको उकालो बाटोमा सिँढी मार्ग निर्माण,

ज) गाइथुनेमा मरणघाट पाटी निर्माण,

झ) भानु सम्बन्धी खोज लगायत पुस्तक पत्रिकाको प्रकाशन,

ञ) भानु गृहको निर्माण,

ठ) कार्यालयको प्राङ्गणमा भानुभक्तको पूर्णकदको सालिकको स्थापना र परिसर विकास,

ढ) विशिष्ट कवि तथा साहित्यकारहरूको जन्म जयन्तीको आयोजना,

ण) विभिन्न साहित्यिक गोष्ठी एवम् कार्यक्रमहरूको आयोजना,

त) स्मारिका प्रकाशन,

थ) गुरुयोजना निर्माण आदि ।

आफ्नो तोकिएको भौगोलिक क्षेत्रलाई विकास गर्न यस समितिले अनेक प्रयत्न गरिरहेको बुझिन्छ । वि.सं. २०५२ मा गठित भानु जन्मस्थल विकास समितिले आफ्नो लक्ष्यका निम्ति वि.सं. २०५३ मा गठित प्राज्ञिक परामर्श समितिबाट प्राप्त अवधारणा पत्रमा उल्लेखित सुझाव अनुसार कार्यहरू गरेको देखिन्छ । यस समितिको मुख्य लक्ष्य भानुभक्तको जन्मस्थलको भौतिक निर्माण तथा भानु सम्बन्धी भौतिक सामग्रीहरूको सङकलन एवम् भानु सम्बन्धी साहित्यिक गतिविधिको विस्तार गर्नु रहेको देखिन्छ । भानुको जन्मस्थल चुँदी रम्घाको विकास गर्ने प्रयास स्वरूप वि.सं. २००८ मा भानु पुस्तकालयको स्थापना भएर सुरु गरिएको देखिन्छ । भानुभक्तका साथै भानुभक्तमा केन्द्रित पुस्तकहरूको सङ्कलन एवम् अन्य विषयमा लेखिएका संस्कृत, नेपाली, अङ्ग्रेजी, हिन्दी आदि भाषाका पुस्तकहरू राखेर सञ्चालित पुस्तकालयको संरक्षण र प्रवर्द्धनमा भानु जन्मस्थल विकास समिति क्रियाशील रहेको देखिन्छ । भानु पुस्तकालयको साथै भानु जन्मस्थल विकास समितिको मुख्य कार्य भानु जन्मस्थललाई साहित्यिक केन्द्रको रूपमा स्थापित गर्नु देखिन्छ । भानु पुस्तकालय भानु जन्मस्थल चुँदी रम्घाको विकासको पहिलो पाइलो हो । त्यसबेलादेखिको रम्घालीको प्रयास पछिल्लो समयमा भानु जन्मस्थल विकास समिति जस्तो शक्तिशाली सक्रिय संस्थाका रूपमा स्थापित देखिन्छ । रम्घाका वरिपरिका स्थानहरूलाई पनि समेटी मूलतः १० वडामा केन्द्रित रहेर यसले भानुभक्तको योगदानको कदर गर्दै उनको नामसँग जोडेर विभिन्न कार्यहरू पुल,

पुलेसा, मार्ग, मन्दिर, विद्यालय, महाविद्यालय तथा संस्थाहरूको स्थापना गरेको देखिन्छ । यस समितिले नेपाल सरकारबाट प्राप्त अनुदान रकमबाट यस क्षेत्रको विकास निर्माणका लागि धेरै कार्यहरू गर्दै आएको बुझिन्छ ।

## ४.७. **भानु प्रतिष्ठान** (वि.सं.२०५९)

भानु सेवा समितिले लामो समयसम्म कार्य सञ्चालन गर्दै जाँदा पछिल्लो समयमा भानु जयन्ती मनाउने कार्यक्रममा मात्र सीमित हुन पुगेको देखिन्छ भने भानु जन्मस्थल विकास समितिको कार्यक्षेत्र स्थानीय प्रकृतिको भएको हुँदा केही व्यक्तिहरू भानु प्रतिष्ठान नामको छुट्टै संस्था खोली भानुभक्त सम्बन्धी गतिविधिहरूलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत विस्तार गर्न भनी प्रयत्नशील रहेको पाइन्छ । भानु सेवा समिति र भानु प्रतिष्ठान छुट्टा-छुट्टै नामका संस्था भए पनि दुवै समान प्रकृतिका संस्था हुनुका साथै सीमित व्यक्तिहरू नै सबै संस्थामा रहनुपर्ने भएकाले कार्यक्षेत्रमा अस्पष्टता हुन जाने बुझी भानु सेवा समिति प्रति चासो राख्ने पुराना सदस्यहरूले यसै समितिलाई प्रतिष्ठानमा परिवर्तन गर्ने कुरामा जोड दिएको पाइन्छ । जसको फलस्वरूप भानु सेवा समितिले नै वि.सं. २०५९ असार १६ मा साधारण सभा बोलाई समितिलाई प्रतिष्ठानमा परिवर्तन गर्ने परामर्श सुरु गऱ्यो । वि.सं. २०५९ कार्तिक १० मा बसेको विशेष भेलाले समितिको विधानमा आवश्यक फेरबदल गरी समितिलाई भानु प्रतिष्ठानमा बदल्ने निर्णय गरेको देखिन्छ । साथै सोही भेलाले संस्था दर्ताको प्रक्रिया अघि बढाउन तदर्थ समिति पनि गठन गरेको पाइन्छ । उक्त समितिमा निम्न लिखित व्यक्तिहरू रहेका देखिन्छन:

| | |
|---|---|
| अध्यक्षः | दैवज्ञराज न्यौपाने |
| उपाध्यक्षः | प्रा.डा. व्रतराज आचार्य |
| महासचिवः | डी.पी. अर्याल |
| सचिवः | नवराज कट्टेल |
| कोषाध्यक्षः | ऋषभदेव घिमिरे |
| सदस्यहरूः | रामचन्द्र शर्मा पौडेल, विजयराज भट्टराई, डा. तुलसीप्रसाद भट्टराई, डा. दयाराम श्रेष्ठ, राजकुमार ठकुरी र प्रभा भट्टराई |

भानु  प्रतिष्ठानको तदर्थ समितिले संस्था दर्ताको प्रक्रिया पूरा गरेपछिको वि.सं. २०६० जेष्ठ ३० गते नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सभाकक्षमा बसेको साधारण सभाले श्रीभद्र शर्माको अध्यक्षतामा नयाँ कार्य समितिको चयन गरेको देखिन्छ । नव गठित समितिका पदाधिकारीहरू यस प्रकार छन् :

| | |
|---|---|
| अध्यक्ष: | श्रीभद्र शर्मा |
| उपाध्यक्ष: | प्रा. दैवज्ञराज न्यौपाने |
| महासचिव: | डी.पी. अर्याल |
| सचिव: | ऋषभदेव घिमिरे |
| कोषाध्यक्ष: | राजकुमार ठकुरी |
| सदस्यहरू: | रामचन्द्र शर्मा पौडेल, यादव खरेल, विजयराज भट्टराई, प्रा.डा. व्रतराज आचार्य, तुलसीप्रसाद भट्टराई, मुकुन्दराज पथिक, प्रभा भट्टराई, शीला पन्त र पुष्कर आचार्य |

भानु प्रतिष्ठानको २०६४ मा समितिको  पुनर्गठन हुँदा अध्यक्ष श्रीभद्र शर्मा नै रहेका छन् भने उपाध्यक्षमा डा. तुलसी भट्टराई रहेका देखिन्छन् । यसैगरी महासचिवमा प्रा.डा. व्रतराज आचार्य, सचिवमा मुकुन्दराज पथिक, कोषाध्यक्षमा कपिल ढकाल र सदस्यमा मोदनाथ प्रश्रित,विष्णुविभू घिमिरे, बद्री ढकाल, प्रभा भट्टराई, तुलसीमान श्रेष्ठ, डा. दुर्गाबहादुर घर्ती, मधुसूधन गिरी, डी.पी. अर्याल, शीला पन्त,दीपेन्द्र भट्टराई रहेका देखिन्छन् । २०६६ मा पुनर्गठन भएको वर्तमान समितिमा पदाधिकारीहरू यसप्रकार छन् :

| | |
|---|---|
| अध्यक्ष: | प्रा.डा. व्रतराज आचार्य |
| उपाध्यक्ष: | प्रा. केदार न्यौपाने |
| महासचिव: | डी.पी. अर्याल |
| सचिव: | ऋषभदेव घिमिरे |
| कोषाध्यक्ष: | प्रमोदभक्त आचार्य |

सदस्यहरू: डा. तुलसी भट्टराई, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा.मोतीलाल पराजुली, दिनेश अधिकारी, प्रभा भट्टराई, मुकुन्द पथिक, डा. दुर्गाबहादुर घर्ती, नवराज लम्, श्रवण मुकारुङ, उर्मिला आँचल, रमेश शुभेच्छु, उषा भट्ट, जगदीश गैरे, सम्झना अर्याल र लिलु गुरुङ्ग

भानु सेवा समितिले भानु प्रतिष्ठानको नाममा कार्य गर्न थालेको लगभग एक दशक पुगि सकेको छ । यस बीचमा प्रतिष्ठानले गरेका महत्त्वपूर्ण कार्यहरू यस प्रकार छन् :

**क) भानुजयन्ती सप्ताहव्यापी कार्यक्रमका साथ आयोजना :** भानु प्रतिष्ठानले स्थापनाकालदेखि नै भानु जयन्तीलाई अधिराज्यभर सार्वजनिक समारोहका रूपमा मनाउने परम्पराको विकासका निम्ति विशेष प्रयास गर्दै आएको देखिन्छ । प्रतिष्ठानको स्थापनापछि यसले राष्ट्रिय स्तरमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने गरेको पाइन्छ र स्थानीय स्तरका आयोजना हुने कार्यक्रमहरूलाई समेटेर सप्ताहव्यापी कार्यक्रमका साथ भानु जयन्ती आयोजना गर्ने गरेको पाइन्छ । यसरी आयोजना गरिँदा केही कार्यक्रम प्रतिष्ठानले आफ्नै सक्रियतामा र केही अन्य संस्थाहरूका साथ संयुक्त रूपमा गर्ने गरेको देखिन्छ भने केही कार्यक्रम अरू संस्थाले स्वतन्त्र रूपमा आयोजना गर्ने गरेको पाइन्छ ।

**ख) काठमाडौंमा भानु स्मृति भवन निर्माणका निम्ति सक्रियता :** भानुभक्तको पुर्ख्यौली घर काठमाडौं उपत्यकाको महाबौद्ध टोलमा थियो भन्ने भनाई छ । उनले जीवनको उत्तरार्धका धेरै क्षण त्यही घरमा बसी बिताएका थिए भन्ने जानकारी पाइन्छ । कविको पुर्ख्यौली घर जग्गा वीरअस्पताल विस्तार गर्दा सरकारले अधिनस्थ गरेको वास्तविकताका कारण प्रतिष्ठानले वीरअस्पतालको हातमा नै केही जग्गा प्राप्त गरी भानु स्मृति भवन निर्माणका निम्ति आवश्यक परामर्श गरेको भन्ने जानकारी पाइन्छ ।

**ग) काठमाडौंमा आदिकविको पूर्णकदको प्रतिमा स्थापनाका निम्ति सक्रिय :**

नेपालको राजधानी काठमाडौंमा वि.सं. २०१६ मा नेपाली शिक्षा परिषद्को सक्रियतामा आदिकवि भानुभक्तको प्रतिमा स्थापना गरिएको पाइन्छ । उक्त प्रतिमा दरबार हाइस्कुलको हातामा सडकतर्फ मञ्च निर्माण गरी स्थापना गरिएको भएता पनि सडक विस्तार गर्दा भानु प्रतिमा सडकको पेटीमा खुम्चिएर रहन गएको थियो । प्रत्येक वर्ष भानु

जयन्तीका अवसरमा सार्वजनिक रूपमा श्रद्धान्जली कार्यक्रम गर्न असुविधा भएको र जयन्तीका अवसरमा सबै उच्चपदस्थ महानुभावहरूले राजधानीको केन्द्रमा राष्ट्रिय स्तरको मर्यादा झल्कने गरी पूर्णकदको भानु प्रतिमा स्थापना गर्न आव्हान गरे अनुरूप प्रतिष्ठानले काठमाडौं महानगरपालिकासँग अनुरोध गरेको देखिन्छ , तर यो प्रयास अझै पनि पूरा हुन सकेको देखिँदैन । भानुभक्त मेमोरियल स्कुल पानीपोखरी, काठमाडौंका विद्यार्थीहरू दार्जीलिङ्ग घुम्न जाँदा भानुभक्तको पूर्णकदको सालिक हेरेर आएपछि नेपालमा पनि भानुभक्तको पूर्णकदको सालिक किन बन्दैन भन्ने भावनाले प्रेरित भएर वि. सं. २०५७ मा स्कुलको हातामा सालिक स्थापना गरेको देखिन्छ । यसै वर्ष नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राङ्गणको पूर्णकदको सालिकको पनि अनावरण भएको हो ।

**घ) भानु दर्शन पत्रिकालाई पुनः प्रकाशन :** भानु सेवा समितिले वि.सं. २०३१ देखि २०३५ सम्म **भानु दर्शन** पत्रिका प्रकाशन गर्दै आएको , तर बीचमा त्यसले नियमितता पाउन सकेन । उक्त पत्रिकालाई पुनः प्रकाशनमा ल्याउने कार्यमा भानु प्रतिष्ठानले १९२ औं भानु जयन्ती स्मारिकाका रूपमा वि.सं. २०६२ को आषाढ २९ गते भानु जयन्तीका अवसरमा प्रकाशन सुरुगरी वि.सं. २०६५ मा १९५ औं भानु जयन्ती स्मारिका पूर्णाङ्क १० समेत सार्वजनिक गराइसकेको छ । **भानु दर्शन** १९२ औं भानु जयन्ती स्मारिका पुर्णाङ्क ७, वि.सं. २०६२ मा प्रधान सम्पादक प्रा.डा. व्रतराज आचार्य रहेका देखिन्छन् भने सम्पादक मण्डलका सदस्यहरूमा प्रभा भट्टराई, ऋषभदेव घिमिरे र मुकुन्दराज पथिक रहेका पाइन्छन् । त्यस्तै वि.सं. २०६३ आषाढ २९ गते १९३ औं भानु जयन्तीका अवसरमा भानुका लघुकृति विशेषांकका रूपमा **भानु दर्शन** पुर्णाङ्क ८ प्रकाशित गरिएको पाइन्छ । यस विशेषाङ्कका सम्पादकमा प्रा. दैवज्ञराज न्यौपाने र प्रा.डा. व्रतराज आचार्य रहेका छन् । त्यसैगरी वि.सं. २०६४ आषाढ २९ गते १९४ औं भानु जयन्तीका अवसरमा भानुका अनुदित लघुकृति विशेषांङ्कका रूपमा **भानु दर्शन** सार्वजनिक गरिएको पाइन्छ । यस विशेषांङ्कका सम्पादकमा प्रा.डा. व्रतराज आचार्य र डा. तुलसीप्रसाद भट्टराई रहेका छन् । वि.सं. २०६५ आषाढ २९ गते १९५ औं भानुजयन्तीका अवसरमा भानुभक्त सम्बन्धी कविता र शुभकामनाहरूको सङ्कलन **भानु दर्शन** पूर्णाङ्क १० सार्वजनिक गर्दा यसका सम्पादकमा प्रा.डा. व्रतराज आचार्य र डा. तुलसीप्रसाद भट्टराई नै रहेका देखिन्छन् ।

**ङ) स्रष्टाहरूको सम्मान :** भानु प्रतिष्ठानले भानु जयन्तीका अवसरमा साहित्यकारहरूलाई सम्मान तथा रथारोहण गर्ने परम्परा सुरु गरेको देखिन्छ ।

**च) भानु स्मृति सङ्ग्रहालय स्थापना प्रक्रिया प्रारम्भ :**

**छ) भानुभक्त अध्ययन केन्द्र स्थापनाका निम्ति प्रयत्न :**

वि.सं. २०२६ मा भानु पुस्तकालय सहायक समितिबाट भानु सेवा समितिमा परिवर्तित भएको काठमाडौंस्थित भानु पुस्तकालय सहयोग समितिको पछिल्लो स्वरूप भानु प्रतिष्ठान हो । स्थापनाकालदेखि नै यसले आफ्नो कार्य क्षेत्रमा सक्रियता साथ कार्य गर्दै आएको पाइन्छ । चुँदी रम्घास्थित भानु पुस्तकालयको विकास, विस्तारका साथै भानुभक्तको योगदानको कदर गर्दै भानु जन्मस्थलको विकासका निम्ति निरन्तर क्रियाशील रहनु र काठमाडौंमा भानुभक्त सम्बन्धी गतिविधिहरू सञ्चालन गर्नु यसका प्रमुख उद्देश्य रहेका छन् । यो समिति पछिल्लो समयमा भानु पुस्तकालयसँग सहकार्य गरी चुँदी रम्घामा भानु स्मृति सङ्ग्रहालय स्थापना गर्ने प्रयत्नमा लागेको छ भने काठमाडौंमा पनि अध्ययन केन्द्र स्थापना गरी आदिकवि भानुभक्तका योगदानहरूलाई विश्वस्तरमा प्रवर्द्धन गर्ने प्रयत्नमा लागेको देखिन्छ ।

## ४.८ भानु स्मृति सङ्ग्रहालय सञ्चालक समिति (२०६६)

भानुभक्तले प्रयोग गरेका केही सामग्रीहरू भानु अतिथि भवन चुँदी रम्घामा राखिएको भए तापनि त्यसमा सबै सामग्री राख्न पनि नसकिएको र त्यसले राष्ट्रिय स्तरको हैसियत पनि नपाएको अवस्थामा भानुभक्तले प्रयोग गरेका सामग्रीहरू, उनको समकालीन समाजमा प्रयोगमा रहेका सामग्रीहरू, उनका कृतिहरू र उनीसँग सम्बन्धित कृतिहरू समेतलाई समेटी राष्ट्रिय स्तरको सुव्यवस्थित सङग्रहालय बनाउका लागि भानु स्मृति सङ्ग्राहलय सञ्चालक समिति २०६६ गठन गरिएको छ ।

### ४.८.१ भानु स्मृति सङ्ग्रहालयको स्वरूप

भानु जन्मस्थलको विकासका निम्ति प्रारम्भिक कार्यहरू थालनी भएको देखिए पनि उक्त क्षेत्रलाई साहित्यिक तीर्थस्थलका रूपमा विकसित गर्नका निम्ति स्थायी योजना भने अझ पनि कार्यान्वयन हुन सकेको छैन । फलतः चुँदी रम्घाको पहिलो साहित्यिक संस्था भानु पुस्तकालय र भानु प्रतिष्ठानको संयुक्त आयोजनामा चुँदी रम्घामा **भानु स्मृति सङ्ग्रहालय** स्थापना गर्ने उद्देश्यले आपसमा सम्झौता गरी यो संस्था स्थापना गरेको पाइन्छ ।

सहमतिका निमित्त तयार पारिएको पत्रमा भानु स्मृति सङ्ग्रहालयको स्थापना दुई चरणमा गरिने लक्ष्य निर्धारण गरिएको छ–भवन निर्माणको चरण र सामग्री सङ्कलनको चरण । भानुभक्त आचार्य नेपाली भाषा र साहित्यका आदिकवि मात्र होइनन्, साझा नेपाली निर्माण संस्कृतिका संवाहक पनि हुन् । उनले प्राचीन रामायण संस्कृतिलाई नेपाली परिवेशमा पुनर्निमाण गरेका छन् । यसैले भानुभक्तको स्मृति भनेको साझा नेपाली संस्कृतिको पुनर्निर्माण पनि हो । भानु स्मृति सङ्ग्रहालयका निम्ति निर्माण गरिने भवन पनि नेपाली स्थापत्य कला र नेपाली संस्कृतिको प्रतिमूर्तिका रूपमा निर्माण गर्नु आवश्यक देखिन्छ । भानु जन्मस्थल विकास समितिद्वारा वि.सं.२०५३ मा तयार पारिएको गुरुयोजनाको अवधारणा पत्रमा पनि भानुभक्तीय रामायणमा अभिव्यक्त भावनालाई मूर्त रूप दिने गरी रामायण भवन निर्माणको अवधारणा प्रस्तुत गरिएको छ र उक्त भवनमा सम्पूर्ण रामायण शिलामा उत्कीर्ण गरी सजाउने र राम सीताको मूर्ति स्थापना गर्नेजस्ता कुरा उल्लेख गरिएको छ । सङ्ग्रहालयका निम्ति भवन निर्माण गर्दा यी सबै पक्षमा ध्यान दिने कुरा उल्लेख गरिएको छ । यसैगरी सामग्री सङ्कलनको चरणअन्तर्गत भानु पुस्तकालयमा रहेका भानुभक्तका दुर्लभ चिठीपत्रहरू सङ्ग्रहहरू र वि.सं.२०३२ मा भानु सेवा समितिले भानु पुस्तकालयलाई भानु स्मृति सङ्ग्रहालयका रूपमा विकसित गर्नका निम्ति तत्काल उपलब्ध पुस्तकहरूको प्रदर्शनी पुस्तकालयमा दर्ता गरेका सामग्रीहरू पुस्तकालयलाई सामान्य पुस्तकालय र सङ्ग्रहालयका रूपमा विभाजन गर्ने र भानु जन्मस्थल विकास समितिले आदिकवि भानुभक्त चलचित्र निर्माण गर्दा सङ्ग्रह गरेका भानुभक्तसँग सम्बन्धित कतिपय पुराना सामग्रीहरू समेत एकीकृत गरी सङ्ग्रहालयको प्रारम्भिक स्वरूप तयार पार्ने कुरा उल्लेख गरिएको छ ।

### ४.८.२ आवश्यक पूर्वाधार तथा लागत अनुमान

भानु स्मृति सङ्ग्रहालय स्थापना र सञ्चालनका निम्ति ८/१० रोपनी जग्गा र पाँच करोड जति रूपैयाँ लाग्ने अनुमान गरिएको छ । उक्त जग्गा तथा रकम प्राप्तिका निमित्त निम्न लिखित प्रक्रिया अपनाइने छ :

क) भानु स्मृति भवनको निर्माणका निम्ति आवश्यक ८/१० रोपनी जमिनका निम्ति १० देखि १५ लाख रुपैयाँ लाग्ने छ । यो रकम वा जग्गा भानु पुस्तकालयको संयोजनमा स्थानीय तहबाट उपलब्ध गराइने छ ।

ख) भवनको इन्जिनियरिङ इस्टिमेट नेपाल सरकारको भवन विभाग वा अन्य इन्जिनियरिङ कन्सल्ट्यान्टहरूबाट निःशुल्क रूपमा निर्माण गराउन प्रयत्न गरिने छ ।

ग) भवन निर्माणका निम्ति कम्तिमा दुई करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । उक्त रकम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट सङ्कलन गरिने छ ।

घ) सामग्री सङ्कलनका निम्ति करिब एक करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । यसका निम्ति विभिन्न व्यक्ति तथा संस्थाहरूसँग अनुरोध गरी वस्तु र नगद प्राप्त गरिने छ ।

ङ) सङ्ग्रहालयको व्यवस्थित सञ्चालनका निम्ति कम्तीमा दुई करोड रूपैयाँको अक्षय कोष स्थापना गरिने छ । उक्त रकम सरकारी निकाय तथा राष्ट्रिय तहका निजी उद्यमीहरूबाट सङ्कलन गरिने छ ।

### ४.८.३ सञ्चालक समिति

भानु स्मृति सङ्ग्रहालयको स्थापना र सञ्चालनका निम्ति भानु प्रतिष्ठानले भानु पुस्तकालयसँग एकीकृत रूपमा अघि बढ्ने निर्णयका साथ सहमति कायम गरी सकेपछि दुवै संस्थाले संस्थागत निर्णय सहित भानु स्मृति सङ्ग्रहालय सञ्चालक समिति गठन समेत गरेका छन् । उक्त समितिका पदाधिकारीहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| अध्यक्ष | : | प्रा.डा. व्रतराज आचार्य (अध्यक्ष : भानु प्रतिष्ठान) |
| उपाध्यक्ष | : | केदारभक्त आचार्य (अध्यक्ष : भानु पुस्तकालय) |
| सचिव | : | रामकुमार श्रेष्ठ (प्रतिनिधि : भानु पुस्तकालय) |
| कोषाध्यक्ष | : | प्रमोदभक्त आचार्य (प्रतिनिधि : भानु प्रतिष्ठान) |
| सदस्य | : | नवीनराज दाहाल (प्रतिनिधि : भानु जन्मस्थल विकास समिति) |
| सदस्य | : | डी.पी. अर्याल (प्रतिनिधि : भानु प्रतिष्ठान) |

# पाँचौ परिच्छेद

## भानु पुस्तकालयले नेपाली भाषा–साहित्यको विकासमा पुऱ्याएको योगदान

### ५.१ नाटकका माध्यमले ग्रामीण जनतालाई साहित्यिक कृतिको आश्वादन

भानु पुस्तकालयको स्थापना वि.सं. २००८ मा भएपछि चुँदी रम्घामा नाटक प्रदर्शन गर्ने परम्परा प्रारम्भ भएको पाइन्छ । शिक्षाको बिस्तार त्यति नभै सकेको र मनोरञ्जनका अन्य साधनहरू पनि विकास नभएको अवस्थामा रम्घालीहरूले नाटकको माध्यमबाट ग्रामीण जनतालाई अप्रत्यक्ष रूपमा साहित्यिक क्षेत्रमा क्रियाशील गराएको बुझिन्छ । नेपाली साहित्यको एक विधा नाटक त्यसलाई मञ्चन गरी चुँदी रम्घा र यसका वरपरका स्थलका ग्रामीण जनतालाई नाटकप्रति आकर्षित गरेको पाइन्छ । सुरु-सुरुमा अन्य नाटककारका नाटकहरूलाई प्रदर्शन गरी त्यसतर्फ आकर्षिक भएका रम्घालीहरूलेपछि आएर आफैंले नाटकको रचना गरी प्रदर्शन समेत गरेर नाटकका क्षेत्रमा योगदान पुऱ्याएको मान्नु पर्दछ ।

### ५.२ भानु जयन्तीका माध्यमले साहित्यिक परिवेश सिर्जना

चुँदी रम्घामा भानु पुस्तकालयको स्थापना भए लगत्तै भानु जयन्ती मनाउन थालिएको जानकारी पाइन्छ । यो अवसर आदिकविप्रति श्रद्धा व्यक्त गर्ने पर्व मात्र नभई नेपाली भाषा र साहित्यका बारेमा चर्चा गर्ने साहित्यिक रचनाहरू वाचन गर्ने अवसरका रूपमा पनि विकसित हुँदै आएको पाइन्छ । अतः भानु पुस्तकालयद्वारा आयोजना गरिएका भानु जयन्तीका कार्यक्रमहरूलाई साहित्यिक योगदानका रूपमा लिन आवश्यक देखिन्छ । चुँदी रम्घामा भानु पुस्तकालयको स्थापनासँगै भानु जयन्ती मनाउन थालिएको हुँदा साहित्य सम्मेलनको निरन्तरतालाई पनि तीन प्रमुख चरणमा विभाजन गरी व्यवस्थित रूपमा विवेचना गर्न सकिन्छ ।

#### ५.२.१ **प्रथम चरण** (प्रारम्भदेखि २०३२ सम्म)

चुँदी रम्घामा भानु पुस्तकालयको स्थापनासँगै भानु जयन्ती मनाउने परम्परा पनि प्रारम्भ भएको चर्चा अघि गरिएको छ तर उक्त परम्पराले निरन्तरता पाउँन भने सकेको बुझिदैन । वि.सं. २०१६ मा भानु माध्यमिक विद्यालयको भवन बनेपछि भानु पुस्तकालय सोही भवनमा सञ्चालन हुन थालेको बुझिन्छ । उक्त विद्यालयमा ज्ञानहरि पण्डित,

गिरिराज आचार्य आदि गुरुहरूको सक्रियता रहेको थियो । उहाँहरूकै सक्रियतामा भानु जयन्तीका दिन विद्यार्थीहरूलाई आ-आफ्ना कविता र भानुभक्तको रामायण वाचन गर्न लगाउने परम्परा पनि थालिएको बुझिन्छ । त्यस बखत विद्यालयमा अध्ययन गर्ने जयराज आचार्य, काशीराज आचार्य, श्रीभक्त आचार्य, व्रतराज आचार्य आदि विद्यार्थीहरूले भानु जयन्तीमा कविता र रामायण वाचन गरेको सम्झन्छन् ।

चुँदी रम्घामा भानुभक्तको सालिक वि.सं. २०१८ मा आईपुगेको थियो तर उक्त सालिक वि.सं. २०२२ सम्म भानुभक्तका पनाति सूर्यनाथ आचार्यको पिँढीमा रहेकाले त्यसबखत भानु जयन्ती कसरी मनाइन्थ्यो भन्ने स्पष्ट हुँदैन । रम्घा डाँडामा रहेको भानु स्मारकको उद्घाटन र प्रतिमाको अनावरण वि.सं. २०२३ को भानु जयन्तीका अवसरमा तनहुँ जिल्लाका तत्कालीन जिल्ला पञ्चायत सभापति रामनाथ भट्टराईले गरेका थिए उक्त अवसरमा बाजागाजा सहित रामायण वाचन पनि गरिएको थियो । उद्घाटन समारोहमा स्थानीय व्यक्तिहरू र विद्यार्थीहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो र कतिपय कविले कविता पनि सुनाएका थिए । सम्भवतः यही भानु जयन्ती नै रम्घामा भएको पहिलो खुला साहित्य सम्मेलन थियो । त्यसपछि रम्घामा भानु जयन्ती मनाउने कार्यले निरन्तरता पाएको जानकारी पाइन्छ । भानु जयन्तीका दिन बाजागाजा सहित भानुभक्तको प्रतिमामा अबिर र माला चढाउने र आआफ्ना कविता तथा रामायण वाचन गरी मनाउने गरेको कुरा स्पष्ट हुन्छ ।

रम्घामा भानु जयन्ती मनाउने परम्पराको विस्तारमा नेपाली शिक्षा परिषदका सदस्य सचिव गोपाल पाँडे 'असीम' को विशेष योगदान देखिन्छ । उनले वि.सं. २०२८ मा कवि धरणीधर कोइराला, सिद्धिचरण श्रेष्ठ आदि जस्ता मूर्धन्य साहित्यकारहरूको टोली लिई चुँदी रम्घा पुगेका थिए । धरणीधर कोइरालाको उमेर बढी नै भएका कारण भन्सारदेखि घोडामा चढी उनी रम्घाको डाँडामा उक्लेका थिए । राष्ट्रिय स्तरका साहित्यकारहरूको विशेष उपस्थितिका कारण सम्पूर्ण रम्घाबासी असार २९ गते रम्घाको डाँडामा जम्मा भएका थिए । व्रतराज आचार्यका अनुसार धरणीधर कोइरालाले सुनाएको भानुभक्त सम्बन्धी कुराहरू स्थानीय जनताले चाख मानेर सुनेका थिए । त्यस कार्यक्रममा अरूले पनि कविता सुनाएका थिए । कार्यक्रमलाई व्यवस्थित तुल्याउने विद्यार्थीहरूमा व्रतराज आचार्य, श्रीभक्त आचार्य प्रमुख रूपमा रहेका थिए ।

वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका प्राध्यापक, विद्यार्थीहरूको टोलीले रम्घामा गई १६० औं भानु जयन्ती मनाएको थियो । रम्घा जाने टोलीलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति केदारमान व्यथित र त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति त्रैलोक्यनाथ उप्रेतीले लिखित शुभकामना पनि दिएको पाइन्छ । उक्त टोलीले रम्घामा गई साहित्यिक गोष्ठी समेत गरेको थियो ।

**५.२.२ दोस्रो चरण** (वि.सं.२०३३ देखि २०५२ सम्म)

चुँदी रम्घामा वि.सं २०३३ को भानु जयन्ती भानु सेवा समितिको आयोजनामा भव्य रूपमा मनाइएको थियो । भानु जयन्तीका अवसरमा भानु स्मृति भवनको उद्घाटनका निम्ति तत्कालीन शिक्षा राज्यमन्त्री हर्कबहादुर गुरुङ्ग पनि चुँदी रम्घा पुगेका थिए । उनले आषाढ २९ गते भव्य समारोहका बीच शिक्षा राज्यमन्त्रीबाट उक्त भवनको उद्घाटन गरेका थिए । कार्यक्रममा सहभागी हुन कविवर माधव घिमिरे, जनकविकेशरी धर्मराज थापाका साथ वासुदेव त्रिपाठी, चूडामणि बन्धु, क्षेत्रप्रताप अधिकारी, भवानी घिमिरे, भरतराज पन्त, दैवज्ञराज न्यौपाने, केदार न्यौपाने, बेन्जु शर्मा, अदि साहित्यकारहरूका साथै पचास भन्दा बढी विशिष्ट अतिथिहरू पनि चुँदी रम्घा आएका थिए । यस वर्षको भानु जयन्ती  तीन दिने कार्यक्रमका साथ भव्य रूपमा मनाइएको थियो । आषाढ २८ गते आगन्तुक कविहरूको परिचयका साथ कविहरूका कविताहरू वाचन गराइएको थियो भने आषाढ २९ गते बिहानै प्रभातफेरीका साथ रम्घाको शिखरमा पुगी बाजागाजाका साथ भानुभक्तको प्रतिमामा माल्यार्पण गरिएको थियो । सोही दिन दिउँसो दुई छुट्टा छुट्टै कार्यक्रम सम्पन्न भएका थिए । पहिलो कार्यक्रम थियो स्मृति भवनको उद्घाटन अनि दोस्रो कार्यक्रम थियो विशाल कविगोष्ठी । स्मृति भवनको उद्घाटन शिक्षा राज्यमन्त्री हर्कबहादुर गुरुङ्**ले** गरेका थिए भने उक्त भवनको उद्घाटनसँगै उनले भानुभक्त सम्बन्धी सामग्रीहरूको प्रदर्शनीका साथ भानु स्मृति सङ्ग्रहालयको पनि विधिवत् स्थापना गरेका थिए । दोस्रो कार्यक्रम चुँदी खोलापारि सेपाको बँगैचामाको छहारीमा भएको थियो । कविवर माधव घिमिरेको सभापतित्वमा सम्पन्न कविगोष्ठीमा काठमाडौंबाट आएका कविहरूका साथ स्थानीय कविहरूले पनि कविता वाचन गरेका थिए । यो कार्यक्रम साँझसम्म पनि चलिरहेको थियो । तेस्रो दिन

बिहान भानु स्मृति भवनमा समापन कार्यक्रम आयोजना गरी कार्यक्रम विसर्जन गरिएको थियो । कार्यक्रमको सफलताका निम्ति राजा वीरेन्द्र लगायत थुप्रै साहित्यकारहरूले शुभकामना पत्र पठाएका थिए । कार्यक्रमको संयोजन स्थानीय स्तरमा व्रतराज आचार्यले र राष्ट्रिय स्तरमा भानु प्रतिष्ठानका महासचिव हरिहर भट्टराईले गरेका थिए ।

भानु सेवा समितिसँगको सहकार्यमा चुँदीमा भानु जयन्ती मनाउने र कवि गोष्ठी आयोजना गर्ने परम्परा त्यसपछि निरन्तर रूपमा अघि बढेको पाइन्छ । यस क्रममा वि.सं.२०३९ सम्म  रम्घा जानेहरूमा राममणि रिसाल, वासुरिमाल 'यात्री', कलममणि दीक्षित, भरतराज पन्त, भरतराज मन्थलीय, दैवज्ञराज न्यौपाने, डा. वासुदेव त्रिपाठी, शिव अधिकारी, तेजप्रकाश पण्डित आदि रहेको जानकारी पाइन्छ । भानु जयन्तीका दिन बिहान प्रभातफेरीका रूपमा रम्घा फाँटबाट सबैजना रम्घा डाँडामा रहेका भानुभक्तको सालिकमा पुगेर अविर माला चढाई रामायण वाचन गर्ने र दिउँसो भानु स्मृति भवनमा भानुभक्तका योगदानको चर्चाका साथ साहित्य सम्मेलन, कविता प्रतियोगिता साथै पुरस्कार वितरण र कविगोष्ठी कार्यक्रम गर्ने र साँझ यस क्षेत्रभरी दीपावली गर्ने गरेको बुझिन्छ ।

वि.सं. २०३९ को भानु जयन्तीपछि भानुभक्तको सालिक तोडफोड हुन गएकाले २०४० को भानु जयन्ती रम्घामा त्यत्ती उत्साहपूर्वक राष्ट्रिय स्तरका साहित्यकार तथा अतिथिहरू लगेर मनाएको देखिँदैन । यसपछिका वर्षहरूमा भानु जयन्ती प्रभातफेरी, कविता प्रवचन, रामायण वाचन तथा दीपावली आदिका माध्यमले मनाउने कार्यलाई निरन्तरता दिँदै आएको बुझिन्छ ।

### **५.२.३. तेस्रो चरण** (वि.सं.२०५२ पछि)

वि.सं. २०५२ मा भानु जन्मस्थल विकास समितिको गठन भएपछि भानु पुस्तकालय र भानु जन्मस्थल विकास समितिले संयुक्त रूपमा भानु जयन्ती मनाउने गरेको बुझिन्छ । वि.सं. २०५३ को भानु जयन्तीमा बाहिरवाट अतिथिहरू रम्घा जाने परम्परा अनुसार कमलमणि दीक्षित, विष्णु भट्ट, मुक्तिनाथ शर्मा, नारायण नेपाल, गोविन्दराज विनोदी, रामबाबु सुवेदी, नारायणप्रसाद खनाल, नारायण गौतम, प्रल्हाद पोखेल, काशीनाथ न्यौपाने,

देवीदास अधिकारी, हरिहर पौडेल, आमोद धौम्य, खुमनारायण पौडेल, नवराज कार्की, फणीन्द्र नेपाल, श्रीहरि फुँयाल, टेकबहादुर लौडारी, दिकपालदेव पँगेनी, खेमलाल पहाडी, डा. सूर्यमणि अधिकारी, अच्युतरमण अधिकारी, परशु प्रधान, शरदचन्द्र भट्टराई, प्रतापचन्द्र प्रधान, भिक्टर प्रधान, डा. वासुदेव त्रिपाठी आदि गएका थिए भने यसपछिका वर्षमा पनि यो क्रम निरन्तर रूपमा अगाडि बढेको थियो । फलतः चुँदी रम्घामा भानु जयन्तीका माध्यमले कविगोष्ठी र साहित्य सम्मेलनले निरन्तरता पाएको थियो । जन्मस्थलको गठन भएपछि भानु जयन्ती यसै समितिले आयोजना गरी मनाउन थालेको बुझिन्छ भने कार्यक्रमहरू पनि धेरै आयोजना गर्ने गरेको जानकारी पाइन्छ । एकदिने कार्यक्रमका साथ भानु जयन्ती मनाउँदै आएको परम्परालाई सात दिने कार्यक्रमका साथ मनाउन थालिएको देखिन्छ र चुँदी रम्घामा प्रतियोगितात्मक रूपमा झाँकी सहितको जुलुसको आयोजना गर्न थालिएको पाइन्छ ।

भानु जन्मस्थल विकास समितिको आयोजनामा १९२ औं भानु जयन्ती तीन दिने कार्यक्रम असार २७, २८ र २९ गते गरी मनाएको देखिन्छ । २७ गते भानुभक्तीय रामायण पाठ वाचन २८ गते बृहत कवि सम्मेलन (खुला कविता प्रतियोगिता) र २९ गते बाजागाजा सहितको प्रभातफेरी, रम्घा डाँडामा अवस्थित भानु प्रतिमामा पूजा अर्चना र जयघोष तथा दिउँसो जन्मस्थलको कार्यालयमा श्रद्धान्जली सभा गरेको देखिन्छ । यसैगरी यसपछिका वर्षहरूमा पनि जन्मस्थलले भानु जयन्तीका अवसरमा कार्यक्रमहरू गर्दै आएको छ ।

चुँदी रम्घामा मनाइने भानु जयन्तीको परम्परामा २०६४ को १९४ औ भानु जयन्ती उल्लेखनीय देखिन्छ । यस वर्ष भानु जन्मस्थल विकास समितिद्वारा स्मृती भवनको प्राङ्गणमा स्थापित आदिकवि भानुभक्तको पूर्णकदको प्रतिमाको अनावरण नेकपा एकमालेका तत्कालीन महासचिव माधव कुमार नेपालले गरेका थिए । उक्त कार्यक्रममा सहभागी हुन मोदनाथ प्रश्रित, मुक्तिनाथ आचार्य आदि थुप्रै साहित्यकार चुँदी रम्घा पुगेका थिए ।

जन्मस्थलले वि.सं. २०६६ को १९६ औं भानु जयन्तीका अवसरमा असार २७ गते रामायण वाचन प्रतियोगिता २८ गते निःशुल्क स्वास्थ्य शिविर सञ्चालन र २९ गते बिहान

प्रभातफेरी गरी रम्घा डाँडामा पुगेर दिउँसो जन्मस्थलका परिसरमा श्रद्धान्जली सभा आयोजना गरेको थियो ।

## ५.३ पत्रिका प्रकाशन गरी स्थानीय प्रतिभाको उन्नयन

भानु पुस्तकालय पुस्तक सङ्ग्रह गर्ने र पाठकहरूलाई पुस्तकहरू पढ्न उपलब्ध गराउने एउटा सामान्य पुस्तकालयीय गतिविधिमा मात्र सीमित नरही त्यस भन्दा माथि उठेर यसले आफूलाई एक स्थापित र व्यवस्थित साहित्यिक संस्थाका रूपमा विकसित गरेको छ । नेपाली भाषा, साहित्य र समालोचनाका साथै अन्य समसामयिक विविध क्षेत्रमा समेत यसले आफ्नो संलग्नता दर्शाएर छुट्टै पहिचान कायम गर्न सफल भएको छ । पुस्तकालयले सञ्चालन गरेका विभिन्न गतिविधिहरू मध्ये वि.सं २०३८ देखि २०४२ सम्म वार्षिक रूपमा प्रकाशित गरेको पुस्तकालयको मुखपत्र **चुँदी रम्घा** नामक पत्रिकाको प्रकाशन यसको उपलब्धि हो । यसै पत्रिका मार्फत पुस्तकालयले राष्ट्रिय स्तरमा स्थापित प्रतिभाहरूका साथै स्थानीय नवप्रतिभाहरूका साहित्यिक तथा समालोचनात्मक लेख रचनाहरूको प्रकाशन गर्ने गरेको देखिन्छ ।

### ५.३.१ 'चुँदी रम्घा' पत्रिकामा प्रकाशित सामग्री

चुँदी रम्घा नेपाली भाषाको साहित्यिक पत्रिका हो । नेपाली साहित्यका विधाहरू कविता, कथा, निबन्धका साथै समालोचनात्मक लेखहरू यसमा प्रकाशित भएका छन् । जम्मा जम्मी ५ वटा मुखपत्र प्रकाशन गरेको यस पुस्तकालयले नेपाली भाषाका सर्जक आदिकवि भानुभक्तका विषयमा विभिन्न कार्यहरू गर्दै मूलतः उनीसँग सम्बन्धित लेख रचनाहरूलाई प्रकाशन गरेर नेपाली साहित्यको क्षेत्रमा थप योगदान दिएको छ । भानु पुस्तकालयले नेपाली साहित्यसँग सम्बन्धित विविध क्षेत्रमा पुऱ्याएको योगदान मध्ये साहित्यिक योगदान सर्वाधिक महत्त्वपूर्ण पक्ष हो । यसले साहित्यिका कविता, कथा र निबन्ध विधाको विकासमा उल्लेखनीय भूमिका खेलेको देखिन्छ ।

कुनै पनि देशको भाषा, साहित्य,कला र संस्कृतिको विकासका लागि त्यस देशका पत्र पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । देशको कला, संस्कृति र सभ्यता बुझ्नको

लागि त्यस देशका पत्रपत्रिकाहरूले सहयोग गरिरहेका हुन्छन् । त्यसैले नेपाली भाषा एवम् साहित्यको विकास र विस्तार गर्न पनि नेपाली पत्रपत्रिकाहरूले विशेष सहयोग पुऱ्याइरहेका छन् । तनहुँ जिल्लाका केही विद्यालय तथा महाविद्यालयहरूले आफ्नो मुखपत्रको रूपमा केही पत्रिकाहरू प्रकाशित गरेका छन् । त्यस्तै गरी भानु पुस्तकालयको कार्य क्षेत्रलाई फराकिलो बनाउन पुस्तकालय सञ्चालन समिति तनहुँ चुँदी रम्घाका वि.सं. २०३८ का सम्पूर्ण सञ्चालक समितिका सदस्यहरूको संयुक्त प्रयासमा भानु पुस्तकालयको वार्षिक मुखपत्र प्रकाशित गर्ने निर्णय भयो । फलस्वरूप **चुँदी रम्घा** पत्रिका पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा सार्वजनिक भयो । भानु पुस्तकालयको वार्षिक मुखपत्र चुँदी रम्घा वि.सं. २०३८ देखि वि.सं. २०४२ सम्म लगातार रूपमा अङ्क ५ सम्म प्रकाशित भएको देखिन्छ भने त्यसपछि यस कार्यले निरन्तरता भने पाउन सकेको देखिँदैन । यसका केही अङ्क हाल अप्राप्य रहेका छन् । हाल प्राप्त अङ्कलाई छुट्टा छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

**क) चुँदी रम्घा (वर्ष–१, अङ्क-१) २०३८ :** भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा **चुँदी रम्घा** पत्रिका प्रकाशित भएको देखिन्छ । वि.सं. २०३९ को **चुँदी रम्घा** पत्रिका हेर्दा यो हाम्रो दोस्रो प्रयास हो भनिएबाट पुस्तकालयले वि.सं. २०३८ देखि मुखपत्र प्रकाशन गर्न थालको देखिन्छ तर हाल यो अङ्क उपलब्ध नभएकाले अन्य जानकारी प्राप्त गर्न सकिएन ।

**ख) चुँदी रम्घा (वर्ष–२, अङ्क-२) २०३९ :** भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित भएको **चुँदी रम्घा**ले पुस्तकालय सम्बन्धी जानकारीहरू दिनुका साथै मूल रूपमा भानुभक्तमा केन्द्रित लेख रचनाहरू प्रस्तुत गरेको देखिन्छ । रम्घाका मात्र नभै तनहुँका साहित्यकारहरूका साहित्यिक रचनाहरू प्रस्तुत गरेर यसले साहित्यकारहरूलाई थप हौसला प्रदान गरेको छ । यस अङ्कका सम्पादक मण्डलमा हरिराम आचार्य र श्रीभक्त ढकाल रहेका छन् । भानु पुस्तकालयका सञ्चालक समितिका पदाधिकारीहरूको नामवली सहित यस अङ्कमा सम्पादकीय अन्तर्वार्ता कविराज तीर्थराज आचार्यसँग कविता, निबन्धका साथै लेखहरू तथा विज्ञापन र शुभकामना सन्देश आदि विशेष सामग्रीहरू राखिएको छ । रु २। ५० पैसा मूल्य कायम गरिएको यो मुखपत्र आवरण सहित ८० पृष्ठमा संरचित छ । यस अङ्कमा प्रकाशित लेख रचनाहरूको सूची यहाँ प्रस्तुत गरिएको छ :

| क.सं. | शीर्षक | रचनाकार | पेज नं |
|---|---|---|---|
| १. | चुँदी रम्घा | शम्पा उपाध्याय | ८ |
| २. | देश कतै देश नभए जस्तो | विष्णुविभू घिमिरे | १३ |
| ३. | एक अनुभूतिः चुँदीदेखि  सागरसम्म | व्रतराज आचार्य | १५ |
| ४. | समय आउँछ तर पर्खिंदैन | कृष्णप्रसाद रिजाल | १८ |
| ५. | उनैको सम्भनामा | रामचन्द्र पण्डित | १९ |
| ६. | विश्वेश्वरप्रसाद कोइरालाको जीवनको साहित्यिक पक्ष | जयराज आचार्य | २० |
| ७. | भानुसँग प्रार्थना | प्रतिभा आचार्य | २८ |
| ८. | भानुको प्रतीक्षामा | कुशल रानाभाट | २९ |
| ९. | भानुप्रति | हरिमाया पौडेल | ३० |
| १०. | भानु | शशी उपाध्याय | ३१ |
| ११. | भानुलाई आव्हान | प्रभा आचार्य | ३२ |
| १२. | गरिव | नवराज न्यौपाने 'अभागी' | ३३ |
| १३. | कोसेली | परशुराम अधिकारी | ३३ |
| १४. | नेपाल र नेपाली | सरस्वती न्यौपाने | ३४ |
| १५. | भानुलाई खोज्न | जयन्तीप्रसाद पण्डित | ३५ |
| १६. | भात | प्रेम आचार्य | ३६ |
| १७. | जनसंख्या वृद्धि नेपालीको लागि अर्को एउटा चूनौती | डा. पूर्णकान्त अधिकारी | ३७ |
| १८. | गरिव | गौरीनाथ ढकाल | ४१ |
| १९. | दार्जलिङ्गमा भानुको तनहुँ | रामचन्द्र पोखेल | ४२ |


यसमा प्रस्तुत सम्पादकीयका माध्यमबाट मुखपत्र प्रकाशनको दोस्रो प्रयास हो भन्ने बुझिन्छ  भने यसको उद्देश्य, प्राप्ति, अप्राप्तिहरू, समस्याहरू र पत्रिकाको अवस्थाबारे केही सूचना पनि प्राप्त गर्न सकिन्छ । यसमा दुर्गाभक्त ढकालद्वारा प्रस्तुत गरिएको अन्तर्वार्ता

राखिएको छ । कविराज तीर्थराज आचार्यबाट प्रश्न र उत्तरका क्रममा आएका विचारहरूले पुस्तकालय रहेको स्थान, यसका गतिविधिहरूका साथै चुँदी रम्घाको शैक्षिक जागरणको सुत्रपातका अवस्थाहरू बुझ्न सकिन्छ ।

**ग) चुँदी रम्घा (वर्ष–३, अङ्क–३) २०४०:** भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित चुँदी रम्घा वर्ष-३, अंङ्क-३, २०४० का सम्पादक मण्डलमा दुर्गाभक्त ढकाल, व्रतराज आचार्य र भरत पौडेल रहेका छन् । यस अङ्कमा भानु पुस्तकालयका सञ्चालक समितिका पदाधिकारीहरू र सल्लाहकारहरूको नामावली, सम्पादकीय, पुस्तकालयको वार्षिक गतिविधि सहित भानु पुस्तकालय तनहुँ चुँदी रम्घाको श्री ५ को सरकार शिक्षा विभाग शिक्षा डिभिजन इन्सपेक्टर अफिस पोखराबाट मिति २०१५ फागुन १७ गते प्राप्त भएको स्वीकृति पत्र राखिएको छ । रु ५।- मूल्य कायम गरिएको यो मुखपत्र आवरण सहित ६४ पृष्ठमा संरचित छ । आवरण पृष्ठमा चुँदी रम्घाको फोटो आकर्षक रूपमा प्रस्तुत गर्नुका साथै यस अङ्कमा विभिन्न संघसंस्थाका विजयादशमी २०४० का शुभकामना सन्देशहरू पनि समावेश गरिएको छ । यस पत्रिकाले सामान्यतः आदिकविका सम्बन्धमा लेखिएका कथा, कविता, निबन्ध, समालोचना आदि सामग्रीहरूका साथै आदिकविको जन्मस्थलको परिचय सम्बन्धी रचनाहरूलाई विशेष प्राथमिकता दिएको छ । यसले तनहुँ जिल्लाका साहित्यिक प्रतिभा एवम् साहित्यिक संघ संस्थाका गतिविधिहरू र नेपाली भाषा, साहित्य, संस्कृतिका सम्बन्धमा लेखिएका स्तरीय महत्त्वपूर्ण लेख रचनाहरूलाई प्रकाशित गरेको देखिन्छ । यो स्थानीय पत्रिका हुँदा हुदै पनि भानुभक्त जस्ता राष्ट्रिय विभूति एवम् नेपाली जातीयताका गुरु जन्माउने स्थलबाट प्रकाशित पत्रिका भएकाले पनि यसको महत्त्व छुट्टै देखिन्छ । भानु पुस्तकालयलाई नेपाली भाषा, साहित्य, संस्कृति, कला, ज्ञान र विज्ञानका सम्बन्धमा प्रकाशित यावत् सामग्रीहरूको भण्डार बनाउन र भानु स्मृति सङ्ग्रहालयलाई भानुभक्तले उपभोग गरेका वस्तुहरू, भानुभक्तीय शैलीका सामग्री र उनीसँग सम्बन्धित रचनाहरूको सङ्ग्रहणीय भण्डार बनाउनका लागि यसले आफ्नो प्रयास अगाडि बढाउदै आएको देखिन्छ । यस अङ्कमा विशेष सामग्रीका रूपमा राखिएका लेख रचना सहित अन्य विषय सामग्रीहरूको सूची यहाँ प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | रचनाकार | पेज नं |
|---|---|---|---|
| १. | वधूशिक्षाको लेखोट प्रतिका सम्बन्धमा | व्रतराज आचार्य | १ |
| २. | आदरणीय गुरु आचार्य पं. ज्ञानहरि पण्डित 'सरस्वती' सँगको अर्न्तवार्ता | | ९ |
| ३. | कविवर ! तिमी जब बोल्यौ... | डा. वासुदेव त्रिपाठी | १५ |
| ४. | चामेदेखि मनाङ्ग भ्यालीसम्म | विश्वनाथ ढकाल | १७ |
| ५. | रम्घाको वनभित्र | धर्मराज थापा (जनकवि केशरी) | २३ |
| ६. | काटे माथि नुनचूक | प्रमोदभक्त आचार्य | १७ |
| ७. | संकट | क्षेत्रप्रताप अधिकारी | ३१ |
| ८. | श्री मदीया संस्कृत शिक्क्षण, पद्धतिः(मेरो संस्कृत शिक्षणको बाटो) | शिवराज आचार्य | ३३ |
| ९. | तनहुँ चुँदीका केही दिन | विष्णुविभू घिमिरे | ३७ |
| १०. | भानुको उदयमा | प्रभा आचार्य | ४३ |
| ११ | भानुलाई सन्देश | कुशल रानाभाट | ४४ |
| १२. | भानु | विष्णुप्रसाद पौडेल | ४५ |
| १३. | भानुलाई कोसेली | लक्ष्मी श्रेष्ठ | ४५ |
| १४. | फर्केर फेरी आऊ तिमी | प्रतिमा आचार्य | ४६ |
| १५. | भानु तिमी कहाँ गयौ | महेन्द्र लोहनी | ४७ |
| १६. | भानु तिमी | रघुनाथ खकुरेल | ४७ |


यस अङ्कमा प्रस्तुत गरिएको अन्तर्वार्ता गाउँकै आचार्य पं. ज्ञानहरि पण्डित 'सरस्वती' सँग दुर्गाभक्त ढकाल, गौरीनाथ उपमन्यु, व्रतराज आचार्य र भरत पौडेलको संयुक्त

कुराकनीमा उहाँले वि.सं. २००७ अघि चुँदी रम्घामा शिक्षा जागरणका लागि भानु पुस्तकालयको स्थापना र यसका गतिविधिका सम्बन्धमा साथै भानु स्मारकको निर्माणका विषयमा प्राप्त गरेका विचारहरू प्रस्तुत गरिएको छ । यस मुखपत्रमा प्रस्तुत गरिएको अर्को पाटो भानु पुस्तकालयको वार्षिक गतिविधिहरूको विवरण हो । यो २०४० को वार्षिक मुखपत्र भएकाले यसमा साधारण सभाद्वारा पारित गरिएको आर्थिक वर्ष २०३८।०३९ को आय-व्यय विवरण प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत गरिएका विभिन्न शीर्षकहरूबाट पुस्तकालयको आय जम्मा रु ४१४५।१२ देखिन्छ भने व्यय रु २९८३।८५ देखिन्छ । आय भन्दा व्यय कम भएकाले वचत रकम रु ११६१।२७ पैसा देखिन आएको छ । त्यसैगरी यसमा २०३९ फागुन २० गते राति रम्घा डाँडामा अवस्थित भानु प्रतिमा हराएकाले त्यसको खोजी कार्यका साथै पुनः निर्माण गरिएका सन्दर्भहरू प्रस्तुत गरिएका छन् । पुस्तकालयमा विभिन्न व्यक्ति एवम् संस्थाबाट पटके सहयोगका आधारमा पुस्तक संख्या २००० (दुईहजार) भन्दा वढी त्यस बेला नै पुगिसकेको कुरा पनि यहाँ उल्लेख गरिएको छ ।

**घ) चुँदी रम्घा (वर्ष–४, अङ्क-४) २०४१ :** भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित **चुँदी रम्घा** वर्ष-४, अंङ्क-४, २०४१ का सम्पादक मण्डलमा गौरीनाथ ढकाल, हरिकृष्ण पौडेल र सतीश पौडेल रहेका छन् । यसमा भानु पुस्तकालयका सञ्चालक समितिका पदाधिकारीहरू सहित सल्लाहकारहरूको नामावली प्रस्तुत गरिएको छ । मूल्य रु ५।- कायम गरिएको **चुँदी रम्घा** मुखपत्र पुस्तकालयका सदस्यहरूलाई ५० प्रतिशत छुटमा दिने गरी व्यवस्था गरेको देखिन्छ । यो पत्रिका आवरण सहित ७० पृष्ठमा संरचित छ । आवरण पृष्ठमा आदिकवि भानुभक्त आचार्यको आकर्षक फोटो राखी बीचका केही भागमा शुभकामना सन्देशहरू यसमा समायोजन गरेको देखिन्छ । यस अङ्कमा प्रस्तुत गरिएका विशेष लेख, अन्तर्वार्ता, कविता, कथा, यात्रा वृत्तान्त, समालोचना र स्थायी स्तम्भ जस्ता सामग्रीहरूको सूची यहाँ देखाइएको छ :

| क.सं. | शीर्षक | रचनाकार | पेज नं |
|---|---|---|---|
| क) | विशेष लेख | | |
| १. | अधिका कुरा | रामचन्द्र पौडेल | ३७ |
| २. | भानुको हृदय | ज्ञानहरि उपाध्याय पण्डित | ४९ |
| ३. | भानुको जन्मस्थल चुँदी रम्घा, | व्रतराज आचार्य | ४३ |
| ख) | अन्तर्वार्ता | | |
| १. | पं. रामचन्द्र पण्डित 'सरस्वती' | | ७ |
| ग) | कविता | | |
| १. | भन्छ यो चुँदी रम्घा | नारायणदत्त शास्त्री | ३५ |
| २. | नमोनमः | कुलचन्द्र आचार्य | ६ |
| ३. | उदाऊ हे भानु | कुशल रानाभाट | २१ |
| ४. | ठूलो बनौं | विनोदभक्त आचार्य | २२ |
| ५. | अमर भानुभक्त | विनोदराज ढकाल, दुःखी | २३ |
| ६. | भानु र उनको कीर्ति | प्रकाश सापकोटा | २३ |
| ७. | भानुलाई सन्देश | लक्ष्मी श्रेष्ठ वैरागी | २४ |
| ८. | भानु र साहित्य | पूर्णप्रसाद पौडेल | २४ |
| ९. | फर्केर आउ भानु | धर्म आचार्य | २४ |
| १०. | हामी पढौं | राजु आचार्य | २५ |
| ११. | भानु जीवित छौ | टेकबहादुर लौडारी | २५ |
| १२. | कर्मठ कवि भानुभक्त | विष्णुप्रसाद पौडेल | २५ |
| घ) | कथा | | |
| १. | चित्रा | शारदा आचार्य | १५ |
| ङ) | यात्रा वृत्तान्त | | |
| १. | नेपालदेखि अमेरिकासम्म | जयराज आचार्य | २७ |
| च) | समालोचना | | |
| १. | विश्वेश्वरप्रसाद कोइरालाको..... | नरहरि आचार्य | १ |
| छ) | स्थायी स्तम्भ | | |
| १. | पाठक प्रतिक्रिया | नवराज कट्टेल | ५६ |
| २. | भानु पुस्तकालयको वार्षिक गतिविधि | | ५६ |
| ३. | सम्पादकको तर्फबाट | | ६१ |

यस अङ्कमा आदरणीय गुरु प्र. रामचन्द्र पण्डित 'सरस्वती' सँगको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । चुँदी रम्घामा जन्मिएका पण्डित रामचन्द्रले आफ्नो जन्मस्थलको विकासका लागि नाटकजस्तो गरिमामय साहित्यिक विधाको प्रयोगात्मक रूपमा उन्नति गराउन र रम्घाली परिवारलाई नयाँ वातावरण जगाई चेतनशील र जागरुक गराउन विशेष पहल गरेको जानकारी पाइन्छ । प्रस्तुत अन्तर्वार्ता दुर्गाभक्त ढकाल, हरिराम आचार्य, हरिकृष्ण पौडेल, भरत पौडेल र गौरीनाथ ढकालद्वारा संयुक्त रूपमा वार्तालापका क्रममा लिएको देखिन्छ । पं. रामचन्द्रले यस अन्तर्वार्तामा चुँदी रम्घामा प्रदर्शनका सुरुवातका क्रियाकलापहरू साथै आफूले नाटक सुरुवात के कसरी गरियो, अभिनय कला कस्तो स्वरूपमा प्रदर्शन भयो, पात्र कसरी छानियो, को-को लाई सामेल बनाइयो भन्ने जस्ता कुराहरूका साथै आफूलाई नाटकका क्षेत्रमा लाग्न पलाएको प्रेरणा र आफूलाई सहयोग गर्ने व्यक्तिको नाम समेत उल्लेख गरेका छन् । भानभक्तको जन्मस्थल रम्घामा नै जन्मेका पं. रामचन्द्रले यस क्षेत्रको विकासका लागि अनुकूल वातावरण बनाउन धेरै पहल गरेको कुरा पनि यहाँबाट बुझ्न सकिन्छ ।

यस अङ्कमा स्थायी स्तम्भका रूपमा पाठक प्रतिक्रिया, भानु पुस्तकालयको वार्षिक गतिविधि र सम्पादकीय देखापर्दछ । नवराज कट्टेलले लेखेको प्रतिक्रियालाई हेर्दा **चुँदी रम्घा** पत्रिकाले आफ्नो कार्यमा देखाएको पारदर्शिता अनुकरणीय मान्नु पर्दछ । यसमा भाषिक एकता र नेपाली जातिको संस्कृति, मर्यादा, स्वसंयमितता अनुशासन शिक्षाको शङ्खघोषको शुभारम्भ चुँदी रम्घाबाटै भानुभक्तले गरेको प्रसङ्ग देखाइएको छ । कट्टेलले भानु पुस्तकालयको वार्षिक मुखपत्र **चुँदी रम्घा** भित्रका सङ्कलनलाई सामान्य चर्चा गरी यसका सन्दर्भमा आफूलाई लागेका विचारहरू व्यक्त गरेका छन् । वि.सं. २०४० को महानवमीका दिन पुस्तकालयको वार्षिक साधारण सभाद्वारा पारित गरिएको आर्थिक वर्ष २०३९।०४० को आय-व्यय विवरण यस अङ्कमा प्रस्तुत गरेको देखिन्छ । पुस्तकालयमा विभिन्न शीर्षकहरूबाट प्राप्त आय जम्मा रु ३९१२।८१ पैसा देखापर्छ भने व्यय जम्मा रु ९३५।७१ पैसा देखापर्दछ । यस वार्षिक गतिविधिलाई हेर्दा पुस्तकालयको आम्दानीको स्रोत सदस्यता शुल्क विज्ञापन शुल्क, पत्रिका बिक्रिबाट चन्दा विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त हुने पटके सहयोग देखापर्दछन् । पुस्तकालयको आम्दानी अनुसार यसका विविध कार्यहरू सक्रिय रूपमा अघि बढेको देखिँदैन भन्ने कुरा पुस्तकालयको व्ययबाट पनि बुझिएको छ । रम्घाको शिखरमा

स्थापित आदिकवि भानुभक्तको प्रतिमा हराएपछि पुनः निर्माण गर्ने सन्दर्भमा गरिएका प्रयासहरूको झल्को पनि यहाँ प्रस्तुत गरिएको देखिन्छ । यस पत्रिकाको स्थायी स्तम्भका रूपमा देखापरेको सम्पादकीयका माध्यमबाट पत्रिकाको स्थिति र उद्देश्यको जानकारी पाइनुका साथै भानुभक्तको योगदानको राष्ट्रिय परिप्रेक्ष्यमा नै कदर गर्नुपर्ने कुरालाई प्रस्तुत गरिएको छ ।

**ङ) चुँदी रम्घा (वर्ष-५, अक्त-५) २०४२:** भानु पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित **चुँदी रम्घा** वर्ष-५, अङ्क-५, २०४२ का सम्पादक मण्डलमा श्रीआचार्य र विधान आचार्य रहेका छन् । यस अङ्कमा सञ्चालक समितिको नाम दिइएको छैन । रु ५।- मूल्य कायम गरिएको **चुँदी रम्घा** मुखपत्र पुस्तकालयका सदस्यहरूलाई ५० प्रतिशत छुटमा दिने गरी व्यवस्था गरेको देखिन्छ । यो मुखपत्र आवरण सहित ७२ पृष्ठमा संरचित छ । आवरण पृष्ठमा भानुभक्त आचार्यको फोटो र यस अङ्कको आकर्षणका रूपमा साहित्यकारका विचार सङ्गमका शीर्षकहरूलाई उधृत गरेर राखिएको छ । यसमा विभिन्न संघ संस्थाका विजयदशमी तथा जन्मोत्सवका शुभकामना सन्देशहरू पनि समावेश गरिएको छ । यस अङ्कमा प्रस्तुत गरिएका विशेष विचार सङ्गम जस्ता सामग्रीहरूको सूची यहाँ देखाइएको छः।

| क.सं. | शीर्षक | रचनाकार | पेज नं |
|---|---|---|---|
| क) | विशेष विचार सङ्गम | - | - |
| १ | नेपाली साहित्य परमुखापेक्षी छ | प्रो. यदुनाथ खनाल | ५ |
| २ | नेपाली साहित्यमा आत्मविश्वासको अभाव छ | मदनमणि दीक्षित | ५३ |
| ३ | सृजनशील लेखनको अभाव छ | डा. ईश्वर बराल | ५५ |
| ४ | सम्रमा नकुँदिएको मूर्ति | कवि माधव घिमिरे | ५७ |
| ख) | लेख निबन्ध | - | - |
| १. | आदिकवि भानुभक्त र उनको योगदान | श्रीराम न्यौपाने | ४० |
| २. | अश्लीलताको प्रश्न साहित्य र समाजमा | नरहरि आचार्य | ४८ |

| ग) | कविता | रचनाकार | - |
|---|---|---|---|
| १. | चाहना गर्छ रम्घा | नारायण शास्त्री | १ |
| २. | चुँदी रम्घा | विधान आचार्य | २ |
| ३. | युवा आकांक्षा | दैवज्ञराज न्यौपाने | ४ |
| ४. | भानु कहाँ छौ ? | टेकबहादुर लौडारी | ९ |
| ५. | तिमी फर्केनौ भानु | प्रकाश सापकोटा | १२ |
| ६. | अनौठो भेटघाट | प्रभा आचार्य | १४ |
| ७. | फर्केर आऊ | डम्बरबहादुर गुरुङ्ग | १७ |
| ८. | पूर्वका चसर भानु | प्रदीपभक्त आचार्य | १८ |
| ९. | म कस्तो मान्छे | प्रेम आचार्य | २० |
| १०. | भानु रश्मि | डी.पी. गाँउले | २२ |
| ११. | कवि भानुभक्त | लक्ष्मी श्रेष्ठ 'वैरागी' | २६ |
| १२. | भानु र देशप्रति | विनोदराज ढकाल 'दुःखी' | २७ |
| १३. | भानुको नाम | नवराज न्यौपाने | २८ |
| १४. | संझेर आऊ भानु | विनोदभक्त आचार्य | २९ |
| १५. | कवि भानुको सम्झनामा | रामकुमार श्रेष्ठ | २९ |
| १६. | हे वीर भानु जन्मन जन्म | सर्वज्ञ वाग्ले | ३० |
| १७. | हे भानु | मनिल आचार्य | ३० |
| १८. | भानु | सुनील आचार्य | ३१ |
| १९. | आदिकवि भानु | सावित्रा न्यौपाने | ३२ |
| २०. | भानु र रम्घाको शोक | राजेन्द्र रानाभाट | ३२ |
| २१. | भानुको उदयमा | विष्णुप्रसाद पौडेल | ३५ |
| २२. | बुद्धि आयो | राजु आचार्य | ३५ |
| २३. | भानु तिमी लेखी रहु | पूर्णप्रसाद पौडेल | ३६ |

| | | | |
|---|---|---|---|
| २४. | आदिकवि भानुभक्त | सरस्वती न्यौपाने | ३६ |
| २५. | धन्य हौ भानुभक्त | प्रतिभा आचार्य | ३७ |
| २६. | भानु तिम्रो सम्झनामा | विष्णु परियार | ३८ |
| २७. | भानु तिमी | विन्दु पन्त | ३९ |
| २८. | कविको काखबाट बिदा भएँ | तुलसी | ३९ |
| २९. | यौटा युगको प्रतीक्षामा | शारदा शर्मा | ४७ |
| ३०. | भानु पाँच टुक्रा | विनोदप्रसाद वराल | ५१ |
| घ) | कथा | - | - |
| १. | मेरो सुस्केराहरू | कुशल रानाभाट | २३ |
| २. | मोड | ध्रुव सापकोटा | ४३ |
| ङ.) | स्थायी स्तम्भ | - | - |
| १. | भानु पुस्तकालयको आय-व्यय विवरण | - | ५९ |
| २. | सम्पादकको तर्फबाट | - | ६१ |

यस अङ्कमा स्थायी स्तम्भका रूपमा भानु पुस्तकालयको आय-व्यय विवरण देखापरेको छ । पुस्तकालयका कोषाध्यक्ष शरदचन्द्र शर्माद्वारा आर्थिक वर्ष २०४०।०४१ को आय-व्यय विवरण यस अङ्कमा प्रस्तुत गरेको देखिन्छ । पुस्तकालयमा विभिन्न शीर्षकहरूबाट प्राप्त आय जम्मा रु ५४२९।७१ पैसा देखापर्दछ भने विभिन्न शीर्षकमा गरिएको खर्चलाई हेर्दा व्यय जम्मा रु ४३५७।५० पैसा देखापर्दछ । यस वार्षिक गतिविधिलाई हेर्दा पुस्तकालयको आम्दानीको स्रोत सदस्यता शुल्क, पत्रिका बिक्रीबाट, विज्ञापन शुल्क, विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त हुने पटके सहयोग मात्र देखापर्दछ । त्यसैगरी यस अङ्कमा स्थायी स्तम्भका रूपमा सम्पादकीय पनि देखापर्दछ । यसका माध्यमबाट पत्रिकाको स्थिति र उद्देश्यको जानकारी पाइनुका साथै भानुभक्तको जन्मस्थललाई साहित्यिक तीर्थस्थल बनाउन स्थानीय स्तरका साथै राष्ट्रिय स्तरमा समेत सबैले पहल गर्नुपर्ने कुरालाई यसमा प्रस्तुत गरिएको छ ।

### ५.३.२ चुँदी रम्घा पत्रिकाको विधागत योगदान

**चुँदी रम्घा** नेपाली भाषाको साहित्यिक पत्रिका हो । नेपाली साहित्यका विधाहरू कविता, कथा, निबन्धका साथै समालोचनात्मक लेखहरू यसमा प्रकाशित भएका छन् । जम्माजम्मी ५ वटा मुखपत्र प्रकाशन गरेको यस पुस्तकालयले नेपाली भाषाका सर्जक आदिकवि भानुभक्तका विषयमा विभिन्न कार्यहरू गर्दै मूलतः उनीसँग सम्बन्धित लेख रचनाहरूलाई प्रकाशन गरेर नेपाली साहित्यको क्षेत्रमा थप योगदान दिएको छ । भानु पुस्तकालयले नेपाली साहित्यसँग सम्बन्धित विविध क्षेत्रमा पुऱ्याएको योगदान मध्ये साहित्यिक योगदान सर्वाधिक महत्त्वपूर्ण पक्ष हो । यसले साहित्यिका कविता, कथा र निबन्ध विधाको विकासमा उल्लेखनीय भूमिका खेलेको देखिन्छ ।

**क) कविता विधामा योगदान :** भानु पुस्तकालयको मुखपत्रको रूपमा प्रकाशित **चुँदी रम्घा** पनि नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने एक पत्रिका हो । हाल प्राप्त वर्ष-२, अङ्क-२, २०३९ देखि वर्ष-५, अङ्क-५, २०४२, सम्मका प्रकाशित चुँदी रम्घामा साहित्यिक विधाहरू मध्ये नेपाली साहित्यमा जेठो विधाका रूपमा रहेको कविता विधाले नै सबैभन्दा ठूलो स्थान ओगटेको देखिन्छ । यी पत्रिकामा कविताका विभिन्न स्वरूपहरू मुक्तक, लघुकविता, फुटकर कविता, गजल, गीति कविता आदि गरेर ६६ वटा कविताहरू प्रकाशित भएका छन् । यसरी प्रकाशित कविताहरूमा स्थानीय नवप्रतिभाहरूद्वारा र राष्ट्रिय स्तरका स्थापित प्रतिभाहरूद्वारा समेत रचिएका देखिन्छन् । आदिकवि भानुभक्तको जन्मस्थलमा रहेको भानु पुस्तकालय भएका कारणले गर्दा पनि यस पत्रिकामा प्रकाशित कविताहरू धेरै जसो भानुभक्तमा केन्द्रित रहेर लेखिएका छन् । यी पत्रिकाहरूमा रहेका केही कविताहरू उनको जन्मस्थल र अन्य विषयमा पनि लेखिएका छन् । राष्ट्रिय स्तरका कवि प्रतिभाहरू डा. वासुदेव त्रिपाठी, धर्मराज थापा, क्षेत्रप्रताप अधिकारी, विष्णुविभू घिमिरे, दैवज्ञराज न्यौपाने, नारायणदत्त शास्त्री, रामचन्द्र पण्डित आदिका कविताहरूले एकातिर पुस्तकालयले साहित्यिक धरातललाई माथि उठाउने काम गरेका छन् । भने अर्को तर्फ नवसिकारु प्रतिभाहरूका लागि उक्त कविताहरूले कवित्व प्रतिभा विकासका लागि सहयोग पुऱ्याइरहेका छन् ।

राष्ट्रिय स्तरका कवि प्रतिभाहरू डा. वासुदेव त्रिपाठी, धर्मराज थापा, क्षेत्रप्रताप अधिकारी, विष्णुविभु घिमिरे, दैवज्ञराज न्यौपाने, नारायणदत्त शास्त्री, रामचन्द्र पण्डित

आदिका कविताहरू **चुँदी रम्घा** पत्रिकाहरूमा निम्न शीर्षकमा क्रमशः समावेश गरिएका छन्: 'कविवरः तिमी जव बोल्यौ....', 'रम्घाको वनभित्र', 'सङ्कट', 'देश कतै देश नभए जस्तो', 'युवा आकांक्षा', 'भन्छ यो चुँदी रम्घा', 'चाहना गर्छ रम्घा', 'उनैको सम्झनामा' आदि ।

त्रिपाठीको 'कविवर तिमी जब बोल्यौ' शीर्षकको कवितामा भानुभक्तलाई नै मुख्य विषय बनाइएको छ । आदिकवि भानुभक्तलाई पटक पटक सम्वोधन गर्दै जनताको भाषामा हाम्रै गाथा गाएका छौ भन्ने प्रसङ्ग उधृत गर्नुका साथै तिम्रो बोली सिँगो नेपालको बोली हो भन्ने भाव मिठासपूर्ण शैलीमा प्रकट गरिएको छ । जनकवि केशरी धर्मराज थापाद्वारा रचित 'रम्घाको वनभित्र' भानुभक्तको जन्मस्थल चुँदी रम्घालाई उधृत गर्दै लेखिएको उत्कृष्ट कविता हो । चुँदी रम्घाको वस्तुपरक चित्रण गर्दै लेखिएको यो कविता प्राकृतिक जगतका विविध सन्दर्भहरूसँग जोडिएर बनेको देखिन्छ । क्षेत्रप्रताप अधिकारीद्वारा रचित 'सङ्कट' कविता गद्यात्मक शैलीमा प्राकृतिक नदीनाला लेक पहाड, तथा मनुष्यमा देखिएको पहिचान गुम्न खोजेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । विष्णुविभूको 'देश कतै देश नभए जस्तो' शीर्षक कवितामा देशमा विद्यमान विकृती र विसङ्गतिमाथि व्यङ्ग्य प्रस्तुत गर्दै सबै मिलेर यो सुन्दर देशलाई अगाडि बढाउने पुनित कार्यमा लागौ भनि आव्हान गरिएको छ । दैवज्ञराज न्यौपानेको 'युवा आकांक्षा' शीर्षक कवितामा जीवनका विविध सन्दर्भमा महान देखिने युवा आकाङ्क्षालाई उधृत गर्दै यसले जीवनको प्रत्येक सन्दर्भमा प्रभाव पार्ने कार्यप्रतिको सोचाईलाई यस कवितामा देखाइएको छ । कवि नारायणदत्त शास्त्रीको 'भन्छ यो चुँदी रम्घा' भानुभक्तकै जन्मस्थलको सेरोफेरोमा बुनिएको एक उत्कृष्ट कविता हो । रम्घाको वरिपरिका स्थलहरूका साथै सारा देश नै भानुको उज्यालो किरणले जगमगाएको, वनपाखामा कोइलीले सुमधुर लयमा भानुभक्तको गीत गाई रमाएको सन्दर्भ जोडदै सबैभन्दा म नै सौभाग्यशाली हुँ भन्ने ठान्ने चुँदी रम्घामा पुगेर यस कविताको विसर्जन गरिएको छ । कवि रामचन्द्र पण्डितको 'उनैको सम्झनामा' कविता भानुभक्तलाई विषय बनाएर लेखिएको निकै सरल र मिठासपूर्ण शैलीमा प्रस्तुत कविता हो । भानुभक्त तिम्रा सुन्दर कविता काव्यले गर्दा तिम्रो खोजी यस जगत्मा सबैले गरेका छन् ,तिमीलाई सबैले सोधेका छन्, यो उद्यानरूपी देशमा तिमीले साहित्यद्वारा सुन्दर बनाइदेऊ भन्दै अभिधात्मक रूपमा भानुभक्तको सम्झनामा कविले आफ्ना भावना व्यक्त गरेका छन् । यस कविताले प्रतीकात्मक रूपमा भानुजस्ता चम्किला ताराको नेपालमा जहिले पनि खाँचो छ, भानुजस्ता प्रतिभाले देशलाई उन्नति पथमा लैजान सक्छन भन्ने भाव व्यक्त गरेको छ ।

चुँदी रम्घा पत्रिकाहरूले स्थानीय नवप्रतिभाहरूका सृजनालाई प्रष्फुटित हुने अवसर प्रदान गरेको छ । स्थानीय नवप्रतिभाद्वारा लेखी भानु जयन्तीका अवसरमा वाचन गरिएका साथै पुरस्कृत समेत भएका कविताहरू पनि यी पत्रिकाले समावेश गरेर प्रकाशित गरेको देखिन्छ । प्रतिभा भएका, तर अवसरको अभावमा सुषुप्तावस्थामा रहेका स्थानीय सर्जकहरूलाई यस पत्रिकाको प्रकाशन वरदान सावित भएको मान्न सकिन्छ । सिकारु कविका सुरु सुरुमा देखिएका शैली शिल्प आदि पक्षका कमजोरीहरू क्रमशः परिष्कृत, परिमार्जित तर्फको बाटो समाउँदै अघि बढेका देखिन्छन् । प्रतिभा आचार्य, कुशल रानाभाट, हरिमाया पौडेल, सरस्वती न्यौपाने, प्रभा आचार्य, महेन्द्र लोहनी, विष्णुप्रसाद पौडेल, प्रकाश सापकोटा, डम्वरबहादुर गुरुङ्ग, सर्वज्ञ वाग्ले आदि नवप्रतिभाहरूका कविताहरू चुँदी रम्घा पत्रिकामा प्रकाशित भएका छन् । स्थानीय स्तरका नव प्रतिभाहरूले लेखेका कविताहरू मुख्यत चुँदी रम्घाको साहित्यिक गरिमा तथा भानुभक्तले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । यी कविताहरूमा भानुभक्तबाट प्रेरणालिई सम्पूर्ण रम्घालीहरू र नेपालीहरूलाई अघि बढ्न प्रेरित गरिएको छ । भानुभक्तको आवश्यकता नेपाली समाजमा अहिले पनि उत्तिकै भएको तर्क पनि अघि सारिएको छ ।

अतः चुँदी रम्घा पत्रिकाले नेपाली भाषाका राष्ट्रिय स्तरका कविहरूका साथै स्थानीय स्तरका नव प्रतिभाहरूका कविताहरू प्रकाशित गरी नेपाली कविता विधामा उल्लेख्य योगदान पुऱ्याएको छ । राष्ट्रिय स्तरका कवि प्रतिभाहरूका कविताले एकातिर पुस्तकालयको साहित्यिक धरातललाई माथि उठाउने काम गरेका छन् भने अर्कोतिर नवसिकारु प्रतिभाहरूका लागि उक्त कविताहरूले कवित्व प्रतिभा विकासका लागि सहयोग पुऱ्याइरहेका छन् ।

**ख) निबन्ध विधामा योगदान :** पुस्तकालयको साहित्यिक योगदानलाई अघि सार्ने सन्दर्भमा **चुँदी रम्घा** पत्रिकामा कविता विधा पछि सबैभन्दा ठूलो संख्यामा प्रकाशित भएको निबन्ध विधा हो । यस पत्रिकामा जम्मा १२ वटा लेख निबन्धहरू प्रकाशित छन् । कविता विधामा जस्तै निबन्ध विधामा पनि स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्मका निबन्धकारहरूका लेख निबन्ध यस पत्रिकामा समावेश गरिएका छन् । व्रतराज आचार्यद्वारा लिखित एक अनुभूति चुँदी देखि सागरसम्म निबन्धमा चुँदी रम्घा आफ्नै जन्मभूमिलाई नियाल्दै त्यसकै सेरोफेरोमा घुमेर प्रकट भएको अनुभूति व्यक्त गरिएको छ । यसमा चुँदीको सानो खोंचबाट सुरुवात भएको साहित्यरूपी नदीले अन्त्यमा सागरको रूप ग्रहणगरी विश्वमा अलगै

पहिचान वा स्थान बनाउन सकेको विषयलाई निकै तर्कपूर्णरूपमा उल्लेख गरिएको छ । डा. पूर्णकान्त अधिकारीद्वारा प्रस्तुत लेख 'जनसंख्या वृद्धिः नेपालको लागि अर्को एउटा चुनौति'मा नेपालमा जनसंख्या वृद्धिको कारण मूलरूपमा शैक्षिक चेतनालाई सङ्केत गर्दै देशको वढ्दो जनसंख्यालाई घटाउन प्रत्येक नेपालीदेखि नै पहल गर्नुपर्ने कुरालाई यसमा झल्काइएको छ । रामचन्द्र पोखेलद्वारा प्रस्तुत अर्को लेख 'दार्जिलिङ्गमा भानुको तनहुँ'मा दार्जिलिङ्ग यात्राको सन्दर्भसँगै आदिकवि भानुभक्तप्रति दार्जिलिङ्गेले देखाएको श्रद्धाभावलाई स्पष्ट्याइएको छ । वि.सं. २०३४ को भानु जयन्तीका अवसरमा दार्जिलिङ्ग पुगेका पोखेलले भानु जयन्ती मनाउँदा दार्जिलिङ्गेले प्रभातफेरी गर्दै भानुभक्तको प्रतिमामा पुगेर गरिएको माल्र्यापण पश्चातको श्रद्धान्जली समारोहको आयोजनामा आफू सरीक हुदाँ गरेको अनुभव व्यक्त गर्दै भानुभक्त प्रतिको दार्जिलिङ्गेमा देखिएको निकट भाव अनुमान नै गर्न नसकिने भएको बताएका छन् ।

त्यसै गरी शिवराज आचार्यद्वारा प्रस्तुत गरिएको 'मदीया संस्कृत शिक्क्षण पद्धति' रचनामा संस्कृत शिक्षण लोक व्यवहारमा बालबच्चालाई कसरी सिकाउदै लैजाने भन्ने सन्दर्भलाई संस्कृतका श्लोकहरू सहित नेपालीमा पनि प्रस्तुत गरिएको छ । यस पत्रिकामा प्रकाशित विष्णुविभू घिमिरेको संस्मरण 'तनहुँ चुँदीका केही दिन'मा वि.सं. २०३९ को भानु जयन्तीका अवसरमा नेपाली भाषाका केही साहित्यकारहरूसँगै आफू पनि भानुभक्तको जन्मस्थल चुँदी रम्घा गएको सम्झनालाई सरल भाषा र रोचक शैलीमा प्रस्तुत गरिएको छ । त्यस्तै रामचन्द्र पौडेलको लेख 'अघिका कुरा' यसै पत्रिकामा देखा पर्दछ । भानु पुस्तकालयका स्थापनाका क्रममा सक्रिय भएका पौडेलले यसको विकास र विस्तारका लागि काठमाडौंमा रहेर गरेका विभिन्न पहलहरूको सन्दर्भलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । त्यस्तै यसपत्रिकाले जयराज आचार्यद्वारा लेखिएको यात्रा वृत्तान्त 'नेपालदेखि अमेरिकासम्म'मा उनले आफूले नेपालबाट पढने सिलसिलामा गरेको यात्रामा गरेका अनुभवहरूलाई वस्तुपरक ढङ्गमा वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

अर्का लेखक व्रतराज आचार्यले 'भानु जन्मस्थल चुँदी रम्घाः विकासका पाइलाहरू' शीर्षकको विशेष लेख यसमा प्रस्तुत गरेका छन् । उनले राष्ट्रिय विभूति एवम् आदिकवि भानुभक्तको जन्मस्थललाई साहित्यिक एवम् रमणीय तीर्थस्थलका रूपमा विकसित गर्न गरिएका विभिन्न प्रयासहरू मध्ये भानु पुस्तकालयको स्थापना एक महत्त्वपूर्ण स्तम्भ हो भन्दै पुस्तकालयले यस ठाउँको विकासका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ भन्ने

कुरालाई प्रष्ट पारेका छन् । त्यसैगरी यस पत्रिकाले ज्ञानहरि उपाध्याय पण्डित, श्रीराम न्यौपाने, नरहरि आचार्य आदिका लेख निबन्धहरू पनि प्रकाशित गरेर नेपाली निबन्धको क्षेत्रमा थप योगदान प्रदान गरेको छ । यस प्रकार संस्मरण, यात्रा वृत्तान्त, लेख निबन्धहरू स्थानीय स्तर देखि राष्ट्रिय स्तरसम्मका साहित्यकारका प्रस्तुत गरेर यस पत्रिकाले नेपाली निबन्धको फाँटमा थप उर्जा प्रदान गरेको छ ।

**ग) कथा विधामा योगदान :** योगदानकै चर्चाका क्रममा भानु पुस्तकालयले केही कथाहरू **चुँदी रम्घा** पत्रिकामा प्रकाशित गरेर यस विधामा पनि योगदान पुऱ्याएको देखिन्छ । यस पत्रिकामा मूलतः मनोवैज्ञानिकका साथै सामाजिक यथार्थवादी कथाहरू प्रस्तुत गरिएका छन् । यी कथाहरू नेपाली भाषामा मौलिक रूपमा प्रस्तुत गरिएका देखिन्छन् ।

शारदा आचार्यद्वारा लिखित 'चित्रा' कथामा चित्राका मन भित्रका भावहरूलाई छरपष्ट रूपमा फिँजाएर प्रस्तुत गरिएको छ । यस कथाकी प्रमुखपात्र चित्राले विवाह गरेर पति घर गए पछिको लामो समय पश्चात् आफ्नो पहिलाको प्रेमीलाई भेटेपछि उसका मनमा उब्जिएका अनेक भाव तरङ्गहरूलाई यस कथामा एउटै मालामा उनिएको छ । अर्को मनोवैज्ञानिक कथा कुशल रानाभाटद्वारा लिखित 'मेरा सुस्केराहरू' देखा पर्दछ । गाउँबाट सरेर शहरमा सुव्वाको जागिर खाइबसेका अरू आय स्रोत नभएको परिवारले सहरिया जीवन गुजारा गर्न वहन गर्नुपरेको पारिवारिक अवस्थालाई कारुणिक ढङ्गमा देखाउदा म पात्र खडा गरेर उसका मनभित्र मात्रै गुञ्जाएका छन् । खान पुग्ने तलब समेत नदिएर कर्मचारीको पीडादायक स्थिति देखाउदै कथाकारले देशको प्रशासनिक गतिविधिलाई व्यङ्ग्य समेत प्रहार गरेका छन् । त्यस्तै ध्रुव सापकोटाद्वारा लिखित 'मोड' कथामा मान्छेको मनमा उब्जेका भावनासँगै उसको मोड वा विचार परिवर्तन हुने कुरालाई ऊ पात्रका माध्यमद्वारा यस कथामा देखाएका छन् ।

यस पत्रिकामा प्रस्तुत गरिएको भानु संस्कृत माध्यमिक विद्यालयका अध्ययनरत विद्यार्थी प्रदिपभक्त आचार्यको कथा 'काटेमाथि नुन चूक' सामाजिक यथार्थवादी घटनामा आधारित भएर लेखिएको छ । निम्न स्तर भएको परिवारको दयनीय स्थितीमाथि आइलागेको दुःखद् परिस्थितिलाई हाम्रो सामाजिक जीवनमा देखापर्ने परिस्थितीसँगै जोडेर यस कथामा प्रस्तुत गरिएको छ । यस प्रकार यस पत्रिकाले मनोवैज्ञानिक र सामाजिक यथार्थवादी कथाहरू प्रस्तुत गरेर स्थानीय नवप्रतिभालाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरेको छ भने नेपाली कथाको क्षेत्रमा पनि केही योगदान गरेको देखिन्छ ।

भानु पुस्तकालयको साहित्यिक क्रियाकलापप्रति दृष्टि फिजाउँदा यसले नेपाली साहित्यिक कविता, निबन्ध, कथा जस्ता विधामा आफ्नो संलग्नता दर्शाएर सिङ्गो नेपाली साहित्यलाई योगदान पुऱ्याएको अनुभूति हुन्छ तर नाटक विधाका रचना प्रकाशन गरेर यस्तो योगदान गरेको भने देखिँदैन । जे होस् **चुँदी रम्घा** नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मस्थलबाट प्रकाशित भएर उनको योगदानको उचित कदर गर्दै विभिन्न साहित्यिक विधाका रचनाहरू प्रकाशित गरेर नेपाली साहित्यको श्रीवृद्धिमा थप योगदान दिएको छ ।

**घ) समालोचनात्मक योगदानः** भानु पुस्तकालयले नेपाली साहित्यका साथै समालोचनाका क्षेत्रमा दिगो योगदान पनि महत्त्वपूर्ण मान्नु पर्दछ । पुस्तकालयको मुखपत्र **चुँदी रम्घा** मार्फत यस संस्थाले विभिन्न साहित्यकार तथा तिनका कृतिहरूको बारेमा यथेष्ट समीक्षण गरी प्रस्तुत गरेको देखिन्छ । यी पत्रिकाहरूमा प्रकाशित समालोचकीय लेखहरू २ वटा मात्र देखा पर्दछन । जयराज आचार्यद्वारा प्रस्तुत 'बिश्वेश्वरप्रसाद कोइरालाको जीवनको एकपक्ष'साहित्यिक व्यक्तित्त्वमा मूल रूपमा केन्द्रित भएर उनका अन्य सामाजिक व्यक्तित्त्व राजनीतिक व्यक्तित्त्व आदिलाई समेत झल्काइएको छ । कोइराला नेपालको साहित्यिक इतिहासका साथै राजनितिक इतिहासका पनि मूर्धन्य व्यक्तित्व भएकाले उनको उपस्थिति महत्त्वपूर्ण थियो भन्ने जस्ता कुराहरू झल्काउँदै साहित्यिक पक्षमा अत्यन्त मिहनेत र अथक साधना गरेका कोइरालाले संस्कृत, नेपाली, हिन्दी, बङ्गाली, रुसी, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, अमेरीकन आदि भाषाका साहित्यहरू अध्ययन गरेको कुरा स्पष्ट्याइएको छ ।

त्यस्तै अर्का समालोचक नरहरि आचार्यको विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा उपन्यासः सम्झौतावादी जीवन पद्यतिको कामना' देखापर्दछ । यसमा आचार्यले विश्वेश्वरप्रसाद कोइरालाको दृष्टिकोण सुम्निमा उपन्यासले प्रस्तुत गरेको छ भन्दै यसमा जीवनलाई सम्झौताद्वारा मात्र सफल रूपमा जिउन सकिने विचार छ भन्ने कुरा व्यक्त गरेका छन् । राजनीतिमा समाजवादी हुँ भन्ने कोइरालाको साहित्यमा राजनीतिको गन्ध छैन भन्दै उनको सुम्निमा उपन्यासमा युद्धलाई युद्धकै निम्ति वा लोकान्तरको अमरत्व प्राप्तिको साधनाको रूपमा ग्रहण नगरेर उपयोगितावादी दृष्टिकोणवाट हेर्ने काम भएको कुरा आचार्यले व्यक्त गरेका छन् । यी समालोचनाहरूबाट नेपाली समालोचनाका क्षेत्रमा केही थप उर्जा भने प्राप्त भएको मान्न सकिन्छ ।

## ५.४ निष्कर्ष

नेपाली साहित्यको विकास गर्ने विभिन्न साहित्यिक कृतिहरू प्रकाशन गर्ने तर्फ भानु पुस्तकालयको त्यतिधेरै सक्रियता नरहेता पनि आफ्नो मुखपत्रका रूपमा **चुँदी रम्घा**जस्तो साहित्यिक पत्रिका केही समय प्रकाशन गरेर यसले साहित्यिक योगदान भने दिएकै मान्नु पर्ने हुन्छ । आदिकवि भानुभक्तको जन्मस्थलमा स्थापित पुस्तकालयले मूल रूपमा भानुभक्तले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानलाई मध्यनजर गर्दै उनकै जन्मस्थललाई साहित्यिक एवम् रमणीय तीर्थस्थलका रूपमा स्थापित गर्न विभिन्न प्रयासहरू तर्फ बढी ध्यान आकर्षित गरेको देखिन्छ ।

# छैठौं परिच्छेद

## ६.१ निष्कर्ष

यस शोधपत्रमा **भानु पुस्तकालयले नेपाली भाषा-साहित्यमा पुऱ्याएको योगदान**लाई चर्चा गरिएको छ । जम्मा ६ परिच्छेदमा विभाजन गरिएको यस शोधपत्रको उद्देश्य नेपालको पुस्तकालयको इतिहास स्पष्ट्याउँदै भानु पुस्तकालयको स्थापना, विकास प्रक्रिया कार्यक्षेत्र पहिचान गर्नुका साथै सहयोगी संस्था र तिनका कार्य प्रष्ट पारी यस पुस्तकालयले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानलाई विवेचना गरिएको छ । अध्ययनको क्रममा पुस्तकालयीय पद्धति, स्थलगत भ्रमण, छलफल, अन्तर्वार्ता, अवलोकन आदि विधिको प्रयोग गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ जसमा एक शोध परिचयमा राख्नु पर्ने विषयहरू समावेश छन् । दोस्रो परिच्छेदमा नेपालमा पुस्तकालयको इतिहासलाई सम्भव हुँदासम्म समेटने प्रयास गरिएको छ भने विश्वमा पुस्तकालयको विकास कसरी भएको छ भन्ने बारेमा पनि सामान्य चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा भानु पुस्तकालय स्थापना र विकास प्रक्रिया समावेश छ जसमा मूलतः पुस्तकालय कसरी स्थापना गरियो र यसको हालसम्मको विकासक्रम कस्तो छ भन्ने विषयमा चर्चा गरिएको छ । चौथो परिच्छेदमा भानु पुस्तकालयका सहयोगी संस्थाहरूलाई समेटिएको छ जसमा कुन-कुन संस्थाहरूको सहयोगले भानु पुस्तकालयलाई यहाँसम्म ल्याइ पुऱ्याए भन्ने विषयका साथै यस पुस्तकालयले गरेका अन्य गतिविधिहरू जस्तै भानु स्मारक निर्माण, प्रतिमा स्थापना, भानुसंङ्ग्रहालय सञ्चालन आदिलाई सामान्य रूपमा चर्चा गरिएको छ । पाँचौ परिच्छेदमा नेपाली भाषा साहित्यमा भानु पुस्तकालयले पुऱ्याएको योगदान समावेश गरिएको छ जसमा भानु पुस्तकालयबाट प्रकाशन भएका कृतिहरूको चर्चाका साथै अन्य साहित्यिक योगदानलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । छैठौं परिच्छेदमा शोधपत्रको निष्कर्ष समावेश गरिएको छ ।

पुस्तकालय पुस्तकहरूको घर हो, ज्ञानको भण्डार हो । यसलाई ज्ञान विज्ञानको सञ्चित राशी, ज्ञान प्रसारको माध्यम पनि भनिन्छ । यसले अभिलेख र इतिहासका साथै प्राचीन हस्तलिखित ग्रन्थहरूको सुरक्षा गरी कला र संस्कृतिको जगेर्ना गर्ने काम गर्दछ । विश्वमा पुस्तकालयको स्थापना र विकासको इतिहास माटाको खबटे सङ्ग्रहबाट प्रारम्भ भई आधुनिक विद्युतीय पुस्तकालयसम्म आई पुगेको छ । नेपालमा पुस्तकालयको इतिहास त्यति

पुरानो छैन । नेपालको इतिहासमा स्वर्णयुगले परिचित लिच्छविकालदेखि पुस्तकालयका प्रारम्भिक सङ्केतहरू देख्न सकिन्छ । नेपाल एकीकरण पश्चात् शाह राजाहरूले पुस्तक सङ्ग्रह गर्ने काम प्रारम्भ गरेका थिए र यो क्रम राणाकालमा पनि सुस्त गतिमा अघि बढ्दै आएको थियो  तर त्यस समयमा सार्वजनिक पुस्तकालय स्थापना गर्ने कार्यलाई भने निरुत्साहित गरिएको थियो । वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपछिको खुल्ला वातावरणमा देशको सहर, गाउँ, टोल टोलका साथै कुना काप्चा ग्रामीण भेकका समेत शिक्षा जागरण र चेतना दिनका लागि व्यक्तिगत सरकारी, राष्ट्रिय, शैक्षणिक, डिजिटल ( विद्युतीय माध्यमका) बाल, सार्वजनिक, विशेष, घुम्ती आदि जस्ता पुस्तकालयहरू स्थापना भएका छन् ।

आदिकवि भानुभक्तको जन्मस्थल चुँदी रम्घामा स्थानीय शिक्षाप्रेमीहरूको सक्रियतामा वि.सं. २००८ मा भानु पुस्तकालयको स्थापना भयो । घर घरबाट पुस्तकहरू उठाएर जनचेतनाको विस्तार गर्ने दृढ सङ्कल्पका साथ रम्घाको गाउँमा व्यक्तिको निजी घरबाट जन्मेको यस पुस्तकालयले लामो समयपछि रम्घा बेँसीमा निर्मित भानु स्मृति भवनमा सञ्चालन हुने अवसर प्राप्त गऱ्यो ।

भानु पुस्तकालयको विकास र विस्तारका लागि काठमाडौंमा वि.सं.२००८ मा भानु पुस्तकालय सहयोग समिति गठन भयो । यो समिति वि.सं.२०११ मा भानु पुस्तकालय सहायक समिति, वि.स. २०२६ मा भानु सेवा समिति हुँदै वि.सं.२०५९ मा भानु प्रतिष्ठानमा परिणत भयो । यो समितिले राजधानीमा रहेर भानु पुस्तकालयको श्रीवृद्धिका लागि उल्लेखनीय सहयोग पुऱ्याउँदै आएको छ । भानु पुस्तकालयको स्थापनापछि रम्घालीहरूले पुस्तकालयकै एक अङ्गका रूपमा भानु नाटक समिति स्थापना गरी नाटक प्रदर्शन गर्ने परम्परा थालेको छन् । पुस्तकालय समितिको सक्रियतामा रम्घाको डाँडामा भानु स्मारक निर्माण गरी भानु प्रतिमा स्थापना भयो । भानु सङ्ग्रहालय पनि स्थापना भयो । पछिल्लो समयमा आएर भानुभक्तको योगदानलाई सम्मान गर्दै उनको जन्मस्थललाई साहित्यिक तीर्थस्थल बनाउनुका साथै पुस्तकालयको दैनिक कार्य सञ्चालनमा भानु जन्मस्थल विकास समितिले सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाली साहित्यको विकास गर्ने कार्यमा पुस्तकालय सक्रिय रही मुखपत्रका रूपमा **चुँदी रम्घा**जस्तो  साहित्यिक पत्रिका केही समय प्रकाशन गरेर यसले साहित्यिक योगदान दिएको छ । नेपाली साहित्यका विधाहरू कविता, कथा र निबन्धका साथै समालोचनात्मक

लेखहरू प्रकाशन गरेको यस पुस्तकालयले नेपाली भाषाका सर्जक आदिकवि भानुभक्तका विषयमा विभिन्न कार्यहरू गर्दै मूलतः उनीसँग सम्बन्धित लेख रचनाहरूलाई प्रकाशन गरेर नेपाली साहित्यको क्षेत्रमा थप योगदान दिएको छ । पुस्तकालय स्थापना पछि आदिकवि भानुभक्तको स्मरणमा जन्म जयन्ती मनाउने परम्परा स्थापित भएको छ । जन्म जयन्तीका अवसरमा विभिन्न क्षेत्रका भाषा तथा साहित्यसँग सम्बन्धित व्यक्तित्वहरूलाई चुँदी रम्घामा आमन्त्रण गरी साहित्य सम्मेलनको आयोजना गर्ने साहित्यसँग सम्बन्धित विभिन्न खालका प्रतियोगिताहरू गराउने कार्य भाषा तथा साहित्यिक दृष्टिले महत्त्वपूर्ण कार्यका रूपमा देखा पर्दछन् । पुस्तकालयको यस कार्यले पनि नेपाली भाषा-साहित्यमा थप योगदान पुऱ्याएको मान्नु पर्दछ ।

त्यसैगरी भानु पुस्तकालयको स्थापना भएपछि नेपाली साहित्यको एक विधा नाटकको प्रदर्शन गर्ने परम्पराको थालनी भएको थियो । सुरुका दिनमा विभिन्न नाटककारका नाटकहरू प्रदर्शन गरिएको र विस्तारै नाटकप्रतिको आकर्षण वढदै जाँदा स्थानीय नाटककारहरूले रचना गरेका नाटकहरू प्रदर्शन गर्न थालियो । यस सत् कार्यले एकातिर नाटक विधामा महत्त्वपूर्ण योगदान पुऱ्यायो भने अर्कोतर्फ रम्घालीहरूको चेतनाको स्तर उठाउने काम गऱ्यो । रम्घा गाउँमा गरिएको नाटक प्रदर्शनको कार्यबाट प्रेरणा र हौसला प्राप्त गरेर स्थानीय प्रतिभामा नाटकप्रतिको आकर्षण बढी नाटक लेख्ने र मञ्चन गर्ने कार्यमा साहित्यकारहरूले थप योगदान दिएका छन् ।

निचोडमा नेपालको राजनैतिक अवस्था तथा नेपाली समाजको शैक्षिक अवस्था आदिलाई दृष्टिगत गर्दा वि.सं. २००८ मा भानु पुस्तकालयको स्थापना भानुभक्तको जन्मस्थलमा हुनु महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ तर नेपाली साहित्यको प्राथमिककालका केन्द्रीय प्रतिभा आदिकवि भानुभक्तको जन्मस्थलमा पुस्तकालय वि.सं.२००८ मा स्थापना हुनु त्यति छिटो शैक्षिक जागरण आएको भन्न मिल्दैन भने रम्घालीहरूले घर-घरबाट पुस्तकहरू उठाइ निजी धन्सारबाट सुरु गरेको पुस्तकालय स्थापना गर्ने कार्यलाई कम मान्न सकिदैन । पुस्तकालयले त्यस क्षेत्रको शैक्षिक उन्नयनका लागि र नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान प्रशंसनिय छ । तर पुस्तकालयको विकासक्रम, उपलब्ध पुस्तक, पत्रपत्रिका, नियमित प्रकाशन, भौतिक पूर्वाधार, पुस्तकालयमा आम जनताको सहभागिता, सरकारको लगानी तथा चासो आदिको मात्रा हेर्दा त्यति सन्तोषजनक भने मान्न सकिदैन ।

हाल सम्मका प्रयास र उपलब्धिलाई महत्त्वपूर्ण रूपमा स्वीकार गर्दै चुँदी रम्घाबाट देश विदेशमा पुगेका प्रतिभाहरूको ध्यान त्यस  पुस्तकालय तर्फ खिच्न सकेको खण्डमा मात्र पनि पुस्तकालयले काँचुली फेर्न सक्ने देखिन्छ। भानु पुस्तकालयको अध्ययनबाट यसले गर्नु पर्ने कार्यहरूलाई यसप्रकार देखाउन सकिन्छ :

- पुस्तकालयका सदस्य संख्याहरू बढाउने,
- स्थापनाकालदेखिका सूचनाहरू व्यवस्थित गर्ने,
- पुस्तक संख्या बढाउने, पुस्तकालयको आफ्नै भवन बनाउने,
- कर्मचारीको अलग्गै व्यवस्था गर्ने,
- नियमित रूपमा राष्ट्रिय तथा स्थानीय स्तरका पत्रपत्रिकाहरू उपलब्ध गराउने,
- थप फर्निचरको  व्यवस्था गर्ने,
- थप आय स्रोतहरू पहिचान र परिचालन गर्ने,
- पुस्तकालयलाई राष्ट्रिय स्तर  प्रदान गरी भाषा, साहित्यका जुनसुकै विद्यार्थीहरूलाई उपयुक्त हुने प्रथम छनौटको पुस्तकालय बनाउने आदि।

## ६.२ भानु पुस्तकालयको विकासको लागि सिफारिसहरू

- भानु पुस्तकालयमा उपलब्ध पुस्तकहरूको सूचीकरण र वर्गीकरण गर्ने।

  यसबाट पुस्तकहरूको वैज्ञानिक व्यवस्थापन गर्न सघाउन पुगी पुस्तकालयमा के छ भन्ने जानकारी प्राप्त गर्न सहयोग हुनेछ।

- पुस्तकहरू Accession resister मा दर्ता गर्ने।
- पुस्तकालयको वेबसाइट बनाउने।

  सञ्चालक समिति वेबडिजाइनर र लाइब्रेरीमा काम गर्ने कर्मचारी समेत मिलेर बनाउने।

- सम्बन्धित विषयमा अध्ययन वा तालिम लिएको व्यक्तिलाई व्यवस्थापन गर्न जिम्मा लगाउने।

- पुस्तकालयमा इन्टरनेटको व्यवस्था गरी पुस्तकालयको बारेमा जानकारी दिने ।
- पुस्तकालयमा विद्यार्थी, कृषक, व्यापारी, सर्वसाधारणको लागि उपयुक्त पुस्तकको विकास गर्ने ।
- सञ्चालक समितिले राजधानीका पुस्तकालयको अध्ययन भ्रमण गरी व्यवस्थापन सम्बन्धित जानकारी लिने ।

# सन्दर्भ ग्रन्थसूची


१. अधिकारी, इन्द्रप्रसाद, **पुस्तकालय तथा स्रोत केन्द्रः व्यवस्थापन एवम् सञ्चालन,** काठमाडौंः पुस्तकालय तथा स्रोत केन्द्र २०६५।

२. गौतम, राजेश, **राणाकालीन नेपालको एक झलक** (प्रशासनिक, सामाजिक तथा शैक्षिक इतिहास)।

३. पोखरेल, बालकृष्ण र अरू (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०४०।

४. पंगेनी, भवेश्वर, **पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सयदिन** पाल्पाः श्रीमती नीमा पंगेनी, २०४९)।

५. बन्धु, चूडामणि (सम्पादक), **नेपालमा पुस्तकालयको इतिहास**, काठमाडौंः नेपाली बाल विश्वकोष, बाल साहित्य समाज,२०६० ।

६. मानन्धर, कृष्णमान, **पुस्तकालय विज्ञान एक परिचय**, काठमाडौंः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र,२०३८।

७. मिश्र, डिल्लीराम, **नेपाल अधिराज्यमा तनहुँ**, २०४५।

८. मिश्र, नारायणप्रसाद/मिश्र, शान्ति, **पुस्तकालय विज्ञानको रूपरेखा**, काठमाडौंः २०३८।

९. शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, २००८, पौष ।

# शोधपत्र


१. अधिकारी, गोविन्दप्रसाद, **नेपाली साहित्यमा तनहुँ जिल्लाको योगदान**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०३८।

२. घिमिरे, नेत्रप्रसाद, **नेपाली भाषा र साहित्यमा मदन पुरस्कार गुठीको योगदान**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०६१।

३. पन्थी, कविता, **किरण पुस्तकालयको भाषिक योगदान**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०६४ ।

# पत्रिकासूची


१. **केशर पुस्तकालय, शत वार्षिक महोत्सव स्मारिका**, काठमाडौंः केशर महल, २०६५।

२. **चुँदी रम्घा**ः चुँदी रम्घाः भानु पुस्तकालय, वर्ष-२,अङ्क-२,२०३९ ।

३. **चुँदी रम्घा**ः चुँदी रम्घाः भानु पुस्तकालय, वर्ष -३ अङ्क-३, २०४० ।

४. **चुँदी रम्घा**ः चुँदी रम्घाः भानु पुस्तकालय, वर्ष-४, अङ्क-४,२०४१ ।

५. **चुँदी रम्घा**ः चुँदी रम्घाः भानु पुस्तकालय, वर्ष-५, अङ्क-५,२०४२ ।

६. **मोतीः** फलेबास पर्वतः मोती पुस्तकालय, सामयिक सङ्कलन, २०६० ।

७. **भानुभक्तका लघुकृतिहरू**ः काठमाडौंः भानु पुस्तकालय सहायक समिति, २०२३ ।

८. **भानु दर्शन**ः काठमाडौंः भानु सेवा समिति, २०३१ आषाढ २९।

९. **भानु दर्शन**ः काठमाडौंः भानु सेवा समिति , २०३१ विजयदशमी ।

१०. **भानु दर्शन**ः काठमाडौंः भानु सेवा समिति, पुर्णाङ्क - ५, २०३३ माघ ।

११. **भानु जन्म स्थल विकास समिति स्मारिका**ः चुँदी रम्घाः भानु जन्म स्थल विकास समिति, २०६० ।

१२. **भानु दर्शन**ः काठमाडौंः भानु प्रतिष्ठान, वर्ष-३२, अङ्क-१, पूर्णाङ्क- ७,२०६२ ।

१३. **भानु स्मारिका**ः चुँदी रम्घाः भानु जन्म स्थल विकास समिति चुँदी रम्घा २०६४ ।

१४. **तनहुँ सन्देश**ः काठमाडौंः तनहुँ विद्यार्थी समाज, त्रि. वि. कीर्तिपुर, २०६६ ।

१५. **शिक्षा तथा खेलकुद मन्त्रालय (एक झलक)ः** काठमाडौंः श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय योजना महाशाखा, केशर महल, २०५७ ।

# परिशिष्ट

क) भानु पुस्तकालयको २०१५ को दर्ता प्रमाण पत्र

ख) भानु पुस्तकालय र भानु जन्मस्थलको सहमति पत्र

ग) भानु पुस्तकालयको नयाँ विधान

घ) भानु स्मृति सङ्ग्रहालय स्थापना र सञ्चालन समझौता पत्र